


याङवरक गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

थर्पु, पाँचथर

मध्यमकालीन खर्च संरचना (आ.व. २०७९/८०-२०८१/०८२)

# मध्यमकालीन खर्च संरचना

(आ.व. २०७९/८०-२०८१/०८२)

# Medium Term Expenditure Framework

(Fiscal Year: 2079/080 - 2081/082)




याङवरक गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

थर्पु, पाँचथर

# मध्यमकालीन खर्च संरचना

## (आ.व. २०७९/०८०-२०८१/०८२)

**याङवरक गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**थर्पु, पाँचथर**

# मन्तब्य



संविधान तथा प्रचलित कानून बमोजिम स्थानीय तहहरुमा निहित हुन पुगेका विकास निर्माणका कामहरुका साथै सेवा प्रवाहका लागि जुटाउनु पर्ने वित्तीय स्रोतको क्षेत्र र दायरा पनि सोही अनुसार विस्तारित भएको छ । हरेक स्थानीय तहहरुले आफ्नो वित्तीय व्यवस्थापन स्वयमले गर्ने क्रममा कतिपय चुनौतीहरु पनि आउन सक्छन् । यसका लागि सुस्पष्ट योजना खाका र सोही अनुसारको वित्तीय प्रबन्ध मिलाउन आवश्यक छ ।

बिभिन्न तहको सरकारको आवधिक योजना र वार्षिक नीति, कार्यक्रम तथा बजेट सँग तालमेल मिलाई हरेक योजनाले राखेका लक्ष्य र उद्देश्यहरु पुरा गर्नको लागि मध्यमकालीन खर्च संरचनाले महत्वपूर्ण भूमिका खेल्दछ । आवधिक योजना र बार्षिक बजेट बीच तालमेल नहुँदा सरकारले गर्ने योजना तथा विकासमा चुनौतीहरु थपिरहने, आयोजना कार्यान्वयन र प्रतिफल नतिजामुखि नदेखिने हुदा नेपालको संविधान, अन्तर सरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ दफा (१७), आर्थिक कार्यविधि र वित्तीय उत्तरदायित्व ऐन, २०७६, आर्थिक कार्यविधि र वित्तीय उत्तरदायित्व नियमावली, २०७७ जस्ता कानूनमा संघ, प्रदेश र स्थानीय सरकारले मध्यमकालीन खर्च संरचना बनाउनु पर्ने अनिवार्य व्यवस्था गरेको छ ।
याङवरक गाउँपालिकाले कार्यभार शुरु गरेको पाँच वर्ष पुरा गरी छ वर्षमा प्रवेश गर्दै गर्दा ढिलै भएपनि आ.ब. २०७९/०८० बाट लागु गर्ने गरी बनाइएको यस मध्यमकालिन खर्च संरचना (Medium Term Expenditure Framework) ले पक्कै पनि याङवरक गाउँपालिकाको योजनावद्ध विकासमा र नेपाल सरकार र प्रदेश सरकारले परिलक्षित गरेका सोच तथा लक्ष्य प्राप्तिका लागि मद्दत पुग्ने अपेक्षा गरिएको छ ।
अन्त्यमा मध्यमकालीन खर्च संरचना तयार गर्नका लागि महत्वपूर्ण समय प्रदान गर्नुहुने यस गाउँपालिकाको उपाध्यक्ष श्री बाबा मेन्याङ्बो ज्यू, प्रमुख प्रशासकीय अधिकृत श्री सुमन लिङदेन (लिम्बु) ज्यू प्रति हार्दिक आभार प्रकट गर्दछु । यस सिलसिलामा सहयोग पुर्याउनु हुने विषयगत शाखाका सम्पूर्ण शाखा प्रमुख तथा कर्मचारीज्यूहरु, विषयगत समितिका पदाधिकारी ज्यूहरु, कार्यपालिकाका सदस्य ज्यूहरु, गाउँसभा सदस्य ज्यूहरुहरु सबैमा धन्यवाद व्यक्त गर्दछु ।

भीम बहादुर योङ्या (सुवास)
अध्यक्ष

याङवरक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

थर्पु,पाँचथर
प्रदेश नं. १, नेपाल

## मन्तब्य



नेपाल सरकार र प्रदेश सरकारको दिर्घकालीन नीति र आवधिक योजना तथा याङवरक गाउँपालिकाको प्रथम पञ्च बर्षिय आवधिक योजनाले परिलक्षित गरेका लक्ष्य, उद्देश्य प्राप्त गर्न, आवधिक योजना र वार्षिक बजेटको तालमेल मिलाइ प्राथमिकतामा परेका कार्यक्रमहरुको बजेटको सुनुश्चितता दिदै समग्र विकासको लक्ष्य प्राप्तिमा मध्यमकालीन खर्च संरचनाको महत्वपूर्ण भूमिका रहने अपेक्षा अपेक्षा गरिएको छ ।

वित्तीय जोखिम न्युनिकरणका लागि तथा कार्यक्रमको औचित्यता, आवश्यकता, माग, उपलब्ध स्रोत र क्षमताको आधारमा खर्च गर्ने प्रवृत्तिको विकासका लागि वित्तीय अवस्थाको यथार्थपरक अध्ययन र विश्लेषण गरी मध्यमकालिन कर्च संरचना तयार गर्नु आवश्यक र लाभदायक हुन्छ ।
मध्यमकालीन खर्च संरचना क्षेत्रगत खर्च तथा स्रोतको त्रिबर्षीय बजेटको अनुमान तथा प्रक्षेपण गर्न तयार पारिएको हो । विभिन्न विषयगत शाखा लगायत याङवरक गाउँपालिकाको आवधिक योजनालाई आधार मानी यसलाई यथार्थपरक बनाउने प्रयास गरिएको छ ।
यस कार्यमा अनवरत रुपमा खटिनु हुने गाउँपालिका अध्यक्ष ज्यू, प्रमखु प्रशासकीय अधिकृत ज्यू, लगायत कार्यपालिकाका सदस्य ज्यूहरु तथा अन्य कर्मचरी साथीहहुमा विशेष आभार व्यक्त गर्दछु । मध्यमकालिन खर्च संरचनाको आधारमा अबको विकासले गति लिनेमा पनि आफु विश्वस्त रहेको छु ।

बाबा मेन्याङ्बो
उपाध्क्ष

# मेरो भनाई



मध्यमकालिन खर्च संरचना (Medium Term Expenditure Framework- MTEF) सार्वजनिक वित्त व्यवस्थापनको एउटा महत्वपूर्ण औजार हो । यसले उपलव्ध स्रोत साधनको आँकलन गर्ने र त्यसलाई योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिका लागि बाँडफाँड गर्छ । स्रोत साधनको विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन कायम गरी सार्वजनिक स्रोतको प्रभावकारी व्यवस्थापनमा सहयोग गर्दछ ।

बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ वनाउदै आगामी दिनमा पर्ने दायित्वको पूर्वानुमान तथा स्रोतको सुनिश्चितता गर्छ ।

मध्यमकालीन खर्च संरचना आवधिक योजना र वार्षिक योजनाको बीचमा तालमेल गराउने प्रमुख साधन हो । वार्षिक बजेट तर्जुमा गर्दा अगामी ३ वर्षको खर्च प्रक्षेपण गरी त्रिवर्षीय बजेट र आयोजनाहरुको छनौट एवम् प्रक्षेपण गर्ने कार्य यसमा पर्दछ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा (१७) मा संघ, प्रदेश र स्थानीय तहले वार्षिक बजेट तर्जुमा गर्दा मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने बाध्यकारी प्रावधान रहेको छ ।

याङवरक गाउँपालिकाले उक्त प्रावधान अनुरुप आगामी तीन वर्षको खर्च संरचना र आयोजनाहरुको छनौट गरी प्रथमिकीकरण समेत गरी यो संरचना तयार गरेको छ ।
गाउँपालिकाको पञ्च बर्षीय आवधिक योजना, प्रदेशको आवधिक योजना, नेपाल सरकारको पन्ध्रौं योजना समेतलाई आधारमानी यो मध्यमकालिन खर्च संरचना तयार गरिएको हो । आगामी तीन वर्षमा गाउँपालिकाले सबै विषयगत क्षेत्रहरुमा लिएका उद्देश्य, चुनौती, अवसर, प्रमखु रणनीति र प्रमुख आयोजना/कार्यक्रम तथा ती आयोजनाहरुमा बजेटको व्यवस्था समेत उल्लेख गरी त्रिवर्षीय खाका तयार गरिएको छ ।
यस गाउँपालिकाकाको सम्पुर्ण जनप्रतिनिधि तथा कर्मचारी ज्यू हरुको प्रत्यक्ष संलग्नतामा मध्यमकालीन खर्च संरचना तयार गर्न सहभागी हुने अवसर प्रदान गर्नु भएकोमा यस गाउँपालिकाका अध्यक्ष ज्यू, उपाध्यक्ष ज्यू, वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु लगायत सबै जनप्रतिनिधि ज्यूहरुमा हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु । तथ्याङ्क संकलन विश्लेषण लगायतका कार्यमा सहयोग गर्नु हुने कर्मचारी साथीहरु, टाइपिङमा सघाउने कर्मचारी साथीहरुमा समेत धन्यवाद प्रकट गर्दै मध्यमकालीन खर्च संरचना पूर्ण रुपमा कार्यन्वयन भई सफलता हासिल हुने विश्वास प्रकट गर्दछु ।

सुमन लिङदेन (लिम्बु)
प्रमुख प्रशासकीय अधिकृत

# विषयसूची


परिच्छेद-१ : परिचय ........ १

१.१ पृष्ठभुमी ........ १

१.२ अवधारणा तथा उद्देश्य ........ २

१.२.१ अवधारणा ........ २

१.२.२ उद्देश्य ........ २

१.३ संस्थागत व्यवस्था ........ ३

१.४ तर्जुमा प्रकृया ........ ५

*१.४.१ चालु आवधिक योजना र वार्षिक विकास कार्यक्रमको समीक्षा* ........ ५

*१.४.२ त्रिवर्षीय खर्चको प्रक्षेपणसहित बजेटको आकार र स्रोत आकलन* ........ ५

*१.४.३ बजेट सीमा निर्धारण तथा बाँडफाँट* ........ ६

*१.४.४ बजेट सीमा र मार्गदर्शन स्वीकृति तथा सम्प्रेषण* ........ ६

*१.४.५ विषय उपक्षेत्रगत मध्यमकालीन खर्च संरचनाको प्रारम्भिक मस्यौदा तयारी* ........ ७

*१.४.६ विषयगत समितिमा मध्यमकालीन खर्च संरचनाको मस्यौदामाथि छलफल* ........ ८

१.४.७ मध्यमकालीन खर्च संरचनाको अन्तिम मस्यौदा तयारी ........ ८

*१.४.८ मध्यमकालीन खर्च संरचनाको स्वीकृति* ........ ९

परिच्छेद-२: मध्यमकालिन खर्च संरचना ........ १०

२.१ पृष्ठभूमी ........ १०

२.२ सोच, लक्ष्य, उद्देश्य, रणनीति ........ १०

२.२.१ सोचः ........ १०

२.२.२ लक्ष्य ........ १०

२.२.३ परिमाणात्मक लक्ष ........ १०

२.२.४ उद्धेश्य ........ १२

२.२.५ याङवरक गाउँपालिकाको विकास रणनीति ........ १२

२.३ मध्यमकालिन आर्थिक खाका ........ १५

२.४ मध्यमकालिन नतिजा खाका ........ १५

२.५ मध्यमकालिन बजेट खाका ........ १६

२.६ बजेट बिनियोजन र प्रक्षेपणको बाँडफाँड ........ २१

२.६.१ रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण ........ २१

२.६.२ प्राथमिकताको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण ........ २१

२.६.३ दिगो विकास लक्षको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण ........ २२

२.६.४ लैङ्गिक सङ्केतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण ........ २२

२.६.५ जलवायु सङ्केतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण ........ २३

२.६.६ स्थानीय गौरवका आयोजनाको तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण ........ २४

२.६.७ विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण ........ २५

परिच्छेद-३: आर्थिक क्षेत्र ........ २७

३.१ पृष्ठभुमी ........ २७

३.२ विद्यमान अवस्था, संभावना तथा अवसर ........ २७

३.३ समस्या र चूनौति ........ २८

३.४ आवधिक योजना अनुसार विषय क्षेत्र लक्ष्य, उद्देश्य र रणनीति ........ २८

३.४.१ लक्ष्य ........ २८

३.४.२ उद्देश्य ..... २८
३.४.३ रणनीति ..... २९
३.५ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य ..... २९
३.६ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ..... ३०
३.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ..... ३१
३.८ जोखिम पक्ष तथा अनुमान ..... ३३
परिच्छेद-४: सामाजिक क्षेत्र ..... ३४
४.१ शिक्षा ..... ३४
४.१.१ पृष्ठभूमि ..... ३४
४.१.२ समस्या तथा चुनौति ..... ३४
४.१.३ लक्ष्य ..... ३४
४.१.४ रणनीति ..... ३४
४.१.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य ..... ३५
४.१.६ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ..... ३५
४.१.७ कार्यक्रम योजनाको संक्षिप्त विवरणको ढाँचा ..... ३६
४.१.८ जोखिम पक्ष अनुमान ..... ३६
४.२ स्वास्थ्य तथा पोषण ..... ३७
४.२.१ पृष्ठभूमि ..... ३७
४.२.२ समस्या तथा चुनौति ..... ३७
४.२.३ लक्ष्य ..... ३७
४.२.४ रणनीति ..... ३७
४.२.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य ..... ३७
४.२.६ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ..... ३८
४.२.७ कार्यक्रम योजनाको संक्षिप्त विवरणको ढाँचा ..... ३८
४.२.७ जोखिम पक्ष अनुमान ..... ३९
४.३ महिला तथा बालबालिका तथा सामाजिक समावेशिकरण ..... ३९
४.३.१ पृष्ठभूमि ..... ३९
४.३.२ समस्या तथा चुनौति ..... ३९
४.३.३ लक्ष्य ..... ४०
४.३.४ रणनीति ..... ४०
४.३.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य ..... ४०
४.३.६ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ..... ४०
४.३.७ कार्यक्रम योजनाको संक्षिप्त विवरणको ढाँचा ..... ४०
४.३.८ जोखिम पक्ष तथा अनुमान ..... ४१
४.४ युवा तथा खेलकुद ..... ४१
४.४.१ पृष्ठभूमि ..... ४१
४.४.२ समस्या तथा चुनौति ..... ४१
४.४.३ लक्ष्य ..... ४२
४.४.४ रणनीति ..... ४२
४.४.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य ..... ४२
४.४.६ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ..... ४२

४.४.७ कार्यक्रम योजनाको संक्षिप्त विवरणको ढाँचा ........ ४२
४.५ खानेपानी तथा सरसफाई ........ ४३
४.५.१ पृष्ठभूमि ........ ४३
४.५.२ समस्या तथा चुनौति ........ ४३
४.५.३ लक्ष्य ........ ४३
४.५.४ रणनीति ........ ४३
४.५.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य ........ ४३
४.५.६ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ४३
४.५.७ कार्यक्रम योजनाको संक्षिप्त विवरणको ढाँचा ........ ४४
४.५.८ जोखिम पक्ष र अनुमान ........ ४४
परिच्छेद-५ पूर्वाधार क्षेत्र ........ ४५
५.१ भवन ........ ४५
५.१.१ पृष्ठभूमी ........ ४५
५.१.२ समस्या तथा चुनौती ........ ४५
५.१.३ लक्ष्य ........ ४५
५.१.४ रणनिति ........ ४५
५.१.५ विषय उपक्षेत्रगत नतिजा सूचक ........ ४६
५.१.६ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ४६
५.१.७ कार्यक्रम योजनाको संक्षिप्त विवरणको ढाँचा ........ ४७
५.१.८ जोखिम पक्ष र अनुमान ........ ४७
५.२ सडक ........ ४७
५.२.१ पृष्ठभूमी ........ ४७
५.२.२ समस्या तथा चुनौती ........ ४८
५.२.३ लक्ष्य ........ ४८
५.२.४ रणनिति ........ ४८
५.२.५ विषय उपक्षेत्रगत नतिजा सूचक ........ ४८
५.२.६ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ४९
५.२.७ कार्यक्रम योजनाको संक्षिप्त विवरणको ढाँचा ........ ४९
५.२.८ जोखिम पक्ष र अनुमान ........ ४९
५.३ सिचाई ........ ५०
५.३.१ पृष्ठभूमी ........ ५०
५.३.२ समस्या तथा चुनौती ........ ५०
५.३.३ लक्ष्य ........ ५०
५.३.४ रणनिति ........ ५०
५.३.५ विषय उपक्षेत्रगत नतिजा सूचक ........ ५०
५.३.६ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ५१
५.३.७ कार्यक्रम योजनाको संक्षिप्त विवरणको ढाँचा ........ ५१
५.३.८ जोखिम पक्ष र अनुमान ........ ५१
५.४ अन्य पूर्वाधार ........ ५१
५.४.१ पृष्ठभूमी ........ ५१
५.४.२ समस्या तथा चुनौती ........ ५२

५.४.३ लक्ष्य ......... ५२
५.४.४ रणनिति ......... ५२
५.४.५ विषय उपक्षेत्रगत नतिजा सूचक ......... ५२
५.४.६ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ......... ५२
५.४.७ कार्यक्रम योजनाको संक्षिप्त विवरणको ढाँचा ......... ५३
५.४.८ जोखिम पक्ष र अनुमान ......... ५३
परिच्छेद-६: वन, वातावरण तथा विपद् व्यवस्थापन ......... ५४
६.१ पृष्ठभुमि ......... ५४
६.२ समस्या तथा चुनौती ......... ५४
६.३ लक्ष्य ......... ५४
६.४ रणनिति ......... ५४
६.५ बिषय क्षेत्रगत नतिजा सूचक र लक्ष ......... ५४
६.६ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ......... ५५
६.७ कार्यक्रम योजनाको संक्षिप्त विवरणको ढाँचा ......... ५५
६.८ जोखिम पक्ष र अनुमान ......... ५६
परिच्छेद-७: संस्थागत विकास तथा सेवा प्रवाह विकास ......... ५७
७.१ पृष्ठभूमी ......... ५७
७.२ समस्या र चूनौती ......... ५७
७.३ लक्ष्य तथा उद्देश्यहरु ......... ५७
७.४ रणनीति ......... ५७
७.५ विषय क्षेत्रगत नतिजा सूचक ......... ५७
७.६ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ......... ५८
७.७ कार्यक्रम योजनाको संक्षिप्त विवरणको ढाँचा ......... ५९
७.८ जोखिम पक्ष र अनुमान ......... ६०
अनुसुची-१ ......... ६१
मध्यमकालिन खर्च संरचना प्राविधिक समिति/कार्यदल ......... ६१
अनुसुची-२ ......... ६२
मध्यमकालिन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन ......... ६२
अनुसूची-३ ......... ८३
विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको वजेट तथा सांकेतिकीकरण र प्राथमिकीकरण ......... ८३

# याङवरक गाउँपालिकाको मध्यमकालिन खर्च संरचना-२०७९

**(आ.व. २०७९/८०-२०८१/८२)**

## परिच्छेद-१ : परिचय

### १.१ पृष्ठभुमी

नेपालको संविधानको प्रभावकारी कार्यान्वयन, संघीयताको सवलिकरण, नेपाल सरकारको नारा "समृद्ध नेपाल र सुखी नेपाली" को राष्ट्रिय लक्ष, नेपाल सरकारको पन्ध्रौं योजना र दीगो विकास लक्षहरु सम्बन्धि अन्तरराष्ट्रिय प्रविवद्वताहरु पुरा गर्नका लागि सार्वजनिक वित्तलाई प्रभावकारी रुपमा व्यवस्थापन गर्नु पर्ने हुन्छ । सार्वजनिक खर्चको मितव्ययी एवं प्रभावकारी व्यवस्थापन गर्ने प्रमुख औजारको रुपमा "मध्यमकालिन खर्च संरचना" लाई लिइएको छ।

वि.स. २०८७ सम्म नेपाललाई मध्यम आय भएको मुलुकमा रुपान्तरण गर्नु पर्ने तथा वि.स. २१०० सम्ममा समुन्नत मुलुकको रुपमा स्तरोन्नति गर्न गाउँपालिका स्तरबाट समेत महत्वपुर्ण भुमिका निर्वाह गर्नु पर्ने हुन्छ जस्को लागि सार्वजनिक खर्चको प्रभावकारी, मितव्ययी एवं पारदर्शी रुपले उपयोग गर्नु आवश्यक रहेको छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, बार्षिक, रणनीतिक बिषयक्षेत्रगत मध्यमकालीन तथा दीर्घकालिन योजना बनाई लागू गर्नुपर्ने व्यवस्था रहेको छ। त्यसैगरी अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १६ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्नुपर्ने व्यवस्था गरेको र दफा १७ मा यस्तो विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संचरना तयार गर्नुपर्ने व्यवस्था रहेको छ।

आवधिक योजनाले लिएका समष्टिगत तथा विषय क्षेत्रगत लक्ष्य र उद्देश्यहरू हासिल गर्न सार्वजनिक खर्च व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ। विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन जस्ता विषयहरू सार्वजनिक खर्च व्यवस्थापनका मुख्य अवयवहरू हुन्।

मध्ममकालीन खर्च संरचनाले आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच अन्तरसम्बन्ध कायम गरी सार्वजनिक खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउन सहयोग गर्दछ । यसले स्रोत व्यवस्थापन र अपेक्षित उपलब्धिको खाका समेत प्रस्तुत गर्दछ। नेपालमा आ.व. २०५९/०६० देखि अवलम्बन गरिएको मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य प्राथमिकताका आधारमा सार्वजनिक स्रोतको बाँडफाँट गरी खर्चको प्रभावकारिता बढाउनु हो। मध्यमकालीन खर्च संरचनाले स्थानीय तहमा विकास योजनाको लक्षित नतिजा हासिल गर्न स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले समेत स्थानीय तहले मध्यमकालीन खर्च संरचना तयार गरी कार्यान्वयन गर्न अनिवार्य रहेको हुँदा यो मध्यमकालिन खर्च संरचना निर्माण गरी लागु गरिएको छ।

## १.२ अवधारणा तथा उद्देश्य

### १.२.१ अवधारणा

सार्वजनिक वित्त व्यवस्थापनको औजारको रुपमा मध्यमकालीन खर्च संरचनाले सरकारसँग उपलब्ध सीमित स्रोत-साधनको वस्तुनिष्ठ आकंलन गर्ने र त्यसलाई योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट गर्ने गर्दछ । यस अन्तर्गत चालु आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक वजेट तथा कार्यक्रमको उपलब्धिको आधारमा उत्पादन, रोजगारी, आय र लगानी लगायतका परिसूचक समावेश गरी मध्यमकालीन आर्थिक खाका (Medium Term Fiscal Framework-MTTF) निर्धारण गरिन्छ । सङ्घ तथा प्रदेशबाट स्थानीय तहलाई विभिन्न शीर्षकमा प्राप्त हुने स्रोत, आन्तरिक आय, आन्तरिक ऋण तथा अन्य स्रोत समेत आंकलन गरी क्षेत्रगत प्राथमिकता अनुरुप विषयगत महाशाखा/शाखा र अन्तर्गतका निकायहरुसँग सम्बन्धि नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कार्यक्रम तथा आयोजनागत रुपमा खर्चको अनुमान सहितको मध्यमकालीन बजेट खाका (Medium Term Budgetary Framework-MTBF) तयार गरिन्छ । यो खाका तयार गर्दा बजेटको कार्यान्वयनबाट तीन वर्षमा प्राप्त हुने प्रतिफलको पनि अनुमान गरी मध्यमकालिन नतिजा खाका (Medium Term Result Framework-MTRF) तयार गरिन्छ ।

मध्यमकालीन खर्च संरचनामा पहिलो आर्थिक वर्षमा बजेटको वास्तविक स्रोत र खर्चको अनुमान हुन्छ भने त्यसपछिका दुई आर्थिक वर्षका लागि स्रोत र खर्चको प्रक्षेपण गरिन्छ । पहिलो वर्षको बजेट कार्यान्वयन भएपछि उपलब्धि समीक्षा गरी बाँकी दुई बर्षको प्रक्षेपित अनुमान परिमार्जन एवम् थप एक वर्षको बजेट प्रक्षेपण गरिन्छ । यसरी मध्यमकालीन खर्च संरचनामा चक्रीय हिसाबले प्रत्येक वर्ष तीन वर्षको बजेटको आंकलन गर्नुपर्ने हुन्छ । यसबाट मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन महत्वपुर्ण भूमिका खेल्दछ ।

### १.२.२ उद्देश्य

मध्यमकालिन खर्च संरचनाको मुख्य उद्देश्य उपलब्ध स्रोत साधनलाई नीति, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच तालमेल गराई सार्वजनिक खर्च प्रणालीमा वित्तीय अनुशासन कायम गर्नु हो । यसका अतिरिक्त मध्यमकालीन खर्च संरचनाका उद्देश्यहरु देहायबमोजिम रहेका छन्:

क. आवधिक योजना र बार्षिक योजनालाई बजेटसँग तादात्म्यता कायम गरी स्रोत-साधनको बिनियोजनलाई उपलब्धिमूलक बनाउनु,

ख. आयोजनाहरुको प्राथमिकीकरण गरी प्राथमिकता प्राप्त आयोजनाहरुको लागि स्रोतको सुनिश्चितता गर्नु,

ग. स्थानीय सरकारलाई प्राप्त हुने मध्यम अवधिको आन्तरिक र बाह्य स्रोतको वास्तविक अनुमान गरी बजेट खाका तर्जुमा गर्नु

घ. सार्वजनिक खर्चलाई बढी प्रभावकारी र कुशल बनाई लक्षित प्रतिफल सुनिश्चित गर्नु

ङ. बजेट अनुमानलाई यथार्थपरक बनाउनु

## १.३ संस्थागत व्यवस्था

मध्यमकालिन खर्च संरचना आवधिक योजना र वार्षिक बजेटबीच तादात्म्यता कायम गर्ने औजार भएकोले बार्षिक बजेट निर्माणमा यसको महत्वपूर्ण भूमिका रहन्छ। यसका लागि स्थानीय तहमा देहाय बमोजिमको संस्थागत ब्यबस्था रहेको हुन्छ।

### क) स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति

स्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्बन्धी कार्य स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिमको समितिले गर्नेछ। मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा यस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आगामी तीन वर्षको कुल स्रोत र खर्चको प्रक्षेपण गर्ने,

(ख) प्रक्षेपित कुल स्रोत र खर्चको आधारमा विषय क्षेत्र र उपक्षेत्रगत खर्चको सीमा निर्धारण गर्ने,

(ग) आयोजना तथा कार्यक्रम छनौट तथा प्राथमिकता निर्धारणका आधार तथा प्रक्रिया एवम् बजेट तथा कार्यक्रम तर्जुमा मार्गदर्शन तयार गर्ने,

(घ) बजेट सीमा तथा मार्गदर्शन स्वीकृतिका लागि कार्यपालिका समक्ष पेश गर्ने,

(ङ) मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी समग्र कार्यको निर्देशन गर्ने।

द्रष्टव्यः विषयक्षेत्रगत खर्चको सीमा निर्धारण गर्दा यस दिग्दर्शनमा उल्लेख भएबमोजिमका पाँचवटा विषय क्षेत्र र उपक्षेत्रको आधारमा चालु, पूँजीगत वित्तीय व्यवस्थामा वर्गीकरण गर्नुपर्नेछ। साथै प्रशासनिक खर्चलाई सुशासन तथा संस्थागत विकास विषयगत क्षेत्र तथा तत्सम्बन्धी उपक्षेत्र अन्तर्गत समावेश गर्नुपर्नेछ। बहुवर्षिय तथा स्रोत सुनिश्चित गर्नुपर्ने आयोजना/कार्यक्रमको हकमा कुल लागतलाई आधार मानी Earmark गर्नुपर्ने भए सो समेत गरी आयोजना तथा कार्यक्रमगत वा उपक्षेत्रगत रुपमा बजेट सीमा निर्धारण गर्नु पर्दछ।

### ख) मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल

स्थानीय तहमा मध्यमकालीन खर्च संरचना तयारीको लागि देहायबमोजिमको कार्यदल रहनेछ। सो कार्यदलले मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यमा समन्वय तथा सहजीकरण गर्ने एवम् विषय उपक्षेत्रगत रुपमा तयार मध्यमकालीन खर्च संरचनाको मस्यौदालाई विषयगत रूपमा एकीकृत गरी विषयगत समिति समक्ष पेश गर्नेछः

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) विभाग/महाशाखा/शाखा प्रमुखहरू - सदस्य

(ग) योजना विभाग/महाशाखा/शाखा/एकाइ प्रमुख - सदस्य सचिव

कार्यदलले आवश्यकताअनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

मध्यमकालीन खर्च संरचना बजेट तयारी गर्ने सन्दर्भमा कार्यदलले देहाय बमोजिमका कार्यहरू सम्पन्न गर्नुपर्नेछः

(क) त्रिवर्षीय खर्चको प्रक्षेपणसहित बजेटको आकार र स्रोतको आकलन गरी स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति समक्ष पेश गर्ने,

(ख) बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी मार्गदर्शनको मस्यौदा तयार गरी स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति समक्ष पेश गर्ने,

(ग) विषय उपक्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारीका लागि विषयगत महाशाखा/शाखा हरुसँग आवश्यक समन्वय गर्ने,

(घ) मध्यमकालीन खर्च संरचनाको विषय क्षेत्रगत मस्यौदा तयार गरी विषयगत समितिमा पेश गर्ने र छलफल प्रक्रियामा आवश्यक सहयोग गर्ने,

(ङ) समष्टिगत आर्थिक खाका, नतिजा खाका र बजेट खाका तयारी कार्यमा बजेट तथा कार्यक्रम तर्जुमा समितिलाई आवश्यक सहयोग गर्ने,

(च) मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी अन्य कार्यहरू गर्ने ।

## ग) विषयगत योजना तर्जुमा समिति

कार्यपालिकाबाट प्राप्त बजेट सीमा तथा मार्गदर्शनभित्र रही विषयगत महाशाखा/शाखाहरूबाट विषय उपक्षेत्रगत रुपमा तयार भई कार्यदल मार्फत पेश हुन आएको विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदामा संलग्न बजेट तथा कार्यक्रमलाई विषयगत रूपमा छलफल, विश्लेषण र पुनःप्राथमिकता निर्धारण गरी पेश गर्ने कार्य स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ को परिच्छेद ४ को दफा ४.६.४ मा उल्लेख भएबमोजिमका विषयगत समितिहरूले गर्नुपर्नेछ ।

मध्यमकालीन खर्च संरचना तर्जुमाको सन्दर्भमा विषयगत समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विषयगत रूपमा कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरणका निर्धारित आधार, प्रक्रिया एवम् प्राप्त बजेट सीमा र मार्गदर्शन अनुसार बजेट, कार्यक्रम तथा आयोजना प्रस्ताव भए नभएको यकिन गर्ने,

(ख) कार्यदलबाट प्रस्तावित कार्यक्रम तथा आयोजनाको त्रिवर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना र आगामी आर्थिक वर्षको बजेट उपर छलफल र विश्लेषण गर्ने,

(ग) विषय क्षेत्रगत रूपमा तयार भएको मध्यमकालीन खर्च संरचनाको मस्यौदालाई अन्तिम रुप दिई बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने ।

## घ) बजेट तथा कार्यक्रम तर्जुमा समिति

विषयगत समितिबाट प्रस्ताव भएका विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना र बजेटको एकीकृत मस्यौदा तयारी सम्बन्धी कार्य स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ बमोजिमको बजेट तथा कार्यक्रम तर्जुमा समितिले गर्नुपर्दछ ।

मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा यस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विषयगत समितिबाट पेश भएको विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा उपर छलफल गरी स्वीकृत बजेट सीमा तथा मार्गदर्शन अनुरुप भए नभएको एकिन गर्ने,

(ख) स्थानीय आवधिक योजनाको लक्ष्य, उद्देश्य, प्राथमिकता एवम् चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्य र विषय क्षेत्रगत सन्तुलन कायम हुने गरी स्रोत विनियोजन तथा प्रक्षेपण भए नभएको एकीन गर्ने,

(ग) विगतको उपलब्धि, आय र खर्चको प्रवृत्ति समेतको विश्लेषण गरी स्थानीय आर्थिक खाका तयार गर्ने,

(घ) स्थानीय आवधिक योजनाको लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीति र चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्यको स्थानीयकरण श्रोतपुस्तिकालाई आधार लिई विषय उपक्षेत्रगत रुपमा तयार भएको त्रिवर्षिय खर्च तथा स्रोत अनुमानको आधारमा समष्टिगत मध्यमकालीन बजेट खाका तर्जुमा गर्ने,

(ङ) स्थानीय आवधिक योजना तथा विषय क्षेत्रगत योजनाको लक्ष्य र उपलब्धि सूचकलाई आधार मानी विषय उपक्षेत्रगत रुपमा तयार भएको नतिजा खाकाको आधारमा समष्टिगत मध्यमकालीन नतिजा खाका तयार गर्ने,

(च) मध्यमकालीन खर्च संरचना दस्तावेजलाई अन्तिम रूप दिई स्वीकृतिका लागि आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमसँगै कार्यपालिकामा पेश गर्ने ।

## १.४ तर्जुमा प्रकृया

मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्य स्थानीय तहका लागि नवीन अभ्यास हो । यसका लागि सर्वप्रथम संरचनाको आवश्यकता, महत्व र प्रक्रियागत चरणहरूका बारेमा सम्बद्ध सरोकारवालाहरू स्पष्ट हुन आवश्यक हुन्छ । सोको लागि कार्यपालिकाका सदस्य, विषयगत समितिका पदाधिकारी सहित महाशाखा/शाखाका प्रमुखहरूलाई अभिमुखीकरण गर्नु आवश्यक छ । मध्यमकालीन खर्च संरचना तयारीका सम्बन्धमा अवलम्वन गर्नुपर्ने प्रक्रियागत चरणहरू देहायबमोजिम रहेका छन्ः

### *१.४.१ चालु आवधिक योजना र वार्षिक विकास कार्यक्रमको समीक्षा*

स्थानीय तहले हरेक आर्थिक वर्षको बैशाख ७ गतेभित्र चालु आवधिक योजना; मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट; कार्यक्रमको लक्ष्य र उपलब्धिको आधारमा स्थानीय आर्थिक तथा सामाजिक परिसूचक समावेश भएको आर्थिक सर्वेक्षण तयार गर्नुपर्दछ । यस्तो आर्थिक सर्वेक्षणको ढाँचा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले उपलब्ध गराउन सक्नेछ । मन्त्रालयबाट ढाँचा उपलब्ध नभएसम्म विषय क्षेत्रगत रूपमा उपलब्धि विवरण तयार गर्नुपर्नेछ । यसरी तयार भएको आर्थिक सर्वेक्षण वा उपलब्धि विवरणका आधारमा आवधिक योजनाका लक्ष्य, उद्देश्य र प्राथमिकता तथा वार्षिक विकास कार्यक्रम कार्यान्वयनको अवस्था समेतलाई विश्लेषण गरी समीक्षा प्रतिवेदन तयार गर्नुपर्नेछ । आवधिक योजना तर्जुमा भइ नसकेको अवस्थामा मध्ययमकालीन खर्च संरचना र बार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनको समीक्षाका आधारमा प्रतिवेदन तयार गर्नुपर्दछ ।

समीक्षा प्रतिवेदन तयार गर्दा योजना शाखाले कार्यपालिका, विषयगत शाखा, वडा कार्यालयहरुसँग समेत छलफल गर्नुपर्दछ । समीक्षा प्रतिवेदनको ढाँचा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ को अनुसूची-२ मा उल्लेख भएबमोजिम हुनेछ ।

### *१.४.२ त्रिवर्षीय खर्चको प्रक्षेपणसहित बजेटको आकार र स्रोत आकलन*

स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले राजस्व परामर्श समितिद्वारा पेश गरिएको प्रतिवेदनलाई मध्यनजर गरी गाउँपालिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा भएको अवस्थामा सोको प्रक्षेपणको आधारमा र त्यस्तो योजना नभएको अवस्थामा विगत वर्षहरूको वास्तविक आन्तरिक आयको प्रवृत्ति विश्लेषण गरी आन्तरिक आयको प्रक्षेपण गर्नुपर्दछ ।

त्यसैगरी सङ्घ तथा प्रदेशबाट प्राप्त हुने वित्तीय समानीकरण, सशर्त अनुदान तथा राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमको हकमा प्राप्त बजेट सीमामा आधारित भई स्रोत अनुमान एवम् प्रक्षेपण गर्नुपर्दछ । विशेष अनुदान तथा समपुरक अनुदानको हकमा प्रस्तावित आयोजनालाई आधार मान्नु पर्दछ । नेपाल सरकारबाट प्राप्त हुने रोयल्टी रकमको प्रक्षेपण गर्दा विगत वर्षहरूमा प्राप्त भएको रोयल्टी रकमलाई आधार मान्नु पर्दछ । ऋण सहायता, जनसहभागिता तथा अन्तर स्थानीय तह साझेदारी बापत परिचालन हुनसक्ने स्रोतको हकमा क्रमशः ऋण सम्झौता, विगत वर्षको जनसहभागिताको रकमको प्रवृत्ति र गाउँ/नगरपालिकाको जनसहभागिता परिचालन नीति एवम् अन्य स्थानीय तहसँग भएको समझदारीका आधारमा प्रक्षेपण गर्नुपर्दछ । गत आर्थिक वर्षको यथार्थ स्थिति, चालु आर्थिक वर्षको अनुमान र मध्यमकालीन खर्च संरचना एवम् विषय क्षेत्र/उपक्षेत्रगत खर्चको आवश्यकताको आधारमा कुल खर्च आवश्यकताको आकलन तथा प्रक्षेपण गर्नुपर्दछ ।

स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले चालु आवधिक योजना, मध्यमकालीन खर्च संरचना, आन्तरिक तथा बाह्य वित्तीय साधनको सम्भावना, राजस्व तथा व्ययको प्रक्षेपण र प्राथमिकताको आधारमा आगामी आर्थिक वर्षको आय व्ययको अनुमान तथा थप दुई आर्थिक वर्षको खर्च तथा स्रोत प्रक्षेपण गर्नु पर्दछ ।

### १.४.३ *बजेट सीमा निर्धारण तथा बाँडफाँट*

स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले तयार गरेको आगामी तीन वर्षको कुल स्रोत तथा खर्चको प्रक्षेपणको आधारमा बजेट सीमा निर्धारण गर्नुपर्दछ । बजेट सीमा निर्धारण तथा स्रोतको बाँडफाँट गर्दा आवधिक योजना र विषय क्षेत्रगत रणनीतिक तथा गुरुयोजनाको प्राथमिकता, लक्ष्य तथा अपेक्षित नतिजालाई आधार मान्नु पर्दछ । यसैगरी क्रमागत वा बहुवर्षिय कार्यक्रम तथा आयोजना, आयोजना बैङ्कमा सूचीकृत भएका आयोजना, सम्भाव्यता अध्ययन वा लागत एकीन भएका कार्यक्रम र विस्तृत आयोजना प्रतिवेदन तयार भएका आयोजना समेत समावेश हुनेगरी उपक्षेत्रगत रूपमा स्रोतको बाँडफाँट गर्नुपर्दछ ।

वडास्तरीय आयोजना तथा कार्यक्रमको लागि स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ को परिच्छेद ४ दफा ४.८ को बुँदा नम्बर २.४ मा तोकिएका आधार बमोजिम बजेट सीमा निर्धारण गर्नुपर्दछ । गाउँ/नगर गौरवका आयोजना तथा कार्यक्रम हकमा छुट्टै बजेट सीमा निर्धारण गरी उपलब्ध गराउने वा यस्ता आयोजना तथा कार्यक्रमको स्रोत सम्बन्धित विषय उपक्षेत्रको बजेट सीमाभित्र पर्ने गरी Earmark गरी सीमा निर्धारण गर्नुपर्दछ ।

### १.४.४ *बजेट सीमा र मार्गदर्शन स्वीकृति तथा सम्प्रेषण*

स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले तयार गरेको आगामी तीन आर्थिक वर्षको कुल स्रोत तथा खर्चको अनुमान एवम् प्रक्षेपण, विषय क्षेत्र/उपक्षेत्रगत बजेट सीमा र मार्गदर्शन उपर कार्यपालिकाले छलफल गरी स्वीकृत गर्नुपर्दछ । यसरी स्वीकृत भएको खर्च अनुमानमा चालु, पुँजीगत र वित्तीय व्यवस्था सम्बन्धी खर्चको अनुमान र बजेटको स्रोत समावेश भएको हुनुपर्दछ । मार्गदर्शनमा आगामी ३ आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा ध्यान दिनुपर्ने तथा पूरा गर्नुपर्ने शर्तहरू समावेश भएको हुनुपर्दछ । प्रमुख प्रशासकीय अधिकृतले अनुसूची-३ बमोजिमको ढाँचामा मार्गदर्शन तथा बजेट सीमा शाखा र वडा कार्यालयलाई तोकिएको समय सीमाभित्र पठाउनु पर्दछ ।

यसरी बजेट सीमा तथा मार्गदर्शन पठाउँदा वडा कार्यालयको हकमा विषयक्षेत्रगत सीमा निर्धारण गर्ने वा कुनै विषय क्षेत्रमा मात्र बजेट तथा कार्यक्रम प्रस्ताव गर्नुपर्ने भएमा सो व्यहोरा मार्गदर्शनमा स्पष्ट रूपमा खुलाएर पठाउनु पर्नेछ । स्थानीय तहको गौरवका आयोजनाका लागि छुट्टै बजेट सीमा निर्धारण गरिएको वा Earmark गरिएको भए सो व्यहोरा स्पष्ट रुपमा खुलाई पठाउनु पर्नेछ । यसैगरी विशेष प्राथमिकतामा परेको विषय क्षेत्र/उपक्षेत्र वा क्रमागत कार्यक्रम तथा आयोजनालाई बजेट सुनिश्चित (Earmark) गर्नुपर्ने भएमा विषयगत महाशाखा/शाखा वा वडा कार्यालयलाई बजेट सीमा तथा मार्गदर्शन पठाउँदा सो समेत खुलाई पठाउनु पर्नेछ ।

### १.४.५ *विषय उपक्षेत्रगत मध्यमकालीन खर्च संरचनाको प्रारम्भिक मस्यौदा तयारी*

प्राप्त बजेट सीमा र मार्गदर्शन भित्र रही सम्बन्धित विषयगत महाशाखा/शाखाले उपक्षेत्रगत मध्यमकालीन खर्च संरचनाको प्रारम्भिक मस्यौदाका लागि विवरण तयार गर्नुपर्दछ । यस्तो विवरण तयार गर्दा गत आर्थिक वर्षको यथार्थ स्थिति, चालु आर्थिक वर्षको अनुमान र चालु मध्यमकालीन खर्च संरचनाको आधारमा आगामी आर्थिक वर्ष (बजेट वर्ष) र थप दुई आर्थिक वर्षको बजेट तथा कार्यक्रमको प्रक्षेपण गर्नुपर्दछ ।

उपक्षेत्रगत मध्यमकालीन खर्च संरचनाको विवरण तयार गर्दा सर्वप्रथम आगामी तीन वर्षमा कार्यान्वयन गरिने कार्यक्रम तथा आयोजनागत विवरण तयार गर्नुपर्दछ । तर स्थानीय तहमा कार्यक्रमगत रूपमा बजेट तयार गर्ने पद्धति अवलम्बन नभएसम्मका लागि आयोजना बैङ्कमा समावेश भएका, विस्तृत परियोजना प्रतिवेदन तयार भएका तथा कूल लागत एकीन भएका क्रमागत अथवा बहुवर्षीय आयोजनाको हकमा आयोजनागत रूपमा र अन्यको हकमा उपक्षेत्रगत रूपमा कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण तयार गर्नुपर्दछ । उदाहरणका लागि आर्थिक विकास क्षेत्र अन्तर्गत कृषि, पशुपन्छी, उद्योग, पर्यटन, सहकारी आदि उपक्षेत्रअनुसार विवरण तयार गर्नुपर्दछ ।

आयोजना तथा कार्यक्रमको संक्षिप्त विवरण तयारीको क्रममा कूल लागत उल्लेख गर्दा आयोजना बैङ्कमा समावेश भएका, विस्तृत आयोजना प्रतिवेदन तयार भएका तथा कूल लागत एकिन भएका क्रमागत वा वहुवर्षीय आयोजनाहरूको हकमा सोही अनुसार उल्लेख गर्नुपर्दछ । लागत अनुमान तयार नभैसकेका आयोजनाको हकमा प्रति एकाइ लागतका आधारमा कूल लागत एकीन गर्नुपर्दछ । साथै सालबसाली कार्यक्रम वा उपक्षेत्रगत रूपमा लागत अनुमान एकीन गर्दा प्राप्त बजेट सीमाको आधारमा गर्नुपर्दछ । यसरी एकीन गरिएको कुल लागतसमेतको आधारमा कार्यक्रम र आयोजनाको संक्षिप्त विवरण तयार गर्नुपर्दछ । कार्यक्रम तथा आयोजना वा उपक्षेत्रको संक्षिप्त विवरणको ढाँचा अनुसूची-४ मा तोकिए बमोजिम हुनेछ ।

कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा समावेश भएका कार्यक्रम तथा आयोजना वा उपक्षेत्रको प्राथमिकीकरण अनुसूची-५ (को खण्ड क) मा उल्लिखित आधार, प्रक्रिया र ढाँचा अनुसार गर्नुपर्दछ । कार्यक्रम तथा आयोजना र उपक्षेत्रको लैङ्गिक र जलवायु साङ्केतीकरण सम्बन्धी आधार र प्रक्रिया अनुसूची-५ (को खण्ड ख र ग) मा उल्लेख भएबमोजिम हुनेछ ।

कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा समावेश भएका कार्यक्रम तथा आयोजना वा उपक्षेत्रको अनुसूची-६ बमोजिमको ढाँचामा त्रिवर्षीय खर्चको अनुमान तथा प्रक्षेपण, प्राथमिकीकरण एवम् रणनीतिक स्तम्भ, दिगो विकास लक्ष्य, जलवायु सङ्केत तथा लैङ्गिक सङ्केतको आधारमा साङ्केतीकरण गर्नु पर्दछ । अनुसूची ४ र ६ बमोजिम तयार भएको विवरण तथा उपलब्ध बजेट सीमा र मागदर्शन बमोजिम उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान तयार गर्नुपर्दछ । उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमानको ढाँचा अनुसूची-७ मा तोकिए बमोजिम हुनेछ । उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

तयार भए पश्चात् आयोजना तथा कार्यक्रम वा उपक्षेत्रगत संक्षिप्त विवरणमा उल्लिखित अपेक्षित नतिजाको आधारमा अनुसूची-८ मा तोकिएको ढाँचामा उपक्षेत्रगत मध्यमकालीन नतिजा खाका तयार गर्नुपर्दछ । यसरी नतिजा खाका तयार गर्दा स्थानीय तहको आवधिक योजना, विषय क्षेत्रगत रणनीतिक योजना तथा गुरूयोजनाको लक्ष्य एवम् उपलब्धिसँग सामञ्जस्यता कायम गर्नुपर्दछ ।

यसरी तयार भएको उपक्षेत्रगत मध्यमकालीन खर्च संरचनाको प्रारम्भिक मस्यौदालाई कार्यदलले पुनरावलोकन तथा विश्लेषण गरी बजेट सीमा र मार्गदर्शनसँग सामञ्जस्यता भए नभएको यकीन गरी सम्बन्धित विषयगत समितिमा पठाउनु पर्दछ ।

### १.४.६ *विषयगत समितिमा मध्यमकालीन खर्च संरचनाको मस्यौदामाथि छलफल*

कार्यदलबाट प्रस्तावित कार्यक्रम तथा आयोजनाहरूको त्रिवर्षीय खर्च प्रक्षेपण सहितको उपक्षेत्रगत मध्यमकालीन खर्च संरचनाको प्रारम्भिक मस्यौदा र आगामी आर्थिक वर्षको बजेटमाथि सम्बन्धित विषयगत समितिमा दफावार छलफल गर्नुपर्दछ । यसरी छलफल गर्दा नेपालको संविधान (मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति र स्थानीय तहको अधिकार क्षेत्र), राष्ट्रिय दीर्घकालीन सोच, दिगो विकास लक्ष्य, राष्ट्रिय, प्रादेशिक तथा स्थानीय तहको आवधिक योजना, गाउँपालिका/नगरपालिकाको आवश्यकता र सम्भावनाका आधारमा छनौट गरिएका कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरणलाई ध्यान दिनुपर्दछ । विषयगत समितिमा भएको छलफलबाट तयार भएको विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा बजेट तथा कार्यक्रम तर्जुमा समिति समक्ष पेश गर्नुपर्दछ ।

### १.४.७ **मध्यमकालीन खर्च संरचनाको अन्तिम मस्यौदा तयारी**

विषयगत समितिबाट पेश भएको विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदालाई एकीकृत गरी समष्टिगत नतिजा खाका, बजेट खाका र आर्थिक खाका एवम् आगामी तीन आर्थिक वर्षको खर्चको अनुमान र प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयार गर्ने कार्य स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ बमोजिमको बजेट तथा कार्यक्रम तर्जुमा समितिले गर्नेछ ।

बजेट तथा कार्यक्रम तर्जुमा समितिले समीक्षा प्रतिवेदन तथा विगतको उपलब्धि र समष्टिगत नतिजा खाकाको आधारमा अनुसूची-९ बमोजिमको ढाँचामा स्थानीय आर्थिक खाका तयार गर्नुपर्दछ । स्थानीय आर्थिक खाकामा आवधिक योजना लक्ष्य उद्देश्यसँग तालमेल हुने गरी स्थानीय उत्पादन, रोजगारी, आय र लगानी लगायतका समष्टिगत आर्थिक परिसूचकहरू समावेश भएको हुनुपर्दछ ।

विषय उपक्षेत्रगत नतिजा सूचकको आधारमा अनुसूची-१० को ढाँचामा समष्टिगत नतिजा खाका तयार गर्नुपर्दछ । यसैगरी आगामी तीन आर्थिक वर्षको आय अनुमान तथा प्रक्षेपण र विषय उपक्षेत्रगत खर्च अनुमान तथा प्रक्षेपणको आधारमा अनुसूची-११ बमोजिमको ढाँचामा समष्टिगत मध्यमकालीन बजेट खाका तर्जुमा गर्नुपर्दछ ।

समष्टिगत बजेट खाकाको तयारीसँगै अनुसूची-६ बमोजिम कार्यक्रम तथा आयोजना वा विषय उपक्षेत्रगत रूपमा तयार भएको आगामी तीन आर्थिक वर्षको खर्चको अनुमान तथा प्रक्षेपण, प्राथमिकीकरण एवम् रणनीतिक स्तम्भ, दिगो विकास लक्ष्य, लैङ्गिक सङ्केत तथा जलवायु सङ्केतको आधारमा अनुसूची-१२ (को खण्ड क, ख, ग, घ र ङ) बमोजिम एकीकृत विवरण तयार गर्नुपर्दछ । साथै स्थानीय गौरवका आयोजना तथा विषय उपक्षेत्रगत कार्यक्रम तथा आयोजनाको तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण अनुसूची-१२ (को खण्ड च र छ) मा तोकिए बमोजिमको ढाँचामा तयार गर्नुपर्दछ । मध्यमकालीन

खर्च संरचनाको एकीकृत मस्यौदा तयारी कार्यमा कार्यदलले बजेट तथा कार्यक्रम तर्जुमा समितिलाई आवश्यक सहयोग गर्नुपर्दछ।

बजेट तथा कार्यक्रम तर्जुमा समितिले माथि उल्लिखित विवरणको आधारमा अनुसूची १३ बमोजिमको ढाँचामा मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयार गरी स्वीकृतिका लागि आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमसँगै कार्यपालिकामा पेश गर्नुपर्दछ।

### *१.४.८ मध्यमकालीन खर्च संरचनाको स्वीकृति*

बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको मध्यमकालीन खर्च संरचना उपर कार्यपालिकामा आवश्यक छलफल गरी स्वीकृत गर्नुपर्दछ। यसरी कार्यपालिकाबाट स्वीकृत भएको मध्यमकालीन खर्च संरचनालाई अनुमोदनको निमित्त वार्षिक बजेट तथा कार्यक्रमको साथमा सभामा पेश गर्नुपर्दछ।

# परिच्छेद-२: मध्यमकालिन खर्च संरचना

## २.१ पृष्ठभूमी

नेपालको संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख राष्ट्र निर्माण एवम् नेपाल सरकारले घोषणा गरेको "समृद्ध नेपाल, सुखी नेपली" को राष्ट्रिय लक्ष हासिल गर्न, प्रदेश नं. १ सरकारको सोच "स्वच्छ, सुखी र समुन्नत प्रदेश" हासिल गर्न र याङवरक गाउँपालिकाको प्रथम पञ्चवर्षीय आवधिक योजनाको दुरदृष्टि "कृषि, वन, पर्यटन प्रवर्द्धन र समावेशी समाजको सृजना, समाजवाद उन्मुख, दिगो विकाश र समृद्धि याङवरकको चाहना" पुरा गर्न, दीगो विकास लक्ष हासिल गर्न गाउँपालिकाले सार्वजनिक कोष (आन्तरिक स्रोत, संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान, ऋण) लाई मितव्ययी, पारदर्शी, प्रभावकारी, व्यवस्थित र औचित्यपुर्ण तरिकाले खर्च गर्नु पर्दछ। सरकारी कार्यालयको सार्वजनिक खर्चलाई प्रभावकारी बनाउने सबै भन्दा उपर्युक्त उपकरणको रुपमा मध्यमकालीन खर्च संरचनालाई लिइन्छ।

समाजवाद उन्मुख अर्थ व्यवस्था तर्फ परिलक्षित हुने गरी आर्थिक क्रियाकलापहरुलाई अवलम्बन गर्ने सोचलाई मनन गर्दै गाउँपालिकाको आवधिक योजनामा उल्लेखित दुरदृष्टि, लक्ष हासिल गर्न तथा नेपाल सरकार, प्रदेश सरकारको सोच, लक्ष एवम् प्राथमिकतासँग सामञ्जस्यता हुने गरी आगामी तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचना (२०७९/०८०-२०८१/०८२) तर्जुमा गरिएको छ। यो दस्तावेज तयार गर्दा नेपाल सरकारको घोषणा, प्राथमिकता, नीति तथा कार्यक्रम, प्रदेश नं. १ सरकारको घोषणा, प्राथमिकता, नीति तथा कार्यक्रम, गाउँपालिकाको प्रथम पञ्चवर्षीय आवधिक योजना, नीति तथा कार्यक्रम र पन्ध्रौं योजना २०७६।०७७-२०८०/०८१ मा उल्लेखित सोच, लक्ष, उद्धेश्य, रणनीति र प्राथमिकता तथा दिगो विकास लक्ष, २०३० को मार्गचित्रलाई मुख्य आधारको रुपमा लिइएको छ। यस दस्तावेजमा गाउँपालिकाले तर्जुमा गरेका कार्यक्रमका साथै साविकमा सङ्घीय सरकारबाट कार्यान्वयन भई हाल स्थानीय तहमा सशर्त अनुदान अन्तर्गत हस्तान्तरण भई आएका कार्यक्रमहरु समेत समेटिएको छ।

## २.२ सोच, लक्ष्य, उद्देश्य, रणनीति

### २.२.१ सोचः

**"कृषि, वन, पर्यटन प्रवर्द्धन र समावेशी समाजको सृजना,**
**समाजवाद उन्मुख, दिगो विकाश र समृद्धि याङवरकको चाहना"**

### २.२.२ लक्ष्य

वि.स. २०८१ सम्म उपलब्ध श्रोत तथा साधनहरु एवम् प्रविधीको सदुपयोग गरी नागरिक तथा विकास साझेदारहरुसँग सहकार्य गरेर सामाजिक न्याय, सुशासन, गरिवी निवारण एवं समावेशी विकास सहितको समावेशी समाज निर्माण गरी समृद्ध तथा नेपालको नमुना गाउँपालिकामा रुपान्तरण हुने।

### २.२.३ परिमाणात्मक लक्ष

याङवरक गाउँपालिकाको आवधिक योजनाको ५ वर्षे अवधिमा हासिल गरिने परिमाणात्मक लक्ष निम्न रहेका छन्।

| क्र. स. | सूचक | आधार वर्षको अवस्था | लक्ष्य |
|---|---|---|---|
| १ | मानव विकास सूचकाङ्क (Human Development Index-HDI) | ०.३९६ | ०.७८५ |
| २ | मानव संसाधन सूचकाङ्क (Human Asset Index-HAI) | ४२.२ | ७० |
| ३ | सामाजिक सूचकाङ्क (Social Development Index -SDI) | २५.७ | ६० |
| ४ | प्रतिदिन १.२५ अमेरिकी डलर (PPP Value) मुनि आम्दानी रहेको जनसङ्ख्या (प्रतिशत) | २६.२ | १३.७ |
| ५ | प्रतिव्यक्ति कुल वार्षिक आय (अमेरिकी डलर) | ४४१ | १६६७ |
| ६ | कुल बजेटमा सामाजिक सुरक्षा खर्च (प्रतिशत) | २.२ | १२.९ |
| ७ | ३० मिनटको पैदलयात्रामा बजारको केन्द्रसम्म पहुँच भएका परिवारहरू (कुल जनसङ्ख्याको प्रतिशत) | २०.९ | ६६ |
| ८ | खान नपुग्ने वा अपर्याप्त हुने परिवारहरू (प्रतिशत) | ७६ | १८.५५ |
| ९ | प्रतिव्यक्ति खाद्यान्न उत्पादन (के.जी.) | १८८ | ४१८ |
| १० | जमिनको उत्पादकत्व (मेट्रिक टन प्रति हेक्टर) | ०.१७ | ४.८ |
| ११ | धैरै उब्जनी हुने बीज (के.जि प्रति हेक्टर) मकै | ०.०२ | ३.९ |
| १२ | कुल खेतीयोग्य भूमिमध्ये वर्षैभरि सिचाइ सुविधा पुगेको भूमि (प्रतिशत) | ३२ | ५० |
| १३ | धानको उत्पादनशीलता (मेट्रीक टन प्रति हेक्टर) | २.७ | ७.७ |
| १४ | मातृमृत्यूदर प्रति १००,००० जिवित शिशू | २८३.३ | ११६ |
| १५ | संस्थागत सुत्केरी सेवा (प्रतिशत) | ५७.३ | ८० |
| १६ | शौचालय प्रयोग गर्ने जनसङ्ख्याको अनुपात (प्रतिशत) | ९५.९ | ९९ |
| १७ | खाना पकाउनका निम्ति ऊर्जाको प्राथमिक स्रोतको रूपमा कोइला, दाउरा, गुइँठा लगायतका ठोस इनधन प्रयोग गर्ने परिवार (प्रतिशत) | ८१.७ | ५५ |
| १८ | विद्युत् उपभोगमा पहुँच भएका घरपरिवारको (प्रतिशत) | ५९.५ | ८६.५ |
| १९ | प्रतिव्यक्ति कुलगार्हस्थ्य उत्पादन वृद्धि (प्रतिशत) | ०.२ | ४.५ |
| २० | कृषि क्षेत्रको वृद्धिदर | १ | ४ |
| २१ | प्रतिवर्ष नवीन कार्यमा सम्लग्न व्यक्तिको सङ्ख्या | ० | ३० |
| २२ | युवा  अर्धबेरोजगारी दर (प्रतिशत) | ३८.५ | २३.८ |
| २३ | खर/पराल/पातले छाएको छानामुनि बस्ने परिवार एकाइ (प्रतिशत) | २२.५ | १२.५ |
| २४ | बहुआयामिक गरिबीको प्रतिशत | ३६.६ | २७.६ |
| २५ | सुरक्षित सडक उपलब्ध प्रतिशत | ९.४ | २५.१ |
| २६ | कृषि विमाले समेटेको परिवार (कृषक परिवार मध्यको प्रतिशत) | ० | १२.८ |
| २७ | क्षयरोग लाग्ने दर (प्रति १ लाख जनसङ्ख्यामा) | ५४ | १० |
| २८ | कुष्ठरोगका बिरामीहरू (Cases) | ० | ० |
| २९ | जम्मा मृत्युहुनेहरू मध्ये नसर्ने रोगबाट मृत्यु हुने जनसङ्ख्याको प्रतिशत | १५.४ | ५ |
| ३० | प्राथमिक तहमा खुद भर्नादर | ९२ | ९९ |
| ३१ | प्राथमिक तह पूरा गर्ने दर | ७६ | ९३.२ |
| ३२ | १५ देखि २४ वर्ष उमेर समूहको साक्षरता दर | ९९ | १०० |

श्रोतः- याङवरक गाउँपालिकाको प्रथम आवधिक योजना, २०७६/०७७-२०८०/०८१

### २.२.४ उद्धेश्य

मुख्य उद्देश्यः उत्पादनशील रोजगारी उन्मुख र न्यायपूर्ण वितरण सहितको उच्च आर्थिक वृद्धिदर, द्रुतगतिमा गरिवी न्युनीकरण गर्दै आर्थिक र सामाजिक रुपान्तरण गर्नु।

**विशिष्ट उद्देश्यहरुः**

- दिगो विकास लक्ष्य र निर्धारित सूचकहरु हासिल गर्नु।
- शिक्षा, स्वास्थ्य लगायत आधारभूत सेवा तथा संरचनाहरुमा सवैको पहुँचको सुनिश्चितता गर्नु।
- समावेशी विकास प्रवर्द्धन सहित असमानता न्युनीकरण गरी विकासमा सवैको अपनत्व सुनिश्चित गर्नु।
- कृषि उत्पाकदत्व वृद्धि तथा उद्यम विकास गरी द्रुत आयआर्जनका अवसरहरु सिर्जना गरेर उच्च आर्थिक वृद्धिदर प्राप्त गर्नु।
- शुसासन तथा गाउँपालिकावासीहरुलाई समाजिक न्यायको प्रत्याभूति गराइनु।
- प्रविधी विकास तथा विस्तार गर्नु
- मावन अधिकार संरक्षण, दण्ड हिनताको अन्त्य सहितको सामाजिक सुरक्षालाई सुनिश्चित गर्नु।

### २.२.५ याङवरक गाउँपालिकाको विकास रणनीति

१. **गुणस्तरीय तथा प्राविधिक शिक्षा**

- प्रविधिमैत्री बनाइनेछन् र समावेशी शिक्षा सहितको समावेशी विद्यालयमा रूपान्तरित हुनेछन्।
- विद्यालयहरूमा समावेशी पूर्वाधारहरू हुनेछन।
- विद्यालय उमेरका सबै बालबालिकाहरूको लागि सहज गुणस्तरीय शिक्षा एवम्ॱ इच्छुक विद्यार्थीहरूको लागि प्राविधिक शिक्षा उपलब्ध गराइने छ।
- विद्यार्थी शिक्षक अनुपात अनुसार शिक्षक दरवन्दी व्यवस्थापन गरिने छ।
- नीतिगत व्यवस्था अनुसार निःशुल्क पाठ्यपुस्तकहरूको आपूर्ति नियमित रूपमा गरिनेछ।
- शिक्षा र स्वास्थ्यबिच समन्वय गरी विद्यालयहरूमा स्वास्थ्य जाँच गराउने कार्यलाई सुनिश्चित गरिनेछ।
- सम्पन्नता स्तरीकरण (आर्थिक, सामाजिक, भौतिक, वातावरणीय, सामाजिक आदि सूचकहरू) गरेर सम्पन्नताको आधारमा विपन्न, दलित परिवारका सदस्यहरूलाई प्राविधिक शिक्षामा विशेष सहुलियत दिइनेछ।

२. **स्वास्थ्य, सरसफाइ, पोषण तथा खाद्य सुरक्षा**

- अस्पतालहरू तथा स्वास्थ्य केन्द्रहरूलाई प्रविधिमैत्री बनाइनेछ।
- स्वास्थ्य संस्थाहरूमा समावेशी पूर्वाधारसहित सबैका लागि सुलभ सेवा उपलब्ध गराइनेछ।
- स्वास्थ्य बिमा कार्यक्रम लागु गरिनेछ।
- नीतिगत प्रावधान अनुसारका निःशुल्क औषधीहरूको आपूर्ति नियमित रूपमा गरिनेछ।
- पोषणयुक्त खाद्यवस्तुहरूको उत्पदनकोलागि प्रोत्साहित गरिनेछ।
- खाद्यसुरक्षा सम्बन्धि नीति बनाएर लागु गरिनेछ।

३. **कृषिको आधुनिकीकरण तथा व्यवसायिकरण**

- कृषि पेशामा रहनेहरूको सिप र दक्षता अभिवृद्धि गरी कृषि तथा पशुपालन क्षेत्रको आमूल रूपान्तरण गर्न कृषिको व्यसायीकरण, यान्त्रीकरण, सूचना तथा प्रविधिको उपयोग गरेर उद्योगधन्दा विकास तथा बजारीकरण गरिनेछ।
- कृषिभूमिको संरक्षण एवम् समुचित उपयोग गरी बाँझो तथा गैर कृषि प्रयोजनलाई निरुत्साहित गरिनेछ।
- सहकारी तथा सामुदायिक खेती प्रणालीलाई प्रोत्साहित गरिनेछ।
- कृषि तथा पशुबिमा कार्यक्रमहरू लागु गरिनेछ।
- कृषि सूचना प्रणालीको विकास गरिनेछ।
- व्यवसायिक पशु पालन तथा खेती प्रणालीको विकास गरिनेछ।
- समुदायमा आधारित भएर सिंचाई योजनाहरू सम्पन्न गरिनेछ।
- जलस्रोतको संरक्षण तथा सदुपयोग गरिनेछ।

४. **आन्तरिक राजस्व वृद्धि तथा वित्तीय सुशासन**

- उत्पादित वस्तुहरूको बजारीकरणलाई सुनिश्चित गरिनेछ।
- आय वृद्धि गर्ने घर परिवारलाई सम्मान गरिनेछ।
- सकारात्मक प्रभाव पार्ने उद्योग, होटल व्यवसाय आदि सञ्चालन गरेर पालिका भित्रका न्यूनतम १० जनालाई नियमित रोजगारी दिने रोजगारदाताहरूलाई करमा सहुलियत दिइने छ।
- योजना अवधिको २ वर्ष भित्र प्रत्येक व्यक्ति कुनै न कुनै सहकारीको सदस्य भएको अवस्था सृजना गरिनेछ।
- योजना अवधिको २ वर्ष भित्रमा प्रत्येक घरधुरीको अनिवार्य बैङ्क तथा सहकारीमा आवद्ध गरी उत्पादन बिक्री, रोजगारी आदिको कारोवार बैङ्क तथा वित्तीयसंस्था मार्फत गर्नुपर्ने नियम बनाईनेछ।
- योजना अवधिमा स्थानीय स्रोत तथा साधनमा आधारित सबै घरधुरीको अनिवार्य सहभागिता रहने गरी मझौला र ठुला उद्योगहरूको स्थापना गरी आय आर्जन तथा रोजगारीका अवसरहरू सिर्जना गरिनेछ।
- करको दायरालाई फराकिलो बनाइनेछ र कर तिर्न प्रोत्साहित गरिनेछ।
- सार्वजनिक खर्चमा मित्यव्यायीता अपनाइनेछ।

५. **पर्यटन प्रवर्द्धन र विकास**

- गाउँपालिकालाई पर्यटकीय क्षेत्र्रको रूपमा विकास गर्न पर्यटन नीति तथा आचार संहिता तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
- विद्यमान पर्यटकीय गन्तव्यहरूको सुदृढीकरण गर्दै नयाँ-नयाँ गन्तव्यहरू विकास गर्दै लगिनेछ।
- घर बस्तीको सौन्दर्यकरण गर्ने, बाटोको दाँया वाँया रुख रोपण, खोलाको किनारामा वाँस एवम् वृक्षारोपण, व्यवस्थित सार्वजनिक शौंचालय आदिको व्यवस्थापन गरिनेछ।
- कला, सँस्कृति, साहित्य, भाषा, धर्म तथा साँस्कृतिक धरोहरहरूको संरक्षण, सम्वर्धन र प्रवर्द्धन गरीनेछ।

६. **जलस्रोत तथा ऊर्जा विकास**

- शत प्रतिशत घरधुरीमा विजुली उपलब्ध गराइनेछ ।
- जलस्रोतका मुहान तथा जालाधारहरू संरक्षण गरिनेछ ।
- जलमा आधारित उद्योगहरूलाई प्रवर्द्धन गरिनेछ ।
- गाउँपालिका र नागरिकहरूको साझेदारीमा खानेपानी उद्योग सञ्चालन गरिनेछ ।

७. **सूचना, प्रविधि तथा सञ्चार**

- गाउँपालिकाका सबै लागत तथा रेकर्डहरू विद्युतीय प्रणालीमा राखिनेछ ।
- निश्चित रकम भन्दा माथीका बोलपत्र आह्वान गर्दा विद्युतीय आवेदन मात्रै माग गरिनेछ।
- निश्चित रकम भन्दा माथिको आर्थिक कारोवार बैङ्कमार्फत गरिनेछ ।
- सबै बस्तीहरूमा टेलिफोन, इन्टरनेट सेवा उपलब्ध गराइने ।
- सबै विद्यालयहरूलाई प्रविधिको प्रयोगको लागि उत्प्रेरित गरिने ।

८. **यातायात व्यवस्थापन तथा सडक सञ्जाल स्तरोन्नति**

- गाउँपालिकाले भौतिक पूर्वाधार मापदण्ड निर्माण गरी लागु गर्ने छ । सबै प्रकारका सार्वजनिक भौतिक संरचनाहरू समावेशी हुनेछन् ।
- सबै प्रकारका भौतिक पूर्वाधारहरूको योजना तर्जुमा प्रक्रियादेखी सम्पन्न भएर हस्तनान्तरण प्रक्रिया सम्म सार्वजनिक सुनुवाइ, जनसम्पादन जस्ता प्रक्रियाहरूमार्फत अनुगमन तथा मूल्याङ्कन गरिने छ ।
- निजी, सरकारी, सार्वजनिक तथा साझेदारी अवधारण अनुसार परियोजना निर्माण तथा सञ्चालन गरिने छ ।
- कृषि तथा  लिङ्करोडका सञ्जालद्वार सबै वडाका मुख्य वस्तीहरूलाई जोडिनेछ र सडकलाई क्रमशः स्तरोन्नति गर्दै लगिने छ ।
- यातायात सेवालाई व्यवस्थित र भरपर्दो बनाउन नियमित अनुगमन गरिने छ ।
- मध्यपहाडी लोकमार्गलाई सङ्घ तथा प्रदेश समेतको सहयोगमा स्तरोन्नति गरिने छ ।

९. **भू उपयोग तथा भूमि व्यवस्थापन**

- गाउँपालिकाको भू उपयोग नीति निर्माण गरी लागु गरिने छ ।
- राष्ट्रिय भु उपयोग तथा भूमि नीतिको अधिनमा रहेर उपलब्ध भूमिको सदुपयोग गर्दै एकिकृत बस्ती, खेल परिसर, आवास, सहरीकरण, पूर्वाधार विकास गरिने छ ।
- बसोबासका दृष्टिकोणले गाउँपालिका भित्रका सुरक्षित र जोखिम युक्त ठाउँहरूको नक्साङ्कन गरिने छ ।
- जमिनको लागत विद्युतीय प्रणालीमा राखेर भूमिव्यवस्थापनलाई पारदर्शी बनाइने छ ।

१०. **समावेशीकरण तथा समावेशी विकास**

- जातीयता, लिङ्ग, उमेर, रोग तथा अपाङ्गता भएका वर्गहरूलाई समान अवसर र समान अधिकारसहित विकासको मुलधारमा समेटिने छ ।
- अपाङ्गता समावेशी विकासको अवधारणा अनुरूप कार्ययोजना निर्माण र सञ्चालन गरिनेछ ।
- गाउँपालिकाको स्रोत व्यवस्थापनमा समतामूलक विधि अपनाइने छ ।

- अधिकारमा आधारित अवधारणा अनुरूप कार्ययोजना निर्माण तथा कार्यान्वयन गराइने छ ।

## २.३ मध्यमकालिन आर्थिक खाका

नोटः- समय अभाव र विषयविज्ञताको अभावको कारणले चालु आ.व. मा आर्थिक सर्वेक्षण गर्न नसकिएको साथै आर्थिक खाकासँग सम्बन्धित तथ्यांक संकलन गर्न नसकिएकोले कुनै पनि लक्ष निर्धारण गरिएको छैन । यद्यपि आगामी आ.व. देखि आर्थिक खाका तर्जुमा गर्दा देहाय बमोजिमको ढाँचामा प्रस्तुत गरिनेछ ।

| क्र. सं. | सूचक | एकाइ | गत आ.व. को उपलब्धि | चालु आ.व.को अनुमानित उपलब्धि | मध्यमकालिन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आगामी पहिलो आ.व. | आगामी दोश्रो आ.व. | आगामी तेश्रो आ.व. |
| १ | बार्षिक उत्पादन | रु. लाखमा | | | | | |
| १.१ | कृषि | रु. लाखमा | | | | | |
| १.२ | गैर कृषि (उद्योग र सेवा) | रू. लाखमा | | | | | |
| २ | औषत पारिवारिक आय | रू. लाखमा | | | | | |
| ३ | उद्योग, व्यापार र व्यवसाय | संख्या | | | | | |
| ४ | औपचारिक क्षेत्रमा रोजगारी सिर्जना | कार्यदिन | | | | | |
| ५ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा सहेका परिवार | प्रतिशत | | | | | |

## २.४ मध्यमकालिन नतिजा खाका

प्रस्तुत मध्यमकालीन समष्टिगत नतिजा खाका नेपाल सरकारको पन्ध्रौ योजना (२०७६/७७ -२०८०/८१) र प्रदेश नं. १ सरकारको प्रथम आवधिक योजना (२०७६/७७ -२०८०/८१) ले लिएको समष्टिगत तथा विषयगत अपेक्षित उपलब्धि हासिल गर्न सहयोग पुग्ने गरी निर्धारण गरिएको छ । यस गाउँपालिकाको मध्यमकालीन समष्टिगत नतिजा खाका निर्धारणका अन्य आधारहरू देहाय बमोजिम रहेकाछन्:

१. याङवरक गाउँपालिकाको आवधिक योजना-२०७६ (२०७६/७७-२०८०/८१) योजनाले लिएको समष्टिगत तथा विषयगत अपेक्षित उपलब्धिहरू,

२. दिगो विकासका लक्ष्यलाई गाउँपालिकामा आन्तरिकीकरण गर्ने ध्येय सहित सापेक्षिक रुपमा दिगो विकासका लक्ष्य सूचकहरूसँग सन्निकट रहने गरि आधार वर्ष आर्थिक बर्ष २०७८/७९ सम्ममा प्राप्त विषय क्षेत्रगत सूचकहरू, र

३. विगतका आर्थिक वर्षहरूको उपलब्धि र चालु आर्थिक वर्ष २०७८/७९ को अनुमानित उपलब्धिको अवस्थाहरू ।

*(नोटः- नतिजा खाका तयार गर्ने सन्दर्भमा कतिपय सूचकहरुको यथार्थपरक र वैज्ञानिक Base Line Data नभेटिएकोले विभिन्न अन्तर्सम्बन्धित सूचकहरुको Analysis गरी अनुमानको आधारमा राखिएको छ ।)*

उल्लिखित आधारहरूलाई दृष्टिगत गरि आर्थिक बर्ष २०७९/८० देखि २०८१/८२ सम्मको प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन लक्ष्य देहाय बमोजिम प्रस्तुत गरिएको छ :

तालिका -१: प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन लक्ष्य

| क्र.सं. | सूचक | एकाई | गत आ.व. २०७७/०७८ को उपलब्धि | चालु आ.व. २०७८/०७९ को अनुमानित उपलब्धि | मध्यमकालिन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
| १ | साक्षरता दर (१५ वर्ष माथी) | प्रतिशत | | ८२ | ८४ | ८६ | ८८ |
| २ | प्राविधिक शिक्षा अध्ययनरत विद्यार्थी | जना | | ३१ | ५० | ६० | ७० |
| ३ | स्थानीय सडक (खण्डास्मित) | कि.मि. | | २७ | ३० | ३५ | ४० |
| ४ | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | | ७० | ८० | ९० | १०० |
| ५ | सुरक्षित आवासमा बसोबास गर्ने घरधुरी | प्रतिशत | | ७५ | ८० | ९० | १०० |
| ६ | आधारभूत खानेपानी सुविधा पुगेको घरधुरी | प्रतिशत | | ७५ | ८० | ९० | १०० |
| ७ | ५ वर्ष मुनीका बालबालिकाको जन्मदर्ता | प्रतिशत | | ९५ | १०० | १०० | १०० |
| ८ | विपद्का घटनाबाट प्रभावित परिवार | घरधुरी | | १० | ८ | ५ | २ |
| ९ | मातृभाषामा पठनपाठन हुने विद्यालय | वटा | | १२ | १५ | १८ | २० |
| १० | लैंगिक तथा घरेलु हिंशाको घटनाको उजुरी | वटा | | | ० | ० | ० |
| ११ | सेवा प्रवाहबाट सन्तुष्ट नागरिक | प्रतिशत | | ७० | ८० | ९० | १०० |
| १२ | सिंचाई सुविधाको पहुँच | हेक्टर | | ५९ | २२४ | ४०० | ५०० |
| १३ | बालबाललिकाहरुलाई खोप पहुँच | प्रतिशत | | ८८ | ९४ | ९८ | १०० |
| १४ | अस्पताल निर्माण | वटा | ० | ० | १ | १ | |
| १५ | ल्याणडफिण्ड साइटको निर्माण | वटा | ० | ० | १ | १ | १ |
| १६ | बर्थिङ सेन्टरमा सुत्केरी हुने महिला | जना | | १२२ | २८७ | ३०० | ३३० |
| १७ | बेरुजु | प्रतिशत | | ०.०१५ | ० | ० | ० |

## २.५ मध्यमकालिन बजेट खाका

मध्यमकालीन बजेट खाकाको तयारीका लागि स्रोतको अनुमान तथा प्रक्षेपण गर्दा देहायका विषयहरूलाई आधार लिईएको छ।

(क) नेपालको संविधान तथा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३ (अनुसुचि ३ समेत) अनुसार यस गाउँपालिकाले आधार तथा दर तोकेर परिचालन गरेको र आगामी दिनमा परिचालन हुन सक्ने कर तथा गैरकर समेतका राजस्व रकम,

ख) अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६ को व्यबस्था अनुसार नेपाल सरकारले संकलन गरी संघीय विभाज्य कोष मार्फत गाउँपालिकालाई प्राप्त भएको र आगामी दिनमा प्राप्त हुने मुल्य अभिवृद्धि कर तथा वस्तु तथा सेवाको आन्तरिक कारोवारमा लागेको अन्तःशुल्क सहितको राजश्व बाँडफाँट वापतको रकम,

ग) अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ को व्यबस्था अनुसार स्थानीय तहले संकलन गरी स्थानीय विभाज्य कोष मार्फत प्रदेशलाई हस्तान्त्रण गर्नु पर्ने रकम तथा प्रदेशले संकलन गरी स्थानीय विभाज्य कोषमा प्राप्त भएको सवारी साधन कर तथा घर जग्गा रजिष्ट्रेशन वापतको रकम,

ग) अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ (अनुसुचि ४ समेत) को व्यबस्था अनुसार संघीय सरकारबाट संकलित भई संघीय विभाज्य कोष मार्फत गाउँपालिकालाई प्राप्त भएको र आगामी दिनमा प्राप्त हुने प्राकृतिक स्रोत वापतको रोयल्टी रकम,

घ) नेपालको संविधान तथा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को परिच्छेद ७ दफा १ र २ को व्यबस्था अनुसार संघीय तथा प्रदेश सरकारवाट गाउँपालिकालाई प्राप्त भएको तथा नेपाल सरकारबाट आगामी वर्षको लागि प्राप्त हुने वित्तीय समानीकरण, सशर्त, समपुरक तथा विशेष अनुदान समेतका रकमहरू, र

उल्लिखित व्यवस्थाका अतिरिक्त गाउँपालिकाको स्रोतको अनुमान तथा प्रक्षेपण गर्दा राजश्व परामर्श समितिका सिफारिसहरूलाई समेत दृष्टिगत गरिएको छ । त्यसैगरी बजेट खाकाको तयारीका लागि खर्चको प्रक्षेपण गर्दा देहायका विषयहरूलाई आधार लिईएको छः

क) याङवरक गाउँपालिकाको आवधिक योजना-२०७६ (२०७६/०७७-२०८०/८१) को सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता, विगतका वर्षहरूको वार्षिक नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्य सहितका रणनीतिहरू, क्रमागत आयोजना तथा कार्यक्रमहरू, स्थानीय प्राथमिकता र स्रोत परिचालनको क्षमता,

ख) यस मध्यमकालीन खर्च संरचनामा उल्लिखित समष्टिगत आर्थिक एवं नतिजा खाका र विषयगत क्षेत्रगत कार्यक्रमका आयोजनाहरू कार्यान्वयन गर्न आवश्यक रकमहरू,

ग) दिगो विकासका निर्धारित लक्ष्य तथा रणनीतिहरूसँग तादात्म्यता हुने गरी कार्यक्रम तथा आयोजनाहरू कार्यान्वयन गर्न आवश्यक रकमहरू,

घ) स्थानीय गौरवका आयोजनाहरू, पूर्वतयारी सम्पन्न भैसकेका (पूर्वसम्भाव्यता अध्ययन, सम्भाव्यता अध्ययन, डिपिआर, जग्गा विवाद निरुपण, वतावरणिय प्रभाव मूल्यांकन लगायत अन्य तयारी सम्पन्न भएका) आयोजनाहरू र तुलनात्मक रूपमा लाभका आयोजना तथा कार्यक्रमका लागि आवश्यक रकम सुनिश्चित (Ear Mark) हुने गरी स्रोत सुनिश्चित गरिएका आयोजना कार्यान्वयन गर्न आवश्यक रकमहरू,

उल्लिखित आधारहरूका अतिरिक्त त्रिवर्षीय खर्चको अनुमान र स्रोतको बाँडफाँट सहितको विषगत शाखा, वडा कार्यालयलाईलाई प्रदान गरिएको बजेट सीमा तथा मार्गदर्शन **अनुसूची २** मा प्रस्तुत गरिएको छ । त्रिवर्षीय खर्चको अनुमान र स्रोतको बाँडफाँट देहाय बमोजिम रहेको छ ।

तालिका -२, त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण (रकम रु. हजारमा)

| क्र. सं. | विवरण | २०७७/०७८ को यथार्थ | २०७८/०७९ को संसोधन | मध्यमकालिन बजेट अनुमान र प्रक्षेपण (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | ३ वर्षको कुल |
| **१** | **खर्च अनुमान** | **३३८३८३** | **५६२९११** | **४८९०००** | **५३३६९४** | **५७३७२१** | **१५९६४१५** |
| **१.१** | चालु खर्च | २४०७५४ | ३११९९१ | ३०२४७५ | ३३९९१९ | ३७३४२१ | १०१५८१५ |
| **१.२** | पुँजिगत खर्च | ९७६२९ | २५०९२० | १८६५२५ | १९३७७५ | २००३०० | ५८०६०० |
| **१.३** | वित्तीय व्यवस्था | ० | ० | ० | ० | | ० |
| २. | **आय अनुमान** | | | | | | |
| **क** | **आन्तरिक आय** | ९६५३.६२ | ४५५५ | ७३५३.६७ | ५७६०.१० | ५२९७ | १८४१०.७७ |
| १ | सम्पति कर (घरधुरी कर) | ८५.९८ | ७० | ५५ | ५६.१० | ५७ | १६८.१० |
| २ | भुमिकर / मालपोत | १७०१.६२ | १२०० | ५०० | ५१० | ५२० | १५३० |
| ३ | घर जग्गा रजिष्ट्रेशन दस्तुर | ० | ० | ७०५ | ७२० | ७३० | २१५५ |
| ४ | घरबहाल कर | २४४.४४ | ४५० | ४०० | ४०८ | ४१५ | १२२३ |
| ५ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय (गेष्ट हाउस ठेक्का) | ० | ६५ | १०० | १०० | १०० | ३०० |
| ६ | बाँडफाँड भई प्रई प्राप्त हुने दहतर बहतरको विक्रिबाट प्राप्त हुने आय | ९००.०६ | ५०० | ५०० | ५१० | ५२० | १५३० |
| ७ | अन्य बिक्रिबाट प्राप्त रकम | ० | ० | ० | ० | ० | ० |
| ८ | अन्य सेवा शूल्क तथा बिक्री | १४४१.४४ | ० | ० | ० | ० | ० |
| ९ | परीक्षा शुल्क | ० | ० | १० | १० | १० | ३० |
| १० | अन्य प्रशासनिक सेवा शूल्क | ० | ० | २० | २० | २० | ६० |
| ११ | सिफारिस दस्तुर | २२१२.१७ | १६०० | १६०० | १६३ | १६५ | १९२८ |
| १२ | ब्यक्तिगत घटना दर्ता दस्तुर | १४.८९ | १० | १० | १० | १० | ३० |
| १३ | अन्य राजश्व (गोलिया निकासी) | २८३८.४६ | ४०० | ५०० | ५१० | ५१५ | १५२५ |

| क्र.सं. | विवरण | २०७७/०७८ को यथार्थ | २०७८/०७९ को संसोधन | मध्यमकालिन बजेट अनुमान र प्रक्षेपण (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | ३ वर्षको कुल |
| १४ | व्यवसाय कर | १९८.६० | १६० | १६० | १६३ | १६५ | ४८८ |
| १५ | बेरुजु असुली | १५.९९ | १०० | ९० | ८० | ७० | २४० |
| १६ | बैक मौज्दात | ० | ० | २७०३.६७ | २५०० | २००० | ७२०३.६७ |
| **ख** | **राजश्व बाँडफाँड** | ६५२९७.९४ | ७४५२६.०१ | ८९४१८.०१ | ९३२०० | ९५८०० | २७८४१८.०१ |
| १ | *सङ्घीय सरकार* | ६०८०५.५० | ७०४४८ | ८५३४० | ८९००० | ९१५०० | २६५८४० |
| १.१ | बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्दि कर | ६०८०५.५० | ३५२२४ | ४२६७० | ४४५०० | ४५७५० | १३२९२० |
| १.२ | बाँडफाँड भई प्राप्त हुने अन्तशुल्क | ० | ३५२२४ | ४२६७० | ४४५०० | ४५७५० | १३२९२० |
| ३ | *प्रदेश सरकार* | ४४९२.४४ | ४०७८.०१ | ४०७८.०१ | ४२०० | ४३०० | १२५७८.०१ |
| ३.१ | बाँडफाँड भई प्राप्त हुने सवारी साधन कर | ४४९२.४४ | ४०७८.०१ | ४०७८.०१ | ४२०० | ४३०० | १२५७८.०१ |
| **ग** | **रोयल्टी बाँडफाँडबाट प्राप्त राजश्व** | ० | १७८८.०२ | १८१५ | १९१५ | २०१५ | ५७४५ |
| १ | बाँडफाँड भई प्राप्त वन रोयल्टी | ० | १८.०८ | १५ | १५ | १५ | ४५ |
| २ | बाँडफाँड भई प्राप्त विद्युत सम्बन्धि रोयल्टी | ० | १७६९.९४ | १८०० | १९०० | २००० | ५७०० |
| **घ** | **अन्तरसरकारी वित्तीय हस्तान्त्रण** | | | | | | |
| घ.१ | *नेपाल सरकार वित्तीय हस्तान्त्रण* | २९४३१३.५९ | ३८१११६ | ३७४४०० | ४०६९५२.९० | ४४४७४३.०० | १२२६०९५.९० |
| १ | वित्तीय समानीकरण अनुदान | ८६५०० | ९२४०० | ९९१०० | १०४०५५ | ११०२९८.३० | ३१३४५३.३० |
| २ | सशर्त अनुदान चालु | १९९२१३.५९ | १९९०१२ | १८५३०० | २०३८४७.९० | २२४१९२.२० | ६१३३४०.१० |
| ३ | सशर्त अनुदान पुँजिगत | ० | ६९५०४ | ६१००० | ६४०५० | ६७२५२.५० | १९२३०२.५० |
| ४ | समपुरक अनुदान पुँजिगत | ३६०० | ७३०० | १०००० | १५००० | २०००० | ४५००० |
| ५ | विशेष अनुदान पुँजिगत | ५००० | १२९०० | १९००० | २०००० | २३०००.०० | ६२००० |
| घ.२ | *प्रदेश सरकार वित्तीय हस्तान्त्रण* | १८७५९ | २९४९१ | १५४१६ | २५८६६ | २५८६६ | ६७१४८ |
| १ | वित्तीय समानीकरण अनुदान | ६९९५ | ५१६६ | ५१६६ | ५१६६ | ५१६६ | १५४९८ |

| क्र. सं. | विवरण | २०७७/०७८ को यथार्थ | २०७८/०७९ को संसोधन | मध्यमकालिन बजेट अनुमान र प्रक्षेपण (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | ३ वर्षको कुल |
| २ | सशर्त अनुदान चालु | १७६४ | ० | २५० | ७०० | ७०० | १६५० |
| ३ | सशर्त अनुदान पुँजिगत | ० | १४३२५ | ० | १०००० | १०००० | २०००० |
| ४ | समपुरक अनुदान पुँजिगत | १०००० | १०००० | १०००० | १०००० | १०००० | ३०००० |
| ५ | विशेष अनुदान चालु | ० | ० | ० | ० | | ० |
| **ङ** | **अन्य अनुदान** | ७०० | ० | ५९७.३२ | ० | | ५९७.३२ |
| **जम्मा** | **राजश्व तथा अनुदान** | ३८८७२४.१५ | ४९१४७६.०३ | ४८९००० | ५३३६९४ | | १५९६४१५ |

## २.६ बजेट बिनियोजन र प्रक्षेपणको बाँडफाँड

आगामी तीन वर्षको बजेट अनुमान र प्रक्षेपणको विभिन्न आधारमा गरिएको तुलनात्मक विवरण देहाय बमोजिम रहेको छ।

### २.६.१ रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण

रणनीतिक स्तम्भको आधारमा बजेट वाँडफाँड गर्दा गाउँपालिकाको आवधिक योजनामा उल्लिखित रणनीतिहरूको आधारमा बजेट वाँडफाँट गर्नुपर्ने हुन्छ। यस गाउँपालिकाको आवधिक योजनाले बुँदागत रूपमा १० वटा रणनीति प्रस्तुत गरेको सन्दर्भमा रणनीतिक स्तम्भको आधारमा आगामी तीन वर्षको अनुमान र प्रक्षेपण गर्दा यर्थाथपरक र सान्दर्भिकता हुने गरी तीनै १० वटा प्रमुख रणनीतिहरूलाई आधार लिइएको छ।

तालिकाः- ३: रणनीतिक स्तम्भको आधारमा आगामी तीन आर्थिक बर्षको अनुमान र प्रक्षेपण (रु. हजारमा)

| क्र. सं. | रणनीतिक स्तम्भ | संख्या | २०७९/०८० को अनुमान | | २०८०/०८१ को प्रक्षेपण | | २०८१/०८२ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गुणस्तरीय तथा प्राविधिक शिक्षा | ४ | १६०३०० | ३३ | १७८५२८ | ३३ | १९९२२२ | ३५ |
| २ | स्वास्थ्य, सरसफाइ, पोषण तथा खाद्य सुरक्षा | ५ | ४०३२५ | ८ | ५०८२५ | १० | ६५६१३ | ११ |
| ३ | कृषिको आधुनिकीकरण तथा व्यवसायिकरण | १० | ५५८०० | ११ | ७३३३० | १४ | ७९०५० | १४ |
| ४ | आन्तरिक राजस्व वृद्धि तथा वित्तीय सुशासन | ६ | ८६१५० | १८ | ९३८७० | १८ | ७५६८२ | १३ |
| ५ | पर्यटन प्रवर्द्धन र विकास | ८ | १६३०० | ३ | ३७८९३ | ७ | ३८७९१ | ७ |
| ६ | जलस्रोत तथा ऊर्जा विकास | ३ | ३१३०० | ६ | ११००० | २ | १२२५० | २ |
| ७ | सूचना, प्रविधि तथा सञ्चार | २ | २४०० | ० | ४१०० | १ | ४३०० | १ |
| ८ | यातायात व्यवस्थापन तथा सडक सञ्जाल स्तरोन्नति | ६ | ४४७७५ | ९ | ६९८७८ | १३ | ९०७८४ | १६ |
| ९ | भू उपयोग तथा भूमि व्यवस्थापन | ० | ० | ० | ० | ० | ० | ० |
| १० | समावेशीकरण तथा समावेशी विकास | ६ | ५१६५० | ११ | १४२७० | ३ | ८०३० | १ |
| | **जम्मा** | **५०** | **४८९०००** | **१००** | **५३३६९४** | **१००** | **५७३७२१** | **१००** |

### २.६.२ प्राथमिकताको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

कार्यक्रम तथा आयोजनाको प्राथमिकताक्रम बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. ४ मा प्रस्तुत गरिएको छ।

तालिकाः- ४ ,प्राथमिकताक्रमको आधारमा तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)

| क्र.सं. | प्राथमिकताक्रम | संख्या | २०७९/०८० को अनुमान | | २०८०/०८१ को प्रक्षेपण | | २०८१/०८२ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | पहिलो (P1) | ३९ | ४१३४२५ | ८५ | ४५७४३४ | ८६ | ५१३४१४ | ८९ |
| २ | दोश्रो (P2) | १३ | ७५५७५ | १५ | ७६२६० | १४ | ६०३०७ | ११ |
| | **जम्मा** | **५२** | **४८९०००** | **१००** | **५३३६९४** | **१००** | **५७३७२१** | **१००** |

### २.६.३ दिगो विकास लक्षको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. ५ मा प्रस्तुत गरिएको छ।

तालिका-५: विकास लक्ष्यको आधारमा तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)

| संकेत नम्बर | दिगो विकास लक्ष्य | संख्या | २०७९/०८० को अनुमान | | २०८०/०८१ को प्रक्षेपण | | २०८१/०८२ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| SDG 1 | गरिबीको अन्त्य | ४ | २६२२५ | ५ | ४७५७८ | ९ | ६५२८४ | ११ |
| SDG 2 | शून्य भोकमरी | २ | ३६०० | १ | ४५०० | १ | ५५०० | १ |
| SDG 3 | राम्रो स्वास्थ्य र समृद्ध जीवनस्तर | ८ | ४६५७५ | १० | ५९१७५ | ११ | ७५४१८ | १३ |
| SDG 4 | गुणस्तरीय शिक्षा | ६ | १६२२५० | ३३ | १८१२४८ | ३४ | १९४००२ | ३४ |
| SDG 6 | स्वच्छ पानी र सरसफाइ | २ | ३०५०० | ६ | १०००० | २ | १०७५० | २ |
| SDG 7 | खर्चले धान्न सकिने स्वच्छ उर्जा | १ | ८०० | ० | १००० | ० | १५०० | ० |
| SDG 8 | मर्यादित काम र आर्थिक बृद्धि | १२ | १०७५०० | २२ | १३३६५० | २५ | १४२०१८ | २५ |
| SDG 9 | उद्योग प्रवर्तन र पूर्वाधार | १ | ३१०० | १ | ३३८३ | १ | ३६३६ | १ |
| SDG 11 | शहरहरु र समुदायहरुको दिगोपना | १ | ८०० | ० | १५०० | ० | २०५० | ० |
| SDG 12 | उपभोग र उत्पादनमा जिम्मेवारीपना | १ | ४२४०० | ९ | ५२२७५ | १० | ५४५०० | ९ |
| SDG 13 | जलवायु सम्बन्धि कार्य | २ | ५०० | ० | ७७०० | १ | ६७०० | १ |
| SDG 16 | शान्ति न्याय र सुदृढ सँस्थाहरु | ४ | ४६३५० | ९ | ५३०० | १ | ५४०० | १ |
| SDG 17 | लक्षहरुका निम्ति साझेदारीहरु | ६ | १८४०० | ४ | २६३८५ | ५ | ६९६४ | १ |
| | जम्मा | ५० | ४८९००० | १०० | ५३३६९४ | १०० | ५७३७२१ | १०० |

### २.६.४ लैङ्गिक सङ्केतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

लैंगिक संकेतको आधारमा आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. ६ मा प्रस्तुत गरिएको छ।

तालिकाः- ६, लैंगिक संकेतको आधारमा तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)

| **संकेत नम्बर** | **लैंगिक संकेत** | **संख्या** | **२०७९/०८० को अनुमान** | | **२०८०/०८१ को प्रक्षेपण** | | **२०८१/०८२ को प्रक्षेपण** | |
|---|---|---|---|---|---|---|---|---|
| | | | **रकम** | **प्रतिशत** | **रकम** | **प्रतिशत** | **रकम** | **प्रतिशत** |
| १ | निर्दिष्ट | ४ | ५१७४ | १ | ६७५८ | १ | ६७०१ | १ |
| २ | सहयोगी | २२ | २५६२७६ | ५२ | ३०९५०१ | ५८ | ३४५४७८ | ६० |
| ३ | तटस्थ | २४ | २२७५५० | ४७ | २१७४३५ | ४१ | २२१५४३ | ३९ |
| | जम्मा | ५० | ४८९००० | १०० | ५३३६९४ | १०० | ५७३७२१ | १०० |

### २.६.५ जलवायु सङ्केतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

जलवायु संकेतको आधारमा आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. ७ मा प्रस्तुत गरिएको छ।

तालिकाः- ७: जलवायु संकेतको आधारमा तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)

| संकेत नम्बर | जलवायु संकेत | संख्या | २०७९/०८० को अनुमान | | २०८०/०८१ को प्रक्षेपण | | २०८१/०८२ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | अन्त्यन्त सान्दर्भिक | ८ | ८१५० | २ | १९२५० | ४ | २१३०५ | ४ |
| २ | सान्दर्भिक | १४ | २११६२५ | ४३ | २४०१२३ | ४५ | २५८२५३ | ४५ |
| ३ | तटस्थ | २८ | २६९२२५ | ५५ | २७४३२१ | ५१ | २९४१६४ | ५१ |
| | जम्मा | ५० | ४८९००० | १०० | ५३३६९४ | १०० | ५७३७२१ | १०० |

### २.६.६ स्थानीय गौरवका आयोजनाको तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

स्थानीय गौरवका आयोजनाको तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं.८ मा प्रस्तुत गरिएको छ।

तालिकाः- ८ स्थानीय गौरवका आयोजनाको तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)

| क्र.सं. | कार्यक्रम/आयोजना | आ.ब. २०७९/०८० को अनुमान | | | | आ.व. २०८०/०८१ को प्रक्षेपण | | | | आ.व. २०८१/०८२ को प्रक्षेपण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था |
| १ | थर्पु नमुना मा.वि भवन निर्माण | १०१०० | ० | १०१०० | ० | १५००० | ० | १५००० | ० | १५००० | ० | १५००० | ० |
| २ | याङवरक गाँउपालिकाको प्रशासकीय भवन निर्माण, याङवरक-४, पाँचथर | ३९१०० | ० | ३९१०० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | मल्टी प्रपोज कवर्ड निर्माण, याङवरक-५, पाँचथर | १५००० | ० | १५००० | ० | २०००० | ० | २०००० | ० | ० | ० | ० | ० |
| ४ | नागी स्वास्थ्य चौकी निर्माण, याङवरक-६ | | ० | | ० | ६२५० | ० | ६२५० | ० | १८२५० | ० | १८२५० | ० |
| ५ | सिंचाई सुविधा विस्तार | ४२४०० | ० | ४२४०० | ० | ५२२७५ | ० | ५२२७५ | ० | ५४५०० | ० | ५४५०० | ० |
| | जम्मा | १०६६०० | ० | १०६६०० | ० | ९३५२५ | ० | ९३५२५ | ० | ८७७५० | ० | ८७७५० | ० |

## २.६.७ विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

विषय क्षेत्रगत रूपमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. ९ मा प्रस्तुत गरिएको छ । विषय क्षेत्रगत आधारमा तीन आर्थिक वर्षको बजेट, खर्च तथा स्रोतको अनुमान, कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र सांकेतीकरण सम्बन्धी विवरण अनुसूची ३ समावेश गरिएको छ ।

**तालिका नं.-९: आगामी तीन आर्थिक वर्षको विषय क्षेत्रगत खर्चको बाँडफाँडको प्रक्षेपण (रु. हजारमा)**

| क्र.सं. | बिषय क्षेत्र/उपक्षेत्र | आ.ब. २०७९/०८०को अनुमान | | | | आ.व. २०८०/८१ को प्रक्षेपण | | | | आ.व. २०८१/०८२ को प्रक्षेपण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था |
| **१** | **आर्थिक क्षेत्र** | **२५०००** | **१६५००** | **८५००** | **०** | **४५१३८** | **२२९३८** | **२२२००** | **०** | **४८३८६** | **२५८८६** | **२२५००** | |
| १.१ | कृषि | ६६०० | ६६०० | ० | ० | ८५०५ | ८५०५ | ० | ० | ९७४५ | ९७४५ | ० | ० |
| १.२ | पशुपंक्षी | ५८०० | ५८०० | ० | ० | ८५५० | ८५५० | ० | ० | ९५०५ | ९५०५ | ० | ० |
| १.३ | सहकारी | १००० | १००० | ० | ० | ४००० | २५०० | १५०० | ० | ५३०० | ३००० | २३०० | ० |
| १.४ | पर्यटन | ८५०० | ० | ८५०० | ० | २०७०० | ० | २०७०० | ० | २०२०० | ० | २०२०० | ० |
| १.५ | उद्योग व्यापार | ३१०० | ३१०० | ० | ० | ३३८३ | ३३८३ | ० | ० | ३६३६ | ३६३६ | ० | ० |
| **२** | **सामाजिक क्षेत्र** | **२३६७७५** | **१९४६७५** | **४२१००** | **०** | **२४०१६८** | **२१२१६८** | **२८०००** | **०** | **२५७७००** | **२२७८६५** | **२९८३५** | **०** |
| २.१ | शिक्षा | १६०३०० | १४९९०० | १०४०० | ० | १७८५२८ | १६२५२८ | १६००० | ० | १९१२२२ | १७४७२२ | १६५०० | ० |
| २.२ | स्वास्थ्य | ४०३२५ | ३९९२५ | ४०० | ० | ४४५७५ | ४३५७५ | १००० | ० | ४७३६३ | ४५८६३ | १५०० | ० |
| २.३ | महिला बालबालिका तथा सामाजिक समावेशिकरण | १९५० | १९५० | ० | ० | २७२० | २७२० | ० | ० | २७८० | २७८० | ० | |
| २.४ | युवा तथा खेलकुद | २४०० | २४०० | ० | ० | २८०० | २८०० | ० | ० | ३५०० | ३५०० | ० | ० |
| २.५ | खानेपानी तथा सरसफाई | ३०५०० | ० | ३०५०० | ० | १०००० | ० | १०००० | ० | १०७५० | ० | १०७५० | ० |
| २.६ | संस्कृति | १३०० | ५०० | ८०० | ० | १५४५ | ५४५ | १००० | ० | २०८५ | १००० | १०८५ | ० |
| **३** | **पूर्वधार क्षेत्र** | **१११२००** | **०** | **१११२००** | **०** | **९५५७५** | **०** | **९५५७५** | **०** | **९२५००** | **०** | **९२५००** | **०** |
| ३.१ | बस्ती विकास, आवास तथा भवन | ५९४०० | ० | ५९४०० | ० | २८००० | ० | २८००० | ० | २०००० | ० | २०००० | ० |
| ३.२ | सडक तथा यातायात | ० | ० | ० | ० | ८३०० | ० | ८३०० | ० | १०००० | ० | १०००० | ० |
| ३.३ | सिंचाई | ४२४०० | ० | ४२४०० | ० | ५२२७५ | ० | ५२२७५ | ० | ५४५०० | ० | ५४५०० | ० |

| क्र.सं. | बिषय क्षेत्र/उपक्षेत्र | आ.ब. २०७९/०८०को अनुमान | | | | आ.व. २०८०/८१ को प्रक्षेपण | | | | आ.व. २०८१/०८२ को प्रक्षेपण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था |
| ३.४ | झोलुंगे पुल क्षेत्रगत कार्यकर् | २९०० | ० | २९०० | ० | ७००० | ० | ७००० | ० | ८००० | ० | ८००० | ० |
| ३.५ | अन्य पूर्वाधार विकास कार्यक्रम | ६५०० | ० | ६५०० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| **४** | **वन, वातावरण क्षेत्र** | **४२००** | **१४००** | **२८००** | **०** | **१३२६५** | **३२६५** | **१००००** | **०** | **१४३७०** | **४३७०** | **१००००** | **०** |
| ४.१ | वन तथा हरियाली, भू संरक्षण, नदी नियन्त्रण | ७०० | ७०० | ० | ० | ७६५ | ७६५ | ० | ० | ८२० | ८२० | ० | ० |
| ४.२ | बिपद जोखिम व्यवस्थापन,वातावरण संरक्षण | ८०० | ४०० | ४०० | ० | १५०० | ५०० | १००० | ० | २०५० | ५५० | १५०० | ० |
| ४.३ | फोहोरमैला तथा ढल व्यवस्थापन | ३०० | ३०० | ० | ० | ७५०० | १५०० | ६००० | ० | ६५०० | २००० | ४५०० | ० |
| ४.४ | उर्जा, लघु तथा साना जलविधुत (वैकल्पिक उर्जा) | ८०० | ० | ८०० | ० | १००० | ० | १००० | ० | १५०० | ० | १५०० | ० |
| ४.५ | विपद व्यवस्थापन | १६०० | ० | १६०० | ० | २५०० | ५०० | २००० | ० | ३५०० | १००० | २५०० | ० |
| **५** | **संस्थागत विकास, सेवा प्रवाह र सुशासन** | **९६८२५** | **८६४००** | **१०४२५** | **०** | **११८५४८** | **९७०४८** | **२१५००** | **०** | **१३६७६५** | **१३३९०३** | **२७०५०** | **०** |
| ५.१ | निति कानुन तथा शुसासन | ९५० | ५०० | ४५० | ० | १०५० | ५५० | ५०० | ० | ११५० | ६०० | ५५० | ० |
| ५.२ | संगठन तथा सेवा प्रवाह | ६८४०० | ६७४०० | १००० | ० | ७०००० | ६९००० | १००० | ० | ७१५०० | ७०००० | १५०० | ० |
| ५.३ | स्थानिय तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन | ३०० | ३०० | ० | ० | ३२० | ३२० | ० | ० | ३४४ | ३४४ | ० | ० |
| ५.४ | व्यक्तिगत घटनादर्ता तथा सामाजिक सुरक्षा भत्ता व्यवस्थापन | १४०० | १४०० | ० | ० | १६०० | १६०० | ० | ० | १८०० | १८०० | ० | ० |
| ५.५ | अनुसन्धान तथा विकास | १५०० | १५०० | ० | ० | २५०० | २५०० | ० | ० | २६८७.५ | २६८७५. | ० | ० |
| ५.६ | सूचना प्रविधि | १००० | ५०० | ५०० | ० | २५०० | ५०० | २००० | ० | २५०० | ५०० | २००० | ० |
| ५.७ | अन्यत्र वर्गीकृत नभएको | २३२७५ | १४८०० | ८४७५ | ० | ४०५७८ | २२५७८ | १८००० | ० | ५६७८३.५ | ३३७८३.५ | २३००० | ० |
| **६** | **वडा स्तरीय आयोजना कार्यक्रम** | **१५०००** | **४०००** | **११०००** | **०** | **२१०००** | **४५००** | **१६५००** | **०** | **२४०००** | **६०००** | **१८०००** | **०** |
| | **जम्मा** | ४८९००० | ३०२९७५ | १८६०२५ | ० | ५३३६९४ | ३३९९१९ | १९३७७५ | ० | ५७३७२१ | ३९८०२४ | १९९८८५ | ० |

## परिच्छेद-३: आर्थिक क्षेत्र

### ३.१ पृष्ठभुमी

याङवरक गाउँपालिकाको योजनाबद्ध र सन्तुलित विकासको लागि कृषिमा औधोगिकरण, उद्योग व्यावसाय, पर्यटन र प्रवर्द्धन मार्फत उत्पादन, रोजगारी र आय वृद्धि गर्न उपयुक्त योजना तर्जुमा एवं सोको कार्यान्वयन गर्नुपर्ने देखिन्छ । यस गाउँपालिकाको सन्दर्भमा याउँपालिकाको भूउपयोग क्षेत्र तथा योजना तयार गरी सो अनुसार आर्थिक विकास योजनाबद्ध विकासको लागी यस सम्बन्धी संभावना र अवसर, समस्या तथा चुनौती र चाल्नु पर्ने कदम सहित संक्षिप्त विश्लेषण देहायअनुसार गरिएको छ ।

### ३.२ विद्यमान अवस्था, संभावना तथा अवसर

विकासको गतिमा तृब्र रुपमा उदयमान यस याङवरक गाउँपालिका प्रदेश नं. १ को नमुना गाउँपालिका रुपमा अगाडी बढ्ने क्रममा रहेको छ । गाउँपालिको कुल २०८.६३ बर्ग कि.मि. रहेको छ । सन २०१८ मा गरिएको सर्वेक्षण अनुसार ३४२७ घरधुरी रहेको यस गाउँपालिकामा ३४६१ घर परिवार बसोवास गरेको पाइन्छ । तिब्र गतिमा आवास, भौतिक विकास लगायत विकासका कार्यहरु अगाडि बढिरहेको यस क्षेत्रमा ८४.७ प्रतिशत घरपरिवार कृषि पेशामा संलग्न रहेको र खेती प्रणाली भने परम्परागतबाट आधुनिकता तर्फ अघि बढेको अवस्था छ । हाल प्रयोगमा रहेका सिंचाई प्रविधिहरुमा कूलो सिंचाई तथा नयाँ प्रविधिबाट सिंचाई सञ्चालनमा रहेका छन् ।

पशुपंछी पालनको अवस्था हेर्दा बाख्रा, गाई, भैसी कुखुरा पालन रहेको देखिन्छ । खसी बोका, राँगा बंगुर, कुखुराको वार्षिक २५७.८८ मेट्रिक टन मासु उत्पादन भैरहेको देखिन्छ । भैसी तथा गाईपालन व्यवसायबाट बार्षिक १४५५.९६ मेट्रिक टन दुध उत्पादन भई कृषकहरुको आर्थिक उत्पादनको प्रमुख स्रोतको रुपमा रहेको छ भने यहाँ गाईभैंसीपालन फर्म ४ वटा र ८ वटा दुग्धजन्य डेरी उद्योगहरु संचालनमा रहेका छन् । उन्नत प्रविधि, नश्ल र आहार तथा खोर व्यवस्थापन आदिद्वारा पशुपंक्षीपालनलाई व्यावसायीकरण गरी उत्पादकत्व वृद्धि, वजार पूर्वाधारको विकास, उत्पादनमा संलग्न किसानहरुको व्यावसायिक दक्षता अभिवृद्धि जस्ता कार्य गर्न सकेमा गाउँपालिकामा पशुपालन कार्यलाई थप व्यवसायिक, उत्पादन र आयमूलक वनाउन सकिने प्रशस्त संभावना देखिन्छ ।

यस गाउँपालिकामा तिम्बुङपोखरी, लामपोखरी, चिवाभञ्ज्याङ, गुप्तेश्वर महादेव मन्दिर, निशान कालिका धाम जस्ता मनोरम प्राकृतिक, धार्मिक, सांस्कृतिक र पर्यटकीय क्षेत्रहरु रहेका छन् । जैविक विविधता, पोखरी अन्य प्राकृतिक र साँस्कृतिक सम्पदा र लिम्बु सँस्कृती, भाषा र कलाको संरक्षण, प्रवर्द्धन एवं प्रचार प्रसारद्वारा ग्रामीण एवम् कृषि पर्यटन विकास र प्रवर्धनको संभावना प्रशस्त देखिन्छ ।

गाउँपालिकामा करिव १७० वटा ब्यापार ब्यावसाय दर्ता भएर हाल सञ्चालनमा रहेका छन् । गाउँपालिकाको केन्द्र रहेको थर्पु वजार तथा गाउँपालिका भित्र करिव २५ वटा खाने वस्ने व्यवस्था भएका होटल सहित होटल, लज रहेका छन् । स्थानीय कला सँस्कृति, खानपान, कला, उत्पादन, स्वागत सत्कारमा आधारित पर्यटन ब्यावसाय र उद्योग प्रमुख संम्भावना रहेको देखिन्छ । प्रचार प्रसार, बजार ब्यवस्था, बजारीकरण, भौतिक पूर्वाधारको ब्यवस्था जस्ता कुराहरुको प्रबर्द्धन गर्न सकेमा उद्योग, ब्यापार तथा ब्यवसाय सिर्जना र विकास मार्फत गाउँपालिकाको आर्थिक विकासमा ठूलो टेवा पुग्ने प्रमुख संम्भावना रहेको छ । यस गाउँपालिकामा २७ वटा सहकारी संस्थाहरु, ७ वटा सेवा प्रदायक वित्तीय संस्थाहरु रहेका छन् जस मध्ये २ वटा बैंक, ५ वटा लघु वित्त संस्थाका शाखा रहेका छन् ।

## ३.३ समस्या र चूनौति

याङवरक गाउँपालिका खाद्यन्न्न वाली धान, मकै तथा गहुँ भईसकेको हालको अवस्थामा पनि परम्परागत निर्वाहमुखी खेती प्रणाली कायम रहेको छ। भू-उपयोग नीतिको अभावमा खेतीयोग्य र हरित क्षेत्र खुम्चदै जानु, समयमा गुणस्तरीय बीउ, मल र प्राविधिक सेवा उपलब्ध नहुनु आदि यस क्षेत्रका प्रमुख समस्याहरु हुन्। यसै गरी स्थानीय स्तरमा बीउ उत्पादन, संरक्षण र उपयोग हुन नसक्नु, जंगली जनावारको कारण खेतीबालीमा क्षती पुग्नु, लागत लाभको दृष्टिकोणमा खेती प्रणाली खर्चिलो हुनु, सिंचाई सुविधा कमी हुँदा मौसमी खेती हुनु तथा मौसमी रुपमा जग्गा बाँझो रहनु, पकेट खेती विकास कार्यक्रम नहुनु एवं प्रवर्द्धनात्मक कार्यक्रम संचालन नहुनु, खेतीयोग्य जमिन खण्किरण हुनु यस क्षेत्रका प्रमुख समस्या रहेका छन्।

झण्डै ५० प्रतिशत भन्दा बढी गाउँवासी पशुपालनमा संलग्न रहेको यस क्षेत्रमा अझै पनि परम्परागत वा निर्वाहामुखी प्रणालीबाट पशुपंक्षीपालन हुनु र व्यवसायलाई दिगो रुपमा सञ्चालन गर्न नसक्नु यस व्यवसायको प्रमुख चुनौतीको रुपमा देखिएको छ। उन्नत जातको गाईभैसी, बाख्रापालन नहुनु, आधुनिक किसिमको गोठ, खोरको व्यवस्थापनमा कमी तथा सरल कर्जाको व्यवस्था नहुनु, उत्पादकत्व वृद्धि, वजार पूर्वाधारको विकास, उत्पादनमा संलग्न किसानहरुको व्यवसायिक दक्षता अभिवृद्धिजस्ता कार्य यस क्षेत्रका समस्या रुपमा रहिरहेको छ। एग्रोभेट केन्द्र तथा व्यवसायको कमी हुनु, उन्नत जातको घाँस खेती र चरन क्षेत्रको कमी, दक्ष जनशक्तिको कमी पशु स्वास्थ्य उपकरणको कमी, पशु प्रसार सेवाको कमी जस्ता पक्ष पनि थप समस्याको रुपमा रहेको छ।

पर्यटन प्रवर्द्धनको निम्ति आवश्यक नीति नियम नहुनु, पर्यटकीय विकासको लागि आवश्यक सूचना, पथ प्रदर्शकहरु लगायत प्रवर्धनात्मक कार्यहरुको कमी हुनु, पर्यटन विकासमा नीजि क्षेत्र, गैर सरकारी र समुदायको समन्वय र सहकार्यमा कमी हुनु र सो क्षेत्रमा बैंक तथा वित्तीय संस्थाको लगानी नहुनु यस क्षेत्रका प्रमुख समस्याको रुपमा रहेको देखिन्छ।

सङ्घीय शासन प्रणाली कार्यान्वयन पछि उद्योग, ब्यापार तथा ब्यावसायको दर्ता, नविकरण, कर तथा नियमन प्रक्रिया रहेको नीतिगत तथा कानूनी जटिलताको कारण गाउँपालिकामा धेैरैजसो उद्योग, ब्यापार र ब्यावसायहरु दर्ता, नविकरण नभइ संचालनमा रहेका छन्। नीतिगत तथा कानूनी प्रक्रियामा स्पष्टता ल्याई सो अनुसार उपरोक्त उद्योग, ब्यापार र ब्यवसायलाई नगरपालिकामा दर्ता गर्ने, सालबसाली नविकरण गर्ने र नियमित र सहज रुपमा व्यावसाय कर तथा दस्तुर संकलन एक प्रमुख समस्या तथा चूनौति रुपमा रहेको छ।

सहकारी संचालनमा कर्मचारी एवं पदाधिकारीहरुको क्षमतामा कमी, सहकारीहरुको नियमित एवं प्रभावकारी अनुगमन नहुनु, वित्तीय संस्थाबाट लिइने ऋणको सदुपयोग हुन नसक्नु एवं ब्यवसायको लागि ऋणको जोखिम उठाउने क्षमतामा कमी, स्थानीय समुदायमा आम्दानी तथा बचतको अभ्यासमा कमी रहनु यस क्षेत्रको विस्तारमा चुनौतीको रुपमा रहेको छ।

## ३.४ आवधिक योजना अनुसार विषय क्षेत्र लक्ष्य, उद्देश्य र रणनीति

### ३.४.१ लक्ष्य

गाउँपालिकाको आर्थिक विकास क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छः

- उत्पादन, उत्पादकत्वमा अभिवृद्धि गरी रोजगारी र आयमा दीगो वृद्धि हुने

### ३.४.२ उद्देश्य

गाउँपालिकाका आर्थिक विकास क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्ः

१) आधुनिक तथा व्यवसायिक खाद्यान्न उत्पादनमा बृद्धि गरी आत्मनिर्भर बनाउनु।

२)	खेतीयोग्य भूमीमा नयाँ प्रविधिबाट भरपर्दो सिंचाई सुविधा उपलव्ध गराउनु।
३)	पशुपालन व्यवसायलाई आधुनिक बनाई दुध, मासु तथा अण्डा उत्पादनमा आत्मनिर्भर बनाउनु।
४)	उद्योग, व्यपार, व्यवसाय तथा पर्यटनलाई प्रवर्द्धन गरी रोजगारीको सिर्जना गर्नु।
५)	बैंक, वित्तीय संस्था तथा सहकारीहरुलाई प्रवर्द्धन र नियमन गरी आम नागरिको सेवा पहुँच कायम गर्नु।

### ३.४.३ रणनीति

गाउँपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न देहायअनुसारका रणनीति अवलम्बर गरिनेछः

- कृषि क्षेत्रलाई आधुनिकीकरण तथा व्यवसायिकीकरणको माध्यमबाट उत्पादनमा बृद्धि गरी आत्मनिर्भर बनाउने।
- खेतीयोग्य भूमीमा आधुनिक प्रविधि प्रयोग गर्दै भरपर्दो सिंचाई सुविधा उपलव्ध गराउने।
- कृषि तथा पशुपन्छी उत्पादनहरुको व्यवसायिकरण गरी प्रवर्द्धन एवं प्रोत्साहन गर्ने।
- कृषि तथा पशु उत्पादनको बजारीकरणका लागि व्यवस्थापन गर्ने
- स्थानीय उत्पादनमा आधारित साना तथा लघु उद्योग व्यपार, व्यवसाय तथा पर्यटनलाई प्रवर्द्धन गरी रोजगारीको अभिवृद्धि गर्ने ।
- बैंक, वित्तीय संस्था तथा सहकारीहरुको सेवालाई प्रभावकारी बनाई सेवामा सवैको पहुँच कायम गर्ने।
- स्थानीय तथा विदेशबाट फर्केका युवा तथा वेरोजगारलाई स्वरोजगार उपलव्ध गराउने।

## ३.५ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

आर्थिक विकास क्षेत्रको विषय क्षेत्रगत सूचक र मध्यमकालिन लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

**बिषय उपक्षेत्रगत मध्यमकालीन नतिजा सूचक र लक्षको ढाँचा**

| सूचक | एकाई | गत आ.व. सम्मको वास्तविक उपलब्धि | चालू आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालिन लक्ष | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| **कृषि विकास कार्यक्रम** | | | | | | |
| उत्पादन सामग्रीमा अनुदानको व्यवस्थान | परिवार | ० | ५३२ | ५३२ | ५५० | ६०० |
| कृषि उद्यम सम्बर्द्धन कार्यक्रम | स्थान | ० | ३ | ६ | ६ | ६ |
| बाँली बिमा कार्यक्रम | हेक्टर | ० | ० | ५० | १०० | १५० |
| **पशु विकास प्रवर्द्धन कार्यक्रम** | | | | | | |
| पशु नष्ल सुधार कार्यक्रम | संख्या | ० | ० | २०० | ४०० | ७०० |
| **उद्योग र व्यापार प्रवर्द्धन कार्यक्रम** | | | | | | |
| चिया प्रशोधन केन्द्र स्थापना सहयोग कार्यक्रम | संख्या | ० | ० | १ | १ | १ |
| **स्थानीय साँस्कृतिक तथा पर्यटन प्रवर्द्धन कार्यक्रम** | | | | | | |
| स्थानीय साँस्कृतिक बाध्यवादन वितरण कार्यक्रम | समूह | ० | ० | १ | १ | १ |
| **सहकारी प्रवर्द्धन कार्यक्रम** | | | | | | |
| सहकारीहरुलाई लेखा व्यवस्थापन तालिम | संख्या | ० | ० | २७ | २७ | २७ |
| **श्रम तथा रोजगार प्रवर्द्धन कार्यक्रम** | | | | | | |
| साँगा पोखरी धार्मिक पर्यटकिय पदमार्ग निर्माण | संख्या | ० | ० | २० | २५ | ३० |

## ३.६ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

कृषि विकास शाखा

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ६६०० | ६६०० | ० | ० | ० | ६६०० | ० | ० |
| २०८०/८१ | ८५०५ | ८५०५ | ० | ० | ० | ८५०५ | ० | ० |
| २०८१/८२ | ९७४५ | ९७४५ | ० | ० | ० | ९७४५ | ० | ० |

पशु विकास शाखा

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ५८०० | ५८०० | ० | ० | ० | ५८०० | | ० |
| २०८०/८१ | ८५५० | ८५५० | ० | ० | ० | ८५५० | | ० |
| २०८१/८२ | ९५०५ | ९५०५ | ० | ० | ० | ९५०५ | | ० |

सहकारी

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | १००० | १००० | ० | ० | ० | ५०० | ५०० | ० |
| २०८०/८१ | ४००० | २५०० | १५०० | ० | ० | ४००० | ० | ० |
| २०८१/८२ | ५३०० | ३००० | २३०० | ० | ० | ४८०० | ५०० | ० |

पर्यटन

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ८५०० | ० | ८५०० | ० | ० | ८५०० | ० | ० |
| २०८०/८१ | २०७०० | ० | २०७०० | ० | ० | २०७०० | ० | ० |
| २०८१/८२ | २०२०० | ० | २०२०० | ० | ० | २०२०० | ० | ० |

उद्योग

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ३१०० | ३१०० | ० | ० | ० | ३००० | १०० | ० |
| २०८०/८१ | ३३८३ | ३३८३ | ० | ० | ० | ३३८३ | ० | ० |
| २०८१/८२ | ३६३६ | ३६३६ | ० | ० | ० | ३६३६ | ० | ० |

## ३.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| सि.नं. | उपक्षेत्र/ कार्यक्रम/ आयोजना | उद्देश्य | आयोजना/ कार्यक्रमको अवधि (शुरु र समाप्ती) | अनुमानित लागत (रु.हजारमा) | आगामी ३ वर्षको अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| **१** | **कृषि विकास शाखा** | | | | |
| १.१ | कृषि प्रसार कार्यक्रम | कृषकहरुको ज्ञान, सिप तथा मनोवृत्ति विकास गर्ने | २०७९/०८०-२०८१/०८२ | ४५०० | कृषकहरुको आय आर्जन वृद्धि गर्दै जीवनस्तर सुधारिएको हुनेछ। |
| १.२ | कृषि विकास कार्यक्रम | माटो जाँच, सुधार तथा बालीनालीलाई रोग र किराबाट संरक्षण गर्दै तरकारी, पुष्प तथा फलफुल उत्पादन, प्रशोधन गरी कृषकको आयमा टेवा पुर्याउनु। | २०७९/०८०-२०८१/०८२ | ९१०० | गुणस्तरीय उत्पादन भइ आय आर्जन वृद्धि भएको हुनेछ। |
| १.३ | कृषि प्रवर्द्धन कार्यक्रम | कृषिमामा यान्त्रीकरणलाई प्रवर्द्धन गर्ने, व्यवसायिक उत्पादनमा जोड दिइ कृषिलाई उद्योगको रुपमा विकास गर्ने, बार्षिक रुपमा संञ्चालन हुदै आएका योजना तथा कार्यक्रम र कृषकका समस्याहरु समाधानका लागि नियमित रुपमा अनुगमन गरी पृष्ठपोषण दिने | २०७९/०८०-२०८१/०८२ | ६७०० | कृषकको जीवनस्तर/खेती प्रविधिमा सुधार भएको हुनेछ। |

| सि.नं. | उपक्षेत्र/ कार्यक्रम/ आयोजना | उद्देश्य | आयोजना/ कार्यक्रमको अवधि (शुरु र समाप्ती) | अनुमानित लागत (रु.हजारमा) | आगामी ३ वर्षको अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| १.४ | पकेट विकास कार्यक्रम | PMAMP अनुसार विभिन्न बालीको पकेट क्षेत्र विकास गर्ने | २०७९/०८०-२०८१/०८२ | ४५५० | प्रत्येक वडाहरुमा सम्भावित बाली बस्तुको पकेटहरु सञ्चालन भइ उत्पादन वृद्धि हुनेछ। |
| | | | **कृषि विकास जम्मा** | **२४८५०** | |
| **२** | **पशुपंक्षी विकास शाखा** | | | | |
| २.१ | पशुपंक्षी स्वास्थ्य तथा नश्ल सुधार कार्यक्रम | पशुबस्तुको स्वास्थ्यमा सुधार ल्याई गुणस्तरीय उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्ने | २०७९/०८०-२०८१/०८२ | १२६८० | |
| २.२ | पशुपंक्षी व्यवसाय प्रवर्द्धन तथा गुणस्तर सुधार कार्यक्रम | व्यवसायलाई व्यवस्थित र दिगो बनाइ थप जीविको पार्जनमुखी बनाउने, उत्पादन र उत्पादकत्वमा अभिवृद्धि गर्ने | २०७९/०८०-२०८१/०८२ | ९६०० | |
| २.३ | व्यवसायिक सिप विकास तथा अनुगमन मूल्याङ्कन | कृषकहरुको क्षमता विकास गरी आधुनिक र प्रविधिमूलक व्यवसाय सिर्जना गर्ने | २०७९/०८०-२०८१/०८२ | १५७५ | |
| | | | **पशुपंक्षी विकास शाखा जम्मा** | **२३८५५** | |
| **३** | **सहकारी शाखा** | | | | |
| ३.१ | सहकारी क्षमता विकास कार्यक्रम | अर्थतन्त्रको सवल स्तम्भको रुपमा विकास गर्ने | २०७९/०८०-२०८१/०८२ | ३५०० | हरेक सहकारी संस्थाको कार्यालयहरु व्यवस्थित भएका हुनेछन्। |
| ३.२ | सहकारी प्रवर्द्धन कार्यक्रम | प्रत्येक पकेट क्षेत्रमा फलफुल तथा तरकारी उत्पादन गर्ने कृषकहरुको एउटा वा एक भन्दा बढी | २०७९/०८०-२०८१/०८२ | ६८०० | स्थानीय उत्पादनलाई सहकारी मार्फत बजारिकरण गरी कृषकहरुको आय |

| सि.नं. | उपक्षेत्र/ कार्यक्रम/ आयोजना | उद्देश्य | आयोजना/ कार्यक्रमको अवधि (शुरु र समाप्ती) | अनुमानित लागत (रु.हजारमा) | आगामी ३ वर्षको अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| | | प्रारम्भिक कृषि सहकारी संस्था छनौट गर्ने। | | | आर्जन वृद्धि भइ आत्म निर्भर हुनेछन्। |
| **४.** | **उद्योग शाखा** | | | | |
| ४.१ | उद्योग प्रवर्द्धन कार्यक्रम | उद्यमी तथा लघु उद्योग सिर्जना गरी रोजगारी सिर्जना गर्ने | २०७९/०८०-२०८१/०८२ | १०११९ | आय, आर्जन वृद्धि भइ जीवन सुधारिएको हुनेछ। |
| **५** | **पर्यटन शाखा** | | | | |
| ५.१ | पर्यटन प्रवर्द्धन कार्यक्रम | पर्यटन प्रवर्द्धन गरी रोजगारी सिर्जना गर्ने | २०७९/०८०-२०८१/०८२ | ४९४०० | आय, आर्जन वृद्धि भइ जीवन सुधारिएको हुनेछ। |

### ३.८ जोखिम पक्ष तथा अनुमान

आयोजना कार्यान्वयनमा सम्बन्धित निकाय बीच क्रियाशिल समन्वय, श्रोत व्यवस्थापन, योजना तर्जुमा र कार्यान्वयन र सेवा प्रवाहमा प्रभावकारिता बृद्धि हुनेछ। संघीय सरकार, प्रदेश सरकार र सहयोगी संस्थाहरु बीच प्रभावकारी सहयोग, समन्वय र सहकार्य, संगठनात्मक र मानव श्रोत र सेवा व्यवस्थापन, कृषि प्रविधि, विउविजन, यान्त्रिकीकरण, भरपर्दो सिंचाई प्रणाली, भूस्वामित्व, पशु आहार, पूर्वाधार र बजारीकरण जस्ता कार्यहरुको एकीकृत व्यवस्थापन हुन नसके अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम उत्पन्न हुन सक्दछ। यसका अलवा जलवायु परिवर्तनको असर, कृषि उपजको आयात र कृषि जमीन उपयोगमा परिवर्तन यस क्षेत्रका संभावित जोखिम पक्षको रुपमा रहेका छन्।

# परिच्छेद-४: सामाजिक क्षेत्र

## ४.१ शिक्षा

### ४.१.१ पृष्ठभूमि

नेपालको संविधानले शिक्षा सम्बन्धि हकलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको वर्तमान अवस्थामा शिक्षा प्रणालीलाई सामाजिक र आर्थिक रुपान्तरणको संवाहकको रुपमा लिएको छ। सबै तह र विधामा बालबालिकाहरुको समतामूलक पहुँच सुनिश्चित गरी गुणस्तरीय शिक्षा प्रदान गर्दै रोजगारी तथा व्यवस्थापकीय क्षमता समेत अभिवृद्धि गरी विकासका लक्ष्यहरु हासिल गर्न वर्तमान शिक्षा नीति र कार्यक्रमहरु उन्मुख रहेका छन् । यसैगरी याङवरक गाउँपालिकामा सबै तह र विधाका शैक्षिक पूर्वाधारहरुको विस्तार गरी विभिन्न कारणले समुदायमा पछि परेका बालबालिकाहरु सबै तहको भर्नादरमा उल्लेख्य वृद्धि गरी माध्यमिक र उच्च शिक्षासम्म प्राविधिक तथा व्यवसायिक क्षेत्रलाई समेत विस्तार गरी गुणात्मक शिक्षाको विकास गर्नु वर्तमान शिक्षाको मुख्य प्राथमिकता रहेको छ।

यस गाउँपालिकामा हाल ३५ वटा बालविकास केन्द्रहरु सञ्चालनमा रहेका छन् जसमध्ये १० वटा समुदायमा रहेका छन् भने २५ वटा विद्यालयमा आधारित रहेका छन्। त्यसैगरी कक्षा १-३ सञ्चालित सामुदायिक विद्यालय ५ वटा, १-५ सञ्चालित १८, १-८ सञ्चालित ७, १-१० सञ्चालित ३, १-१२ सञ्चालित-४, एउटा सामुदायिक क्याम्पस र ६ वटा संस्थागत विद्यालयहरु रहेका छन्। सामुदायिक विद्यालयमा आधारभूत तह १-५, ६-८, माध्यमिक तह ९-१० र ११-१२ मा महिला शिक्षकको सहभागिता प्रतिशत क्रमशः ४४.७१, १५.१५, ७.२९ र ३३.३३ पुगेको छ। यसैगरी प्राविधिक शिक्षा र व्यवसायिक तालिममा लक्षित समूहको पहुँच बढेको छ। सबै तह र विधाका शैक्षिक पूर्वाधारहरुको विस्तार भएको, महिला, दलित, जनजाति र अपाङ्गता भएका एवम् सिमान्तकृत समुदायका बालबालिका र विद्यार्थीहरुको सबै तहमा भर्नादरमा उल्लेखनीय रुपमा वृद्धि भएको, साधारण शिक्षाको अतिरिक्त माध्यमिक र उच्च शिक्षासम्म प्राविधिक तथा व्यवसायिक धारलाई विस्तार गर्न मार्ग प्रशस्त भएको छ।

### ४.१.२ समस्या तथा चुनौति

वर्तमान अवस्थामा समाजमा पछि परेका समुदायका बालबालिकाहरुलाई विद्यालयको पहुँचमा पूर्ण रुपमा ल्याउन नसक्नु र सामुदायिक विद्यालयहरुमा अभिभावकहरुको आकर्षण क्रमशः घट्दै जानु प्रमुख समस्याको रुपमा रहेको र शिक्षालाई आधुनिक प्रविधिको पहुँचसँग विस्तार गर्दै गुणस्तरीय तथा रोजगारमूलक शिक्षाको विस्तार गर्नु मुख्य चुनौतिको रुपमा रहेको छ।

### ४.१.३ लक्ष्य

- सबैलाई जीवनोपयोगी शिक्षाको अवसर प्रदान गर्दै जीवनपर्यन्त सिकाइ उन्मुख तथा नवप्रवर्तनशील शैक्षिक प्रणालीको विकास गर्ने;
- समयानुकुल गुणस्तरीय, व्यवसायिक र रोजगारमूलक शिक्षा प्रदान गर्ने;
- नमुना तथा प्राविधिक विद्यालयहरुलाई व्यवस्थित गरी अन्तराष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्ने नागरिक तयार गर्ने।

### ४.१.४ रणनीति

- विद्यालयहरुको भौतिक अवस्थाको सुधार गरी शिक्षालाई प्रविधिमैत्री बनाईने छ।
- शैक्षिक गुणस्तर वृद्धि गर्न शिक्षकहरुको क्षमतामा अभिवृद्धि गरिने छ।
- शिक्षाको पहुँचभन्दा बाहिर रहेका बालबालिकाहरुलाई शिक्षाको मूलधारमा ल्याउन वालमैत्री तथा प्रोत्साहनमूलक कार्यक्रमहरु सञ्चालन गरिने छ।

### ४.१.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | इकाइ | गत आ.व. सम्मको वास्तविक उपलब्धि | चालू आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालिन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७९/०८० | ०८०/०८१ | ०८१/०८२ |
| १ | थर्पु नमुना मा.वि.को भवन निर्माण | प्रतिशत | ० | ०.०० | ३३.३३ | ६६.६६ | १००.०० |
| २ | शिक्षक तालिम | जना | १२० | १४५ | १७६ | २१३ | २५७ |

### ४.१.६ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

१. शैक्षिक गुणस्तर सुधार

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | २७२४६००० | २७२४६००० | ० | ० | ० | २७२४६००० | ० | ० |
| २०८०/८१ | ३००००००० | ३००००००० | ० | ० | ० | ३००००००० | ० | ० |
| २०८१/८२ | ३५०००००० | ३५०००००० | ० | ० | ० | ३५०००००० | ० | ० |

२. अन्य नियमित शैक्षिक क्रियाकलाप

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | १२२६५४००० | १२२६५४००० | ० | ० | ० | ११४६५४००० | ८०००००० | ० |
| २०८०/८१ | १२२६५४००० | १२२६५४००० | ० | ० | ० | १२२६५४००० | ० | ० |
| २०८१/८२ | १४६६५४००० | १४६६५४००० | ० | ० | ० | १४६६५४००० | ० | ० |

३. विद्यालय मर्मत

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ३००००० | ० | ३००००० | ० | ० | ३००००० | ० | ० |
| २०८०/८१ | १०००००० | ० | १०००००० | ० | ० | १०००००० | ० | ० |
| २०८१/८२ | १५००००० | ० | १५००००० | ० | ० | १५००००० | ० | ० |

४ थर्पु नमुना मा.वि भवन निर्माण

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | १०१००००० | ० | १०१००००० | ० | ० | १०१००००० | ० | ० |
| २०८०/८१ | १५०००००० | ० | १५०००००० | ० | ० | १५०००००० | ० | ० |
| २०८१/८२ | १५०००००० | ० | १५०००००० | ० | ० | १५०००००० | ० | ० |

### ४.१.७ कार्यक्रम योजनाको संक्षिप्त विवरणको ढाँचा

| क्र. सं. | उपक्षेत्र/कार्यक्रम/ आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| १ | शैक्षिक गुणस्तर सुधार | विद्यालय तथा विद्यार्थीहरुको शैक्षिक क्षमतामा अभिवृद्धि गर्दै गुणस्तरीय शिक्षा प्रदान गर्ने | सालबसाली | ९२२४६ | आधुनिक विश्व वजारमा प्रतिस्पर्धा गर्न सक्ने सक्षम जनशक्ति तयार हुन सक्ने |
| २ | अन्य नियमित शैक्षिक क्रियाकलाप | शिक्षक तथा कर्मचारीहरुलाई पेशाप्रति आकर्षण गराई जिम्मेवार र उत्तरदायी बनाउने | सालबसाली | ३९१९६२ | शिक्षक तथा कर्मचारीहरु पेशा प्रति उत्तरदायी भई शिक्षण सिकाई क्रियाकलापमा सुधार हुनु |
| ३ | विद्यालय भवन मर्मत संभार | आधुनिक बालमैत्री तथा प्रविधिमैत्री भौतिक संरचनाको विकास गर्ने | सालबसाली | २८०० | आधुनिक बालमैत्री तथा प्रविधिमैत्री भौतिक संरचनाको विकास भई शिक्षण सिकाई क्रियाकलाप सहज हुनु |
| ४ | थर्पु नमुना मा.वि भवन निर्माण | प्रविधिमैत्री गुणस्तरीय शिक्षा प्रदान गर्ने | ०७८।०७९-०८०।०८१ | ४४३०० | सिकाइ उपलब्धिमा वृद्धि गरी दक्ष एवम् सक्षम जनशक्ति तयार गर्नु |
| | | | **जम्मा** | **५३१३०८** | |

### ४.१.८ जोखिम पक्ष अनुमान

शिक्षण प्रणाली आधुनिकीकरण गर्नका लागि सामुदायिक, संस्थागत एवं निजी क्षेत्र समेतले समुचित स्रोत र लगानीको प्रभावकारी व्यवस्थापन गर्ने, साक्षरता वृद्धि गर्ने र भिन्न क्षमता भएका व्यक्तिहरूको समेत शिक्षाको हक सुनिश्चित गर्ने कार्यमा टोल विकास संस्था, राजनीतिक दल, गैरसरकारी संस्थाहरूको समेत सहकार्य रहने र स्थानीय भाषा, कला र साहित्यको समेत संरक्षणमा सवैको चासो वृद्धि हुने अनुमान गरीएको छ।

सरकारी, गैरसरकारी, एवं निजी क्षेत्रले शिक्षामा गरेको स्रोत र लगानीको समुचित व्यवस्थापनका सम्बन्धमा आवश्यक नियमन र अनुगमन, भिन्न क्षमता भएका व्यक्तिहरूको शिक्षाका लागि थप लगानीको सुनिश्चितता, विद्यालयहरूको आवश्यकताका आधारमा शिक्षालाई प्रतिस्पर्धी, बैज्ञानिक, नवप्रवर्तनात्मक र अनुसन्धानात्मक बनाउनका लागि पूर्वाधार र शैक्षिक सामाग्रीमा पर्याप्त सहयोग जस्ता कार्यहरू हुन नसकेको अवस्थामा उद्देश्य प्राप्ति नहुने जोखिम रहन्छ।

## ४.२ स्वास्थ्य तथा पोषण

### ४.२.१ पृष्ठभूमि

आधारभूत शिक्षा र स्वास्थ्य स्थानीय तहको अधिकार क्षेत्रभित्र पर्ने गरी संविधानमा प्रत्याभूत गरिएकोछ। गाउँपालिकामा स्वास्थ्य शाखासहित प्रत्येक वडामा स्वास्थ्य चौकीहरुको व्यवस्था गरिएको छ। नेपाल सरकारको स्थानीय तहमा एक-एक वटा अस्पताल निर्माण गर्ने घोषित नीति रहेको छ। गाउँपालिकाको वडा नं. ४ मा १५ शैयाको अस्पताल निर्माणाधिन अवस्थामा रहेको छ। गाउँपालिकामा सबैका लागि आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्न थप दुई ओटा सामुदायिक स्वास्थ्य इकाइ र एक आधारभूत स्वास्थ्य केन्द्र स्थापना गरिएको छ। स्वास्थ्य चौकी च्याङ्थापु र स्वास्थ्य चौकी थर्पुमा ल्याव सेवा सञ्चालन गरी सेवा प्रदान गरिएको छ। याङवरक गाउँपालिका कोभिड-१९ विरुद्धको पूर्ण खोप सुनिश्चित गाउँपालिका घोषणा अन्तिम चरणमा पुगेको छ। बाल मृत्युदर, मातृ मृत्युदर घटाई बेला-बेलामा हुने महामारी रोगहरुको नियन्त्रण गर्नु आजको आवश्यकता हो।

### ४.२.२ समस्या तथा चुनौति

- वर्तमान अवस्थामा दिगो विकासको लक्ष्य अनुसारको प्रगति गर्न सकिएको छैन।

### ४.२.३ लक्ष्य

- याङवरक गाउँपालिकाको स्वास्थ्य सेवालाई प्रविधिमैत्री, सर्वसुलभ र गुणस्तरीय बनाउने।
- निःशुल्क औषधि वितरण कार्यक्रमलाई प्रभावकारी बनाउने।
- दिगो विकासको लक्ष्य अनुसारको प्रगति गर्न मातृ मृत्युदर, नवजात शिशु मृत्युदर शून्यमा झार्ने।

### ४.२.४ रणनीति

- ई-उपचारको विकास गर्ने।
- स्वास्थ्य संस्थाहरुमा आधुनिक औजार उपकरण तथा प्रविधिको व्यवस्था गर्ने।
- मातृ तथा नव शिशु कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरी उक्त कार्यक्रमको सूचकहरु उल्लेख्य रुपमा वृद्धि गर्ने।
- दिर्घ रोगीलाई विशेष उपचारको व्यवस्था गर्ने।
- याङवरक गाउँपालिकामा पोषण स्तर सुधार गरी पोषणमैत्री गाउँपालिका घोषणा गर्ने।
- कोभिड-१९ रोग विरुद्धको पूर्ण खोप गाउँपालिका घोषणा गर्ने।

### ४.२.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| सूचक | एकाई | गत आ.व. सम्मको वास्तविक उपलब्धि | चालू आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालिन लक्ष | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| नागी स्वास्थ्य चौकी निर्माण | प्रतिशत | ० | ०.०० | ३३.३३ | ६६.६६ | १००.०० |
| जन्मदेखि २ वर्षसम्मका बालबालिकाहरुको वृद्धि अनुगमन | जना | ४५० | ४५५ | ४५९ | ४६४ | ४६८ |
| सुरक्षित प्रसुति सेवा | जना | २५० | ३०० | ३५० | ४०० | ४५० |

## ४.२.६ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| स्वास्थ्य प्रवर्धन | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ३६१४३००० | २५७४३००० | ४००००० | | | ३५८४३००० | ३००००० | |
| २०८०/८१ | ३९९३८०१५ | ३८९३८०१५ | १०००००००० | | | ३९९३८००१५ | | |
| २०८१/८२ | ४१९३४९०२ | ४०४३४९०२ | १५००००००० | | | ४१९३४९०२ | | |
| जम्मा- | ११८०१५९१७ | १०५११५९१७ | २५४०००००० | ० | ० | ४७७१५७९१७ | ३००००० | ० |

| पोषण प्रवर्धन | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ९६३००० | ९६३००० | | | | ९६३००० | | |
| २०८०/८१ | १०६४११५ | १०६४११५ | | | | १०६४११५ | | |
| २०८१/८२ | ११७५८४७ | ११७५८४७ | | | | ११७५८४७ | | |
| जम्मा- | ३२०२९६२ | ३२०२९६२ | ० | ० | ० | ३२०२९६२ | ० | ० |

| मातृ तथा नवशिशु | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ३२१९००० | ३२१९००० | | | | ३२१९००० | | |
| २०८०/८१ | ३५५६९९५ | ३५५६९९५ | | | | ३५५६९९५ | | |
| २०८१/८२ | ३९३०४७९ | ३९३०४७९ | | | | ३९३०४७९ | | |
| जम्मा- | १०७०६४७४ | १०७०६४७४ | ० | ० | ० | १०७०६४७४ | ० | ० |

## ४.२.७ कार्यक्रम योजनाको संक्षिप्त विवरणको ढाँचा

| क्र.सं. | उपक्षेत्र/ कार्यक्रम/ आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| १ | स्वास्थ्य प्रवर्धन कार्यक्रम | जनस्वास्थ्यमा सुधार गर्ने | सालबसाली | ११६४०४ | जनस्वास्थ्यमा सुधार भई स्वास्थ्य सुचकहरु उल्लेखनीय रुपमा सुधार हुनेछ। |
| २ | मातृ तथा नवशिशु कार्यक्रम | मातृ तथा नवशिशु विरामीदर तथा मृत्युदर घटाउने । प्रजनन दर सि.पि.आर. जस्ता सुचक वढाउने। | सालबसाली | ३२१०१ | मातृ तथा नवशिशु विरामीदर तथा मृत्युदर घटाई प्रजनन दर सि.पि.आर. जस्ता सुचकमा प्रगति भएको हुने । |
| ४ | पोषण प्रवर्धन कार्यक्रम | पोषणलक्षित वर्गहरु जस्तै बालबालिका,किशोरी,गर्भवतिको पोषण अवस्था सुधार गर्ने। | सालबसाली | १०७००६ | पोषणलक्षित वर्गहरु जस्तै बालबालिका,किशोरी,गर्भवतिको पोषण अवस्था सुधार भएको हुने। |
| | | | **जम्मा** | **२५५११** | |

### ४.२.७ जोखिम पक्ष अनुमान

गर्भजाँच, प्रसुती, खोप, पोषण, महामारीको नियन्त्रण जस्ता बहुपक्षीय सरोकारको विषयका संयन्त्रहरू प्रभावकारी रूपमा परिचालन हुने, महिला स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता विकास भई प्रभावकारी रुपमा कार्यजिम्मेवारी पुरा गरेको हुने, जनप्रतिनिधि, शिक्षक, टोल विकास संस्था तथा सरोकारवालाले समेत गर्भ जाँच, खोप तथा पोषणको बारेमा सामाजिक सचेतना जगाएको हुने, स्वास्थ्य पूर्वाधारहरूको विकासमा संघीय तथा प्रदेश सरकारवाट समन्वय भई उल्लेखनीय स्रोतहरू प्राप्त हुने अनुमान गरिएको छ।

विश्वव्यापी रूपमा फैलिरहेको कोभिड १९ जस्ता प्रकृतिका महामारीहरू समयमा नै प्रतिरोध गर्ने गरी आवश्यक स्रोत, साधन र संरचनाहरू तयारी अवस्थामा राख्न नसकेमा, स्वास्थ्य सेवाका अतिरिक्त अन्तर्सम्वन्धित पूर्वाधारहरू जस्तै सडकको पँहुच, द्रुत एम्वुलेन्स, यातायात सेवाहरू लगायतको समुचित व्यवस्थापन हुन नसकेमा, पुर्वाधार तथा सामाजिक सचेतनाको लागि पर्याप्त स्रोतको व्यवस्थापन हुन नसकेमा जोखिम यथावत रहने देखिन्छ।

## ४.३ महिला तथा बालबालिका तथा सामाजिक समावेशिकरण

### ४.३.१ पृष्ठभूमि

महिलाहरुको आर्थिक, सामाजिक विकास र सशक्तिकरणका लागि संविधानको धारा ३८ मा महिलाको हक प्रत्याभूत गरिएको छ। लैङ्गिक मूलप्रवाहीकरणका लागि विभिन्न ऐन, नियम, रणनीति र कार्ययोजना कार्यान्वयनमा आएका छन्। त्यस्तै गरी बालबालिकाहरुको सर्वाङ्गिण विकासको लागि नेपालको संविधानको धारा ३९ मा मौलिक हकको रुपमा बालबालिकाको हकलाई सुनिश्चित गरिएको छ। बालबालिकाहरुको उचित पालनपोषण र संरक्षण गर्नु परिवार सहित राज्यको समेत दायित्व हुने कुरा संविधानमा नै उल्लेख गरिएको छ। बालबालिका तथा किशोरकिशोरीहरुको लागि बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता सम्बन्धि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिएका छन्। विभिन्न सरकारी तथा गैर सरकारी संघसंस्थाहरुको अथक प्रयासले महिला घरधुरी प्रतिशत, सम्पत्तिमाथि महिलाको स्वामित्व तथा महिला साक्षरतामा उल्लेख्य वृद्धि भएको छ भने यस याङवरक गाउँपालिकाभित्र समुदाय तथा विद्यालयमा आधारित थुप्रै बालक्लबहरु गठन भई बालबालिकाहरुको मौलिक हक सुनिश्चित गर्न अहोरात्र लागिपरेका छन्। पालिकाका सबै विद्यालयहरुमा बाल विकासको अवधारणालाई अवलम्बन गरिएको छ।

### ४.३.२ समस्या तथा चुनौति

आर्थिक, सामाजिक जीवनमा महिलाहरुलाई पुरुषकै हाराहारीमा ल्याउनु, लैङ्गिक तथा घरेलु हिंसा घटाउनु, महिलाहरुबिच जातीय, क्षेत्रीय र वर्गीय विभेद समाप्त पार्नु,बालविवाह, दाईजो प्रथा, छाउपडी, बोक्सी जस्ता कुरितिजन्य व्यवहार अन्त्य गर्नु, बालबालिका तथा किशोरकिशोरीहरुले आधारभूत अधिकार उपयोग गर्न सक्ने वातावरण तयार गर्नु, सम्बन्धित निकाय, स्थानीय तह, सङ्घविच बालबालिका र किशोरकिशोरी सम्बन्धि कार्यक्रमहरुमा समन्वय ल्याउनु, बाल न्याय प्रणाली तथा बालमैत्री स्थानीय शासन पद्धतिलाई व्यवहारमा पूर्ण रुपमा उतार्नु जस्ता समस्या तथा चुनौतिहरु रहेका छन्।

### ४.३.३ लक्ष्य

समाजमा हुने सबै प्रकारका हिंसा, क्षति वा दुर्व्यवहारबाट महिला तथा बालबालिकाहरूलाई संरक्षण गरी सामाजिक तथा आर्थिक विकासका अवसरहरु प्रदान गर्ने।

### ४.३.४ रणनीति

- महिला तथा बालबालिकाहरुसँग सम्बन्धित विभिन्न दिवसहरुमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गरी सामाजिक सचेतना विस्तार गरिने छ।
- हिंसापिडित महिला तथा बालबालिकाहरुको पुनःस्थापनाको लागि सेवा केन्द्र सञ्चालन गरी न्याय प्रदान गरिने छ।
- विद्यालय तथा समाजमा बाल विवाह, मानव वेचविखन तथा अन्य हिंसाजन्य क्रियाकलापविरुद्ध सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिने छ।

### ४.३.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | इकाइ | गत आ.व. सम्मको वास्तविक उपलब्धि | चालू आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालिन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७९/८० | ०८०/०८१ | ०८१/०८२ |
| १. | नेतृत्वदायी पदमा महिलाको महिला तथा लक्षित वर्गको प्रतिनिधित्व | जना | ० | २० | ४० | ६० | ८० |
| २. | लैंगिक हिंशाको उजुरी | जना | | | ५ | ३ | १ |
| ३. | महिला, अपांग तथा ज्येष्ठ नागरिक लक्षित घुम्ति शीविर | पटक | | | २ | ३ | ४ |

### ४.३.६ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | १९५०००० | १९५०००० | ० | ० | ० | ११०२६८० | ८४७३२० | |
| २०८०/८१ | २७२०००० | २७२०००० | ० | ० | ० | २०२०००० | ७००००० | |
| २०८१/८२ | २७८०००० | २७८०००० | ० | ० | ० | २०८०००० | ७००००० | |

### ४.३.७ कार्यक्रम योजनाको संक्षिप्त विवरणको ढाँचा

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| १ | महिला बालबालिका तथा लक्षित वर्ग | समाजमा हुने हरेक प्रकारका कुरिति, कुप्रथा तथा हिंसाजन्य क्रियाकलापको न्युनिकरण हुँदै जाने | सालबसाली | ३८५० | हिंसारहित समाज निर्माण हुनु |

| क्र. सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| २ | अपांगता लक्षित कार्यक्रम | अपांगता भएका व्यक्तिहरुको आय आर्जनमा योगदान, क्षमता सीप विकास, उपचारमा सहयोग गर्ने | सालवसली | १२०० | अपांगता भएका व्यक्तिहरुलाई जीवनयापनमा सहजता भएको हुनेछ |

### ४.३.८ जोखिम पक्ष तथा अनुमान

लैंगिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति, रणनीति र कार्ययोजना तथा कार्यक्रम तयार भई कार्यान्वयन भएको हुने, लैंगिक तथा सामाजिक विभेद सम्वन्धि आवश्यक सवै प्रकारका कानुन निर्माण भई कार्यान्वयनमा आउने, लक्षित वर्गको कार्यक्रमको नियमित अनुगमन हुने, एकिकृत रूपमा सामाजिक समावेशीकरण लक्षित कार्यक्रमहरू प्रभावकारी कार्यान्वयन हुने अनुमान गरिएको छ।

प्रदेश सरकारबाट साझेदारीमा सञ्चालित कार्यक्रमको लागि बजेट बिनियोजन नभएमा, लक्षित वर्गले यस कार्यक्रमको कार्यान्वयनमा चासो र सकृयता नदेखाएमा, गाउँपालिकाले GESI Audit मा आएको प्रतिवेदन उपर सुधार नगरेमा उद्देश्य प्राप्तिमा जोखिम रहन्छ।

## ४.४ युवा तथा खेलकुद

### ४.४.१ पृष्ठभूमि

स्वस्थ तथा अनुशासित नागरिक र समाजको सृजना गर्न खेलकुदलाई प्रमुख आधारको रुपमा लिइन्छ। राष्ट्रको प्रतिष्ठा वृद्धि गर्ने र विभिन्न सम्प्रदाय, भाषा तथा संस्कृति एवम् समुदायविच एकता कायम गरी राष्ट्रिय विकासको अभियानमा एकजुट बनाउन खेलकुदको योगदान महत्वपूर्ण रहेको हुन्छ। नेपालको खेलकुद क्षेत्रलाई विश्वव्यापी मूल्य र मान्यताअनुसार साङ्गठानिक ढाँचामा समयसापेक्ष सुधार गर्ने तथा सरकारी, गैर सरकारी एवम् नीजि क्षेत्र बिच समन्वय, सहकार्य एवम् साझेदारीको वातावरण सृजना गरी खेलकुदको विकास र विस्तार गर्दै मानव जनजीवनको अभिन्न अङ्ग बनाउने प्रयास गरिनुपर्दछ। खेलकुदको माध्यमबाट शारीरिक, मानसिक, बौद्धिक, संवेगात्मक र नैतिकवान मानव संसाधनको विकास गरी अनुशासित र मर्यादित समाज निर्माण गर्दै खेलकुदलाई रोजगारमूलक व्यवसायको रुपमा समेत स्थापित गर्न यस स्थानीय तहवाट यसै पालिकाको वडा नं. ५ मा Multi-purpose Covered Hall निर्माणको कार्यसमेत भइरहेको छ।

### ४.४.२ समस्या तथा चुनौति

खेलकुदको माध्यमबाट शारीरिक, मानसिक, बौद्धिक, संवेगात्मक र नैतिकवान मानव संसाधनको विकास गरी अनुशासित र मर्यादित समाज निर्माण गर्दै खेलकुदलाई रोजगारमूलक व्यवसायको रुपमा समेत स्थापित गर्न स्थानीय तहदेखि नै कार्यक्रम सञ्चालन गरी "सबैको लागि खेलकुद" भन्ने अभियानलाई साकार पार्न खेलकुदसँग सम्बन्धित पूर्वाधार निर्माण, प्रशिक्षण तथा प्रोत्साहनमूलक कार्यक्रमहरु सञ्चालन गर्नु यस क्षेत्रका समस्या तथा चुनौतिहरु रहेका छन्।

### ४.४.३ लक्ष्य

खेलकुद क्षेत्रको विकास गरी स्वस्थ, अनुशासित, सिर्जनात्मक र क्रियाशील नागरिक निर्माण गर्ने।

### ४.४.४ रणनीति

- "सबैको लागि खेलकुद" भन्ने अभियानलाई साकार पार्न अध्यक्ष कप रनिङशील्ड भलिवल प्रतियोगिता, उपाध्यक्ष कप व्याडमिन्टन प्रतियोगिता जस्ता कार्यक्रमहरु आयोजना गरिने छ।
- विद्यालयस्तरमा विभिन्न प्रकारका खेलकुद प्रतियोगिताहरुको आयोजना गरिने छ।

### ४.४.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| सूचक | एकाई | गत आ.व. सम्मको वास्तविक उपलब्धि | चालू आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालिन लक्ष | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| खेलकुद प्रतियोगितामा सहभागिता | पटक | ० | २ | ३ | ५ | ७ |
| कभर्ड हल निर्माण | प्रगति % | | १० | ५० | १०० | |
| खेलकुद प्रतियोगिता आयोजना | वटा | | १ | २ | ३ | ४ |

### ४.४.६ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | १५०००००० | १५०००००० | ० | ० | ० | १०००००० | ५००००० | |
| २०८०/८१ | २८०००००० | २८०००००० | ० | ० | ० | २३०००००० | ५००००० | |
| २०८१/८२ | ३५०००००० | ३५०००००० | ० | ० | ० | ३००००००० | ५००००० | |

### ४.४.७ कार्यक्रम योजनाको संक्षिप्त विवरणको ढाँचा

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| १ | खेलकुद तथा मनोरञ्जन | खेलकुद क्षेत्रको विकास गरी स्वस्थ, अनुशासित र क्रियाशील नागरिक विकास गर्ने | सालबसाली | ७८०० | व्यक्तिको शारिरीक तथा मानसिक विकासमा वृद्धि भई स्वस्थ र प्रतिष्ठित जनशक्ति उत्पादन गर्नु |

## ४.५ खानेपानी तथा सरसफाई

### ४.५.१ पृष्ठभूमि

खानेपानी तथा सरसफाई सेवा आधारभूत मनाव अधिकारको रुपमा स्थापित छ। खानेपानीको पहुँचलाई नेपालको संविधानमा मौलिक हकको रुपमा नै व्याख्या भएबाट यस क्षेत्रमा थप जोड दिनुपर्ने देखिन्छ। यस गाउँपालिकामा हालसम्म चिन्डे असिने वृहत खानेपानी आयोजना, केराबारी लुम्बु ठोट्ने वृहत खानेपानी आयोजना, सिम्ले निगाले इम्बुङधारा कामीटार याङसिबुङ वृहत खानेपानी योजनाको निर्माण सम्पन्न भई सञ्चालनमा रहेका छन् भने अन्य थुप्रै साना खानेपानी आयोजनाहरुको मर्मत संभारको काम सम्पन्न भईसकेका छन्। गाउँपालिकावासी जनतालाई स्वच्छ खानेपानी उपलब्ध गराउने उद्देश्यका साथ अन्य खानेपानी योजनाहरुको समेत DPR गरी प्राथमिकिकरण गरेर आगामी वर्षहरुमा खानेपानीको सर्वसुलभ बनाई जनताको पहुँचमा पुऱ्याईने छ।

### ४.५.२ समस्या तथा चुनौति

निःशुल्क खानेपानीको मुहान तथा अन्य संरचना निर्माण गर्न जग्गा प्राप्तिमा समस्या रहेको छ भने मर्मत संभारको अभावका कारण योजनाको दिगोपनामा चुनौति रहेको छ।

### ४.५.३ लक्ष्य

आगामी तिन वर्षमा गाउँपालिकामा तिन मुख्य वृहत खानेपानी आयोजनाहरु निर्माण कार्य सम्पन्न गर्ने साथै अन्य निर्माण सम्पन्न भएका आयोजना तथा योजनाहरुलाई मर्मत संभार गर्ने।

### ४.५.४ रणनीति

- स्वच्छ खानेपानी उपलब्ध गराई गाउँपालिकावासीको स्वास्थ जीवनयापनमा योगदान पुऱ्याउने।

### ४.५.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| सूचक | एकाई | गत आ.व. सम्मको वास्तविक उपलब्धि | चालू आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालिन लक्ष | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| नयाँ खानेपानी आयोजना निर्माण | वटा | | ३ | ३ | ५ | ७ |
| खानेपानी योजना मर्मत | वटा | | ५ | ७ | १० | १२ |

### ४.५.६ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ३०५००००० | | ३०५००००० | | | ३०५००००० | ० | |
| २०८०/८१ | १०००००००० | | १०००००००० | | | १०००००००० | ० | |
| २०८१/८२ | १०७५००००० | | १०७५००००० | | | १०७५००००० | ० | |

### ४.५.७ कार्यक्रम योजनाको संक्षिप्त विवरणको ढाँचा

| क्र.सं | उपक्षेत्र/कार्यक्रम/ आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| १ | नयाँ खानेपानी आयोजना निर्माण | जनतालाई स्वच्छ खानेपानी उपलब्ध गराउने | सालबसाली | ४३७५० | जनतामा खानेपानीको पहुछ स्थापित हुनेछ। |
| २ | खानेपानी योजना मर्मत | जिर्ण योजनाहरुको संरक्षण तथा मर्मत गर्ने | सालबसाली | ३००० | खानेपानी योजनाको मर्मत संभार भइ रुपमा निरन्तर,सवच्छ खानेपानी उपलब्धता हुनेछ। |

### ४.५.८ जोखिम पक्ष र अनुमान

खानेपानी र सरसफाई सम्बन्धि नितिगत कानूनी तथा संरचनागत व्यवस्था भएको हुने, पर्याप्त स्रोत साधनको व्यवस्थापना अन्तरसरकारी समन्वय भएको हुने, पानीको मूल व्यवस्थापनमा स्थानियहरुको स्वतःस्फुर्त सहभागिता भएको हुनेछ।

पानीको मूल उपलब्ध गराउन नसकिएमा, योजना कार्यान्वयनमा स्थानीयहरुको लागत सहभागिता रहेमा, बाढी, पहिरो जस्ता प्रकोपको कारण योजनामा क्षति भएमा उद्देश्य प्राप्तिमा जोखिम रहनेछ।

## परिच्छेद-५ पूर्वाधार क्षेत्र

### ५.१ भवन

### ५.१.१ पृष्ठभूमी

याङवरक गाँउपालिकामा गौरवको योजनाको रुपमा १५ शैया अस्पताल, गाउँपालिका प्रशासकीय भवन, मल्टी प्रपोज कवर्ड हल लगायतका थुप्रै प्राचिन तथा आधुनिक प्रकृतिका भबनहरु निर्माण सम्पन्न भैसकेका र कतिपय निर्माणाधीन अवस्थामा रहेका छन। यी भवनहरुले दिगो विकास लक्ष्य प्राप्तिको लागी प्रतक्ष्य वा अप्रत्क्ष रुपमा उल्लेखनीय योगदान पुर्याउने गरेका छन। यस गाउँपालिकाले आवश्यकता र महत्वका आधारमा भवनको प्राथमिकीकरण तथा  कार्यन्वयन गर्ने प्रतिबद्धता सहित सोहि बमोजिम दिगो विकास लक्ष्य प्राप्ति गर्ने रणनीति लिएको छ।

### ५.१.२ समस्या तथा चुनौती

यस गाँउपालिका क्षेत्र भित्र भवन विकास तथा विस्तार गर्दा निम्न बमोजिमका समस्या र चुनौतीहरु रहेका छनः-

समस्या:

१) गाउँपालिकाको आफ्नै भवन सहिता तयार नभएकोले अव्यवस्थित रुपमा भवन विकास तथा विस्तार हुनु मुख्य समस्याको रुपमा देखा परेको छ।

२) मध्य पहाडीको सडक अधिकार क्षेत्र कायम नभएकोले भवन सहिता कार्यन्वयन गर्न नसकिको।

चुनौतीहरू:

१) यहाको धरातल प्राय ठाउँमा भिरालोपन बढी भएकोले भवन निर्माण कार्यमा जटिलता हुने।

२) निशुल्क जग्गा प्राप्तिमा समस्या हुनु।

३) वर्षाको समयमा घडेरी तयार गर्दा विपतीय जोखिमको सम्भावना  बढने।

४) दक्ष जनशक्तिको अभावले गुणस्तरी संरचना नबन्ने।

### ५.१.३ लक्ष्य

१) आगामी तिन आर्थिक वर्षमा गुणस्तरीय सेवा प्रदान गर्न सुबिधा सम्पन्न भवनहरु निर्माण तथा मर्मत कार्य सम्पन्न  गर्ने।

### ५.१.४ रणनिति

१) गा.पा. भित्रका भवनको, भवन सहिता तयार गरी प्राथमिकिकरण, विस्तृत परियोजना प्रतिवेदन (DPR), वातावरणीय अध्ययन (BES,IEE,EIA) गरी आबस्यकता र महत्वका आधारमा विकास तथा विस्तार गर्ने।

### ५.१.५ विषय उपक्षेत्रगत नतिजा सूचक

| सूचक | एकाई | गत आ.व. सम्मको वास्तविक उपलब्धि | चालू आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालिन लक्ष | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| **बस्ती विकास, आवास तथा भवन** | | | | | | |
| १५ शैया आधारभुत अस्पताल निर्माण, याङवरक-४, पाँचथर | भौतिक /वित्तिय प्रगती प्रतिशत | | २५.००% | ७५.००% | १००.००% | |
| याङवरक गाँउपालिकाको प्रशासकीय भवन निर्माण, याङवरक-४, पाँचथर | भौतिक /वित्तिय प्रगती प्रतिशत | ३०.००% | ७०.००% | १००.००% | | |
| मल्टी प्रपोज कवर्ड निर्माण, याङवरक-५, पाँचथर | भौतिक /वित्तिय प्रगती प्रतिशत | | १०.००% | ५०.००% | १००.००% | |
| नागी स्वास्थ्य चौकी निर्माण, याङवरक-६ | भौतिक /वित्तिय प्रगती प्रतिशत | | | ५.००% | ४०.००% | १००.००% |
| अन्य भवन निर्माण तथा मर्मत कार्यक्रम | वटा | | | १ | २ | ३ |

### ५.१.६ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान
**बस्ती विकास, आवास तथा भवन**

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ५९४००००० | | ५९४००००० | | | ४४६९७३२० | १४७०२६८० | |
| २०८०/८१ | २८०००००० | | २८०००००० | | | १२८३४००० | १५१६६००० | |
| २०८१/८२ | २०००००००० | | २०००००००० | | | १०००००००० | १०००००००० | |

### ५.१.७ कार्यक्रम योजनाको संक्षिप्त विवरणको ढाँचा

| क्र. सं. | उपक्षेत्र/कार्यक्रम/ आयोजना | उद्देश्य | अवधि | | कुल लागत (रु. हजारमा) | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| | | | शुरु | समाप्ति | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| | **बस्ती विकास, आवास तथा भवन** | | | | | |
| १. | १५ शैया आधारभुत अस्पताल निर्माण, याङवरक-४, पाँचथर | गुणस्तरीय तथा आधुनिक स्वास्थ्य सेवा विस्तार गर्ने | आ.व. २०७८/०७९ | आ.व. २०८०/०८१ | १४,७५,२२ | १५ शैया आधारभुत अस्पताल भवन निर्माण सम्पन्न भइ सुलभ रुपमा स्वास्थ्य सेवा उपलभ्ध हुनेछ। |
| २. | याङवरक गाँउपालिकाको प्रशासकीय भवन निर्माण, याङवरक-४, पाँचथर | आफ्नै सुबिधा सम्पन्न कार्यालय भवनबाट सेवा प्रवाह गर्ने | २०७७/०७८ | २०७९/०८० | ५,९१,०० | गा.पा. भवन निर्माण सम्पन्न भई सहज रुपमा सेवा प्रवाह हुनेछ। |
| ३. | मल्टी प्रपोज कवर्ड निर्माण, याङवरक-५, पाँचथर | समग्र खेल क्षेत्रको विकासमा टेवा पुर्याउने | २०७८/०७९ | २०८०/०८१ | ३,८४,६४ | कवर्ड हल निर्माण सम्पन्न भइ व्याडमिन्टन, भलिवल लगायतका खेल तथा खेलाडीको वृद्दी विकास हुनेछ। |
| ४. | नागी स्वास्थ्य चौकी निर्माण, याङवरक-६ | स्वास्थ्य क्षेत्रको भौतिक विकास गर्ने | २०७९/०८० | २०८१/०८२ | ३,५०,०० | जिर्ण स्वास्थ्य चौकी भवनबाट सेवा प्रवाह भइरहेकोमा नयाँ भवन निर्माण सम्पन्न भइ सेवा विस्तार हुनेछ। |
| ५. | अन्य भवन निर्माण तथा मर्मत कार्यक्रम | आवश्यकता बमोजिम भवन निर्माण तथा मर्मत गर्ने | सालबसाली | | १,००,०० | थप प्रभावग्राही ढङ्गले सेवा विस्तार हुनेछ। |

### ५.१.८ जोखिम पक्ष र अनुमान

जोखिम संवेदनशिल भू-उपयोग योजना तर्जुमा गरी आधुनिक, सुरक्षित र सुविधा सम्पन्न पूर्वाधारयुक्त आवास र वस्तीहरू विकास गर्न सकिने, नियमित अनुगमन र नियमन मार्फत राष्ट्रिय तथा स्थानीय भवन संहिता र मापदण्डको पूर्ण कार्यान्वयन गर्ने सकिने अनुमान गरिएको छ।

सङ्घीय तथा प्रादेशिक सरकारहरुबाट पर्याप्त मात्रामा समयमानै बजेट उपलब्ध नभएमा, महामारी विपद एवं निर्माण सामाग्रीको मूल्य अचाक्ली बढेमा योजना कार्यान्वयन तथा उद्देश्य प्राप्तिमा जोखिम रहेको छ।

## ५.२ सडक

### ५.२.१ पृष्ठभूमी

याङवरक गाँउपालिकामा वडा न. १ देखी वडा न. ६ सम्म मध्यपाहाडी लोकमार्ग बिच भाग भएर सडक सन्जाल विस्तार भएको छ। यस गाँउपालिका भित्र मध्यपाहाडी लोकमार्ग का साथै मेची राजमार्ग,ग्राभेल

सडकहरु तथा थुप्रै कच्ची सडकहरु निर्माण र स्तरोन्नती भएका छन । यी सडकहरुले अधिकांश जनताहरुको लागी समावेशी तथा दिगो आर्थिक बृद्दी, रोजगारी तथा मर्यादित कामको प्रवर्दन गर्न प्रत्यक्ष योगदान पुर्याएका छन । याङवरक गाँउपालिका विभिन्न भुगोल,क्षेत्र, वस्ती हरुका आवश्यकताहरुलाई क्रमश प्राथमिकिरण गर्दै १२ महिनै यातायात सुचारू हुने सडक सन्जालको विस्तार तथा स्तरोन्नती गर्दै सन्तुलित र समावेशी विकास गर्ने रणनीति लिनुका साथै कार्यान्वयन गर्न प्रतिबद्द छ ।

### ५.२.२ समस्या तथा चुनौती

यस गाँउपालिका क्षेत्र भित्र सडक निर्माण तथा विस्तार गर्दा निम्न बमोजिमका समस्या र चुनौतीहरु रहेका छनः-

समस्या

१) सरोकारवालाहरुको दवावको कारणले प्राविधिक एलाइनमेन्ट (Alignment) बमोजिम सडक निर्माण तथा विस्तार गर्न नसक्नु ।

चुनौतीहरू

१) भौगोलिक विकटताको कारणले सडक निर्माण तथा विस्तार गर्न असहज र खर्चिलो हुनु ।

२) सडक अधिकार क्षेत्रमा जग्गा प्राप्ति गर्न समस्या हुनु ।

३) सडक खन्ने कार्यबाट वर्षाको समयमा विपतीय जोखिम बढने ।

### ५.२.३ लक्ष्य

१) आगामी ३ वर्षमा प्रति वर्ष २२ कि.मि. का दरले १२ महिना संचालन हुने सडकहरुको निर्माण तथा स्तरोन्नती गर्ने ।

### ५.२.४ रणनिति

१) गा.पा. भित्रका सडकहरु प्राथमिकिकरण, विस्तृत परियोजना प्रतिवेदन ( DPR), वातावरणीय अध्ययन (EIA) गरेर मात्र निर्माण गर्ने ।

### ५.२.५ विषय उपक्षेत्रगत नतिजा सूचक

| सूचक | एकाई | गत आ.व. सम्मको वास्तविक उपलब्धि | चालू आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालिन लक्ष | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| **सडक तथा यातायात** | | | | | | |
| नयाँ सडक निर्माण | कि.मि. | १० | ७ | ३.३३ | ६.६६ | १०.०० |
| सडक स्तरउन्नती | कि.मि. | ३० | २५ | ११.६७ | २३.३४ | ३५.०० |
| डि.पि.आर. तयारी | वटा | | २ | २ | ३ | ४ |

### ५.२.६ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

**सडक तथा यातायात**

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ० | | ० | | | ० | ० | |
| २०८०/८१ | ८३००००० | | ८३००००० | | | ८३००००० | ० | |
| २०८१/८२ | १०००००००० | | १०००००००० | | | ४८३४००० | ५१६६००० | |

### ५.२.७ कार्यक्रम योजनाको संक्षिप्त विवरणको ढाँचा

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/ आयोजना | उद्देश्य | अवधि | | कुल लागत (रु. हजारमा) | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| | | | शुरु | समाप्ति | | |
| १ | २ | ३ | ४ | | ५ | ६ |
| **सडक तथा यातायात** | | | | | | |
| १. | नयाँ सडक निर्माण | आगामी तीन आ.व. मा सडक संजाल बिस्तार नभएका स्थानहरुमा करिब १० कि.मि. सडकको पहुच पुर्याउने | सालबसाली | | ४००० | समग्र उत्पादन, बजारीकरणमा टेवा पुग्नेछ, यातायात सुविधा भए पश्चात समयको बचत हुने,थप नयाँ सडक संजालको विस्तार हुनेछ। |
| २. | सडक स्तरउन्नती | आगामी तीन १२ मास संचालन हुने सडकहरुको निर्माण गर्ने, करिब ३५ कि.मि सडक स्तरउन्ती गर्ने | सालबसाली | | १०००० | १२ मास उत्पादित बस्तुहरुको सहज रुपमा आयात तथा निर्यात गर्न सकिने, अन्य पूर्वाधारहरुको विकास गर्न सहज हुने, सवारी आवागमनमा विना अवरोध सहज रुपमा संचालन हुनेछ। |
| ३. | डि.पि.आर. तयारी | सम्भाव्यता अध्ययन, लागत अनुमान, ड्रइङ ,डिजाइन पश्चात मात्र योजनाहरुको वर्गिकरण गरी योजनाहरु छनौट गर्ने | सालबसाली | | ८८०० | दिगो विकासमा थप टेवा पुर्याउने, अन्य सरकारी तहमा बजेट माग गर्न आधिकारिक दस्ताबेज निर्माण हुने, आवधिक योजना अनुसार सम्पन्न हुन बाँकी आयोजनाहरुको डि.पि.आर. तयार भइ वजेट माग गर्न, योजना स्वीकृत गर्न सहज हुनेछ। |

### ५.२.८ जोखिम पक्ष र अनुमान

सडक पूर्वाधार बिकासले गाउँवासीको आवागमनलाई सहज तुल्याउने र सडक विकासको माध्यमबाट सामाजिक अन्तरसम्बन्ध समेत बलियो हुने, सडकको विकासको माध्यमबाट गाउँपालिकाको आन्तरिक, अन्तर स्थानीय तह तथा अन्तरसरकारी र अन्तराष्ट्रिय कारोबारलाई बृद्धि गर्नुका साथै भौतिक संरचना र मानवीय संसाधनलाई पनि टेवा पुग्ने साथै त्यसको लागि अन्तर सरकारी समन्वय रहने अनुमान गरिएको छ।

सडक निर्माण कार्यलाई व्यवस्थापन गर्न खरिद योजना तथा कार्ययोजना तर्जुमा गरी लागू गर्न, श्रोतको सुनिश्चित हुन, स्थानीय नागरिकबाट जग्गा व्यवस्थापन हुन, गाउँपालिकाको सडक यातायात गुरुयोजनाको

कार्यान्वयन गर्न र सडक सुधारका आयोजनाहरूको लागत एवं गुणस्तरको समेत अनुगमन गरी समयमा नै कार्य सम्पन्न गर्ने प्रणालीको विकास गर्ने जस्ता कार्य गर्नु आवश्यक छ, अन्यथा उद्देश्य अनुसारको प्रतिफल हासिल नहुने जोखिम रहन्छ ।

## ५.३ सिचाई

### ५.३.१ पृष्ठभूमी

याङवरक गाँउपालिका जलस्रोतको धनी मध्येको एक स्थानीय तह हो । यस गाउँपालिकामा पुराना तथा आधुनिक प्रविधिका सिचाई योजनाहरु सम्पन्न हुनुका साथै कतिपय निर्माणाधीन अवस्थामा रहेका छन । यी सिचाई योजनाहरुले दिगो उपभोग र उत्पादनमा जनतालाई प्रतक्ष्यरुपमा लाभ पुर्याइ रहेका छन । याङवरक गाउँपालिकाले सिचाई योजनाहरुको निर्माण तथा मर्मत गरी सुक्खा याममा समेत सिचाई सुविधा उपलब्ध गराई प्रभावित क्षेत्रका नागरिकको आय आर्जनमा बृदी गरी गरिबी निवारण गर्ने प्रतिबद्धताका साथ सोहि बमोजिम कार्यन्वयन गर्ने रणनीति लिएको छ ।

### ५.३.२ समस्या तथा चुनौती

यस गाँउपालिका क्षेत्र भित्र सिचाई योजना विस्तार गर्दा निम्न बमोजिमका समस्या र चुनौतीहरु रहेका छनः-

समस्या

१) भौगोलिक अवस्था को कारण सिचाई पूर्वा धारमा प्रयाप्त लगानी जटाउन नसकिने ।

चुनौतीहरू

१) मर्मत सम्भारको अभाबमा योजनाको दिगोपना नहुने ।

### ५.३.३ लक्ष्य

१) आगामी तिन वर्षमा करीब २० वटा सिचाई योजनाहरुको निर्माण तथा मर्मत गर्ने ।

२) सिचाईको माध्यम बाट उत्पादन र उत्पादकत्व वृद्धि गर्नु ।

### ५.३.४ रणनिति

१) यस गाउँपालिकामा बारैमास सिचाई सुबिधा संचालन गरी निम्न आय भएका नागरिकको आय आर्जनमा वृद्धि गर्ने ।

### ५.३.५ विषय उपक्षेत्रगत नतिजा सूचक

| सूचक | एकाई | गत आ.व. सम्मको वास्तविक उपलब्धि | चालू आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालिन लक्ष | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| **सिंचाई सुविधा विस्तार** | क्षेत्रफल (हेक्टर) | | १३५ | १८०.०० | १८५ | १९० |

### ५.३.६ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/०८० | ४२४००००० | ० | ४२४००००० | | | ४२४००००० | | |
| २०८०/०८१ | ५२२७५००० | ० | ५२२७५००० | | | ४२२७५००० | १०००००००० | |
| २०८१/०८२ | ५४५००००० | ० | ५४५००००० | | | ४४५००००० | १०००००००० | |

### ५.३.७ कार्यक्रम योजनाको संक्षिप्त विवरणको ढाँचा

| क्र.सं. | उपक्षेत्र/ कार्यक्रम /आयोजना | उद्देश्य | अवधि | | कुल लागत (रु. हजारमा) | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| | | | शुरु | समाप्ति | | |
| १ | २ | ३ | | ४ | ५ | ६ |
| ४ | सिंचाई सुविधा विस्तार | कृषि क्रान्ती गर्ने, करिब ३२ सिचाई आयोजनाहरु निर्माण सम्पन्न गर्ने | आ.व. २०७९/०८० | आ.व. २०८१/०८२ | ५३०७७५ | तरकारी, फलफुल लगायतका नगदे वालीहरुमा आत्मनिर्भर हुन टेवा पुग्नेछ, विपन्न वर्गको आयआर्जनमा वृदी हुनेछ। |

### ५.३.८ जोखिम पक्ष र अनुमान

जल उपभोक्ता समितिहरुको सकृयता रहने, वित्तीय स्रोत व्यहोर्ने साझेदार निकायहरु (स्विस, संघ र प्रदेश) ले आबश्यक बजेट बिनियोजन गर्ने र स्थानीय नागरिकहरुको व्यापक श्रमदानमा दीगो, भरपर्दो र गुणस्तरीय योजना संचालन भई आर्थिक विकासमा टेवा पुग्ने अनुमान रहेको छ।

साझेदार निकायहरुले आबश्यक बजेट बिनियोजन नगरेमा, स्थानीय नागरिकहरुले व्यहोर्नु पर्ने श्रमदान नजुटेमा र बाढी पहिरो विपद् जस्ता प्राकृतिको प्रकोपको कारण योजना अलपत्र परेमा योजना कार्यान्वयन र उद्देश्य प्राप्तिमा जोखिम रहन्छ।

## ५.४ अन्य पूर्वाधार

### ५.४.१ पृष्ठभूमी

याङवरक गाँउपालिकामा अन्य पूर्वाधारको रुपमा झोलुङ्गे पुल, गोरेटो बाटो , पर्यटन पूर्वाधार लगायतका अन्य संरचनाहरु निर्माण तथा मर्मत हने गरेका छन। यस्ता पूर्वाधार हरुले सम्बन्धित टोल तथा बस्तीका नागरिकलाई आवागमनमा सहजता दिलाउनु साथै समग्र क्षेत्रको आर्थिक तथा सामाजिक पक्षमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा योगदान पुर्याएका छन। यस गाउँपालिकाले यस्ता प्रकृतिका पूर्वाधारको प्राथमिकीकरण गर्ने,र दिगो विकासमा टेवा पुर्याउने प्रतिबद्धताका साथ कार्यान्वयन गर्ने रणनीति लिएको छ ।

### ५.४.२ समस्या तथा चुनौती

यस गाँउपालिका अन्य पूर्वाधार योजना विस्तार गर्दा निम्न बमोजिमका समस्या र चुनौतीहरु रहेका छनः-

समस्या

१) सडक यातायात असुविधाका कारण निर्माण सामग्री ढुवानी गर्न कठिनाई तथा खर्चिलो हुनु।

चुनौतीहरू

१) नागरिकले अपनत्व नलिदा मर्मत संभार गर्न कठिनाई हुनु।

### ५.४.३ लक्ष्य

१) आगामी तिन वर्षमा करिब १० वटा झोलुङ्गे पुल, ३ वटा पर्यटन पूर्वाधार, गोरेटो बाटो करिब ६ कि.मि. निर्माण तथा मर्मत गर्ने ।

### ५.४.४ रणनिति

१) सम्बन्धित क्षेत्रका टोल बस्तीको आय आर्जनमा वृद्धि गर्ने।

### ५.४.५ विषय उपक्षेत्रगत नतिजा सूचक

| सूचक | एकाई | गत आ.व. सम्मको वास्तविक उपलब्धि | चालू आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालिन लक्ष | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| अन्य पूर्वाधार विकास कार्यक्रम (अध्यक्ष उपाध्यक्ष कोष) | वटा | | २० | १० | | |
| पुल तथा झोलुंगे पुल | वटा | १ | ० | ५ | ५ | ५ |

### ५.४.६ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

**अन्य पूर्वाधार विकास कार्यक्रम (अध्यक्ष उपाध्यक्ष कोष)**

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ६५००००० | | ६५००००० | | | ५७५५००० | ७४५००० | |
| २०८०/८१ | ० | | ० | | | ० | ० | |
| २०८१/८२ | ० | | ० | | | ० | ० | |

**पुल तथा झोलुङ्गे पुल**

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | २९००००० | | २९००००० | | | २९००००० | ० | |
| २०८०/८१ | ७०००००० | | ७०००००० | | | ७०००००० | ० | |
| २०८१/८२ | ८०००००० | | ८०००००० | | | ८०००००० | ० | |

### ५.४.७ कार्यक्रम योजनाको संक्षिप्त विवरणको ढाँचा

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि | | कुल लागत (रु. हजारमा) | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| | | | शुरु | समाप्ति | | |
| १ | २ | ३ | | ४ | ५ | ६ |
| ६ | अन्य पूर्वाधार विकास कार्यक्रम (अध्यक्ष उपाध्यक्ष कोष) | अति आवश्यक पूर्वाधारहरुको निर्माण तथा मर्मत गर्ने | आ.व. २०७९/८० | | ६५०० | आकस्मिक प्रयोजनका आवश्यकताहरू पुरा गर्न सहज हुनेछ। |
| ५ | पुल तथा झोलुङ्गे पुल | जोखिम पुर्ण यात्रा गर्नु पर्ने बाध्यतमक अवस्थाको अन्तय गर्ने | सालबसाली | | १८९०० | ५ वटा झो.पु. निर्माण सम्पन्न हुनेछ, विकट भु-वनावटमा रहेका बस्तीहरुको अर्थिक विकासमा सहयोग पुग्नेछ। |

### ५.४.८ जोखिम पक्ष र अनुमान

आर्थिक स्रोतको समुचित व्यवस्थापन, समयमा नै निकासा र स्थानीय उपभोक्ता समितिहरुको सकृयता नभएमा उद्देश्य प्राप्तिमा जोखिम रहन्छ।

## परिच्छेद-६: वन, वातावरण तथा विपद् व्यवस्थापन

### ६.१ पृष्ठभुमि

याङवरक गाँउपालिकामा हरियाली बन तथा स्वच्छ वातवरणले सुसम्पन्न गाउँपालिका हो। यति हुदाहुदै पनि यस गाउँपालिका बिभिन्न प्राकृतिक तथा मानब निर्मित विपत्ति बाट प्रभावित बनेको छ । यस गाउँपालिकाले बिपतबाट हुने जोखिमको न्यूनीकरण तथा व्यस्थापन गरी जलवायु परिबर्तन अनुकुलन लाई मध्य नजर गर्दै दिगो विकासका लागि साझेदारी गर्ने प्रतिबद्धता र रणनीति लिएको छ।

### ६.२ समस्या तथा चुनौती

यस गाँउपालिकाका वन तथा वातवरण क्षेत्रमा निम्न बमोजिमका समस्या र चुनौतीहरु रहेका छनः-

समस्या

१) अव्यवस्थित पूर्वाधार निर्मणले गर्दा बन तथा वातावरणमा जोखिम हुने गरेको ।

चुनौतीहरू

१) बन्यजन्तु, जडीबुटीको संरक्षण गर्न ।

२) विपद जोखिम न्यूनीकरण गर्न।

### ६.३ लक्ष्य

- आगामी ३ वर्षमा वृक्षारोपण, जडीबुटी प्रबर्द्धन, फायर हाइड्रेन लगायत अन्य बिपत सम्बन्धि संयन्त्रको विस्तार गर्ने।
- वैकल्पिक उर्जा प्रबर्द्धन गर्ने।
- भु संरक्षण गर्ने।

### ६.४ रणनिति

- बैज्ञानिक वन व्यवस्थापन गरी वन तथा जडीबुटी संरक्षण तथा प्रभावकारी रुपमा विपद व्यव स्थापन गर्ने।

### ६.५ बिषय क्षेत्रगत नतिजा सूचक र लक्ष

| सूचक | एकाई | गत आ.व. सम्मको वास्तविक उपलब्धि | चालू आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालिन लक्ष | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| वन तथा हरियाली, भू संरक्षण, नदी नियन्त्रण | वटा | | ० | १ | २ | ३ |
| वृक्षारोपण कार्यक्रम | पटक | | ० | १ | २ | ३ |
| फोहोरमैलाको व्यवस्थापनको लागि जग्गा प्राप्त | रोपनी | | ० | ३० | ० | ० |
| आपत्कालिन कार्य सञ्चालन केन्द्रको निर्माण | वटा | | ० | १ | १ | १ |

## ६.६ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | चालु | नेपाल सरकार | कुल | चालु |
| २०७९/८० | ४२०००००० | १४०००००० | २८०००००० | | | ३७०००००० | ५०००००० | |
| २०८०/८१ | १३२६५००० | ३२६५००० | १०००००००० | | | १३२६५००० | ० | |
| २०८१/८२ | १४३७०००० | ४३७०००० | १०००००००० | | | १२२७०००० | २१०००००० | |

## ६.७ कार्यक्रम योजनाको संक्षिप्त विवरणको ढाँचा

| क्र. सं. | उपक्षेत्र/ कार्यक्रम /आयोजना | उद्देश्य | अवधि | | कुल लागत (रु. हजारमा) | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| | | | शुरु | समाप्ति | | |
| १ | २ | ३ | | ४ | ५ | ६ |
| | **वन तथा हरियाली, भू संरक्षण, नदी नियन्त्रण** | | | | | |
| १ | तटबन्धन निर्माण | खोला/ नदी कटान न्यूनिकरण गर्ने | सालबसाली | | १६६५ | नदी किनारामा रहेका उपयोग्य जमिनको संरक्षण हुनेछ। |
| २ | वृक्षारोपण कार्यक्रम | अम्लिसो,बाँस र अन्य भू-संरक्षण गर्ने वोट विरुवा वितरण गरी हरियाली कायम गर्ने, वृक्षारोपण गरी विपद जोखिम न्युनिकरण गर्ने | सालबसाली | | ६०० | भू-संरक्षण हुनेछ, हरियाली प्रवर्दन हुनेछ, विपद जोखिम न्यूनिकरण हुनेछ। |
| ३ | बिपद जोखिम व्यवस्थापन, वातावरण संरक्षण | आपतकालिन समयमा प्रयोग हुने रिजर्भ ट्याङ्क निर्माण गर्ने, आगालागी नियन्त्रण गर्ने अन्य सामाग्रीको खरीद तथा जडान गर्ने, वातावरण तथा वन्यजन्तुको संरक्षण गर्ने, चट्याङ प्रभावित क्षेत्रमा लाइटिङ एरेस्टर जडान गर्ने | सालबसाली | | ४३५० | आगालागी नियन्त्रणमा सहज हुनेछ,डडेलो न्यूनिकरण हुनेछ,च्टयाङबाट हुने क्षती न्यूनिकरण हुनेछ, समग्र विपद जोखिम व्यवस्थापन गर्न सहज हुनेछ। |
| ४ | फोहोरमैला तथा ढल व्यवस्थापन | फोहोरमैलाको वर्गीकरण गरी व्यवस्थापन गर्ने/ ल्याडफिल्ड साइटको निर्माण गर्ने | आ.व. २०७९/०८० | आ.व. २०८१/०८२ | १७०० | अधिग मात्रामा फोहोरमैला तथा ढल जम्मा हुने क्षेत्रहरू व्यवस्थित तथा सफा हुनेछ। |

| क्र. सं. | उपक्षेत्र/ कार्यक्रम /आयोजना | उद्देश्य | अवधि | | कुल लागत (रु. हजारमा) | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| | | | शुरु | समाप्ति | | |
| १ | २ | ३ | | ४ | ५ | ६ |
| ५ | उर्जा, लघु तथा साना जलविधुत (वैकल्पिक उर्जा) | वायो ग्यास निर्माण प्रर्वदन गर्ने/ हावा बाट उत्पादन हुने उर्जाको सम्भाव्यता अध्ययन गर्ने/साना जलविधुतको मर्मत सम्भार गर्ने | आ.व. २०७९/०८० | आ.व. २०८१/०८२ | ३३०० | प्रयोग हुने उर्जामा अत्मनिर्भर बन्न सहयोग पुग्नेछ। |
| ६ | विपद व्यवस्थापन | विपद व्यवस्थापन कोष संचालन गरी आवश्यकता बमोजिम व्यवस्थापन गर्ने | आ.व. २०७९/०८० | आ.व. २०८१/०८२ | ७६०० | विपत्तीको समयमा व्यवस्थापन गर्न सहज हुनेछ। |

## ६.८ जोखिम पक्ष र अनुमान

स्टानिटरी ल्याण्डफिल साइटको लागि उपयुक्त स्थान छनौट भई निशुल्क जग्गा प्राप्ति हुने, मुख्य बजार क्षेत्रमा ढल सञ्जालको निर्माण गर्न सकिने र यथासक्य फोहोरहरूको स्रोतमा नै व्यवस्थापन गर्न सकिने, विपद् व्यव्थापन योजना, रणनीति र कार्ययोजना तर्जुमा भई कार्यान्वियन भएको हुने अनुमान गरिएको छ। स्थानीय वासीन्दाले फोहरमैला व्यवस्थापनमा, ढल निकास व्यवस्थापना चासो नदेखाएमा, ल्याण्डफिल साइटको लागि निशुल्क जग्गा प्राप्ति नभएमा, विपद व्यवस्थापनको लागि सरोकारवाला निकायले चासो नदेखाएमा, अन्तरसरकारी तथा अन्तरस्थानीय तह समन्वय नभएमा उद्देश्य प्राप्तिमा जोखिम रहने देखिन्छ।

## परिच्छेद-७: संस्थागत विकास तथा सेवा प्रवाह विकास

### ७.१ पृष्ठभूमी

स्थानीय तह स्थापना सँगसँगै यस याङवरक गाउँपालिकामा केहि ऐन, नियम, निर्देशिका तथा मापदण्डहरु निर्माण तथा कार्यान्वयनको अवस्थामा रहेता पनि बाँकी ऐन नियमहरु तर्जुमा कै चरणमा रकेका छन । सामाजिक सुरक्षा भत्ता, व्यक्तिगत घटनादर्ता अनलाईन तथा अन्य सेवाहरु प्रविधिमैत्री भएता पनि संस्थाहरुको विकास तथा सेवा प्रवाहमा गुणस्तरियता एवम् विश्वसनीयतामा अझ अभिवृद्धि गर्न नितान्त जरुरी देखिन्छ। यसका लागी मानवीय क्षमता विकास गरी सृजनात्मक तथा बैज्ञानिक सोचहरुको विकास तथा विस्तार गर्नु आवश्यक देखिन्छ । संस्थाबाट प्रवाह हुने सेवालाई प्रभावकारी तथा प्रविधिमैत्री बनाउनका लागी संस्थालाई चाहिने आधारभूत आवश्यकताका सामानहरु फर्निचर तथा पर्याप्त मेशिनरी औजारको व्यवस्थापन पनि त्यतिकै जरुरी छ।

### ७.२ समस्या र चूनौती

- स्थानीय तहमा जनप्रतिनिधीहरुको नेतृत्व रहनु,
- सबै लाभग्राही तथा सरोकारवालाहरुमा शिक्षाको पँहुच पुग्न नसकेकोले ऐन, निति नियम तथा कार्यप्रणालीका बारेमा जानकार गराउनु,
- सबै जनतामा सूचनाको हक सूनिश्चित गराउनु,

### ७.३ लक्ष्य तथा उद्देश्यहरु

- आवश्यकता अनुसारका नीतिगत व्यवस्था निर्माण तथा परिमार्जन गर्ने,
- संगठनहरुविच आपसी सम्बन्ध, समन्वय र सहकार्यका लागी वातावरण सिर्जना गर्ने।
- सेवा प्रदायक र सेवाग्राहीबिच सुमधुर सम्बन्ध स्थापित गर्ने,
- सेवाग्रीहीहरुलाई व्यक्तिगत घटनादर्ता तथा सामाजिक सुरक्षा भत्ताको पहुँचमा ल्याउने,
- मानव संशाधनलाई प्रोत्शाहन तथा अभिमुखिकरण गरी प्रतिभा पलायनको समस्यालाई अन्त्य गर्ने,
- दक्ष तथा कर्तव्यनिष्ठ कर्मचारी प्राप्त गरी संगठनको चौतर्फि विकासमा सहयोग पुर्याउनु।

### ७.४ रणनीति

- समय सापेक्ष कानुनहरुको तर्जुमा तथा कार्यान्वयन गर्ने,
- बेरुजु आउन नदिन नियम कानुनहरु कडाइका साथ पालना गराउने,
- जनतालाई सुशासनको प्रत्याभूति गराई सामाजिक एकता तथा पद्धति स्थापना गर्नु।

### ७.५ विषय क्षेत्रगत नतिजा सूचक

| सूचक | एकाई | गत आ.व. सम्मको वास्तविक उपलब्धि | चालू आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालिन लक्ष | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| जनप्रतिनिधिको क्षमता विकास | जना | | १० | १५ | २५ | ३४ |

| सूचक | एकाई | गत आ.व. सम्मको वास्तविक उपलब्धि | चालू आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालिन लक्ष | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| कर्मचारीको क्षमता विकास | जना | ० | १५ | २० | ३० | ५० |
| सेवाप्रवाह प्रतिको सन्तुष्टि | प्रतिशत | | | ७० | ८५ | १०० |
| गुनासो व्यवस्थापन | प्रतिशत | | | ७० | ८५ | १०० |
| बेरुजु | रु. | | २,२८,००० | १,००,००० | ५०,००० | ० |
| LISA को अंक | प्रतिशत | | ४९ | ५५ | ६० | ७० |

## ७.६ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

**निति कानुन तथा शुसासन**

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ९५०००० | ५००००० | ४५०००० | ० | ० | ९५०००० | ० | ० |
| २०८०/८१ | १०५०००० | ५५०००० | ५००००० | ० | ० | १०५०००० | ० | ० |
| २०८१/८२ | ११५०००० | ६००००० | ५५०००० | ० | ० | ११५०००० | ० | ० |

**संगठन तथा सेवा प्रवाह (सामान्य सेवा)**

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | १०००००० | ० | १०००००० | ० | ० | १०००००० | ० | ० |
| २०८०/८१ | १०००००० | ० | १०००००० | ० | ० | १०००००० | ० | ० |
| २०८१/८२ | १५००००० | ० | १५००००० | 0 | 0 | १५००००० | ० | ० |

**संगठन तथा सेवा प्रवाह कार्यालय व्यवस्थापन तथा प्रशासनिक खर्च**

| **आर्थिक वर्ष** | **बजेट अनुमान** | | | | **बजेटको स्रोत** | | | |
|---|---|---|---|---|---|---|---|---|
| | **कुल** | **चालु** | **पुँजीगत** | वित्तीय व्यवस्था | **आन्तरिक स्रोत** | **नेपाल सरकार** | **प्रदेश सरकार** | **ऋण तथा अन्य** |
| २०७९/८० | ६७४००००० | ६७४००००० | ० | ० | ७३५३६७२ | ५८९५०००० | १०९६३२८ | |
| २०८०/८१ | ६९०००००० | ६९०००००० | ० | ० | ५७६०१०० | ६२२३९९०० | १०००००० | |
| २०८१/८२ | ७०००००००० | ७०००००००० | ० | ० | ५२९७००० | ६३५०३००० | १२००००० | |

**व्यक्तिगत घटना दर्ता तथा सामाजिक सूरक्षा व्यवस्थापन**

| **आर्थिक वर्ष** | **बजेट अनुमान** | | | | **बजेटको स्रोत** | | | |
|---|---|---|---|---|---|---|---|---|
| | **कुल** | **चालु** | **पुँजीगत** | वित्तीय व्यवस्था | **आन्तरिक स्रोत** | **नेपाल सरकार** | **प्रदेश सरकार** | **ऋण तथा अन्य** |
| २०७९/८० | १४००००० | १४००००० | ० | ० | ० | १४००००० | ० | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २०८०/८१ | १६००००० | १६००००० | ० | ० | ० | १६००००० | ० | ० |
| २०८१/८२ | १८००००० | १८००००० | ० | 0 | 0 | १८००००० | ० | ० |

**अनुसन्धान तथा विकास**

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | १५००००० | १५००००० | ० | ० | ० | १५००००० | ० | ० |
| २०८०/८१ | २५००००० | २५००००० | ० | ० | ० | २५००००० | ० | ० |
| २०८१/८२ | २६८७५०० | २६८७५०० | ० | ० | ० | २६८७५०० | ० | ० |

**सूचना प्रविधि**

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | १०००००० | ५००००० | ५००००० | ० | ० | ५००००० | ० | ० |
| २०८०/८१ | २५००००० | ५००००० | २०००००० | ० | ० | २५०००००० | ० | ० |
| २०८१/८२ | २५००००० | ५००००० | २०००००० | ० | ० | २५०००००० | ० | ० |
| | | | | | | | | |

**अन्य वर्गीकरण नभएको**

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | २३२७५००० | १४८००००० | ८४७५००० | ० | ० | २३२७५००० | ० | ० |
| २०८०/८१ | ४०५७८००० | २२५७८००० | १८०००००० | ० | ० | ३८१७८००० | २४००००० | ० |
| २०८१/८२ | ५६७८३५०० | ३३७८३५०० | २३०००००० | ० | ० | ५६७८३५०० | ० | ० |

## ७.७ कार्यक्रम योजनाको संक्षिप्त विवरणको ढाँचा

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ |
| १ | निति कानुन तथा शुसासन | गाउँपालिकालाई आवश्यक पर्ने निर्देशिका, मापदण्ड, कार्यविधी निमार्ण गरि शुसासनमैत्री गाउँपालिका बनाउने | सालवसाली | ३१५० | गाउँपालिकामा हुन सम्पूर्ण कामकाजहरु निर्माण भएका मापदण्ड, कार्यविधि तथा निर्देशिका हरु बमोजिम सम्पादन भई सुशासन मैत्री गाउँपालिका बन्ने |
| २ | सामान्य सेवा | गाउँपालिकाको समग्र सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाई कार्य सम्पादनको | सालवसाली | ३५०० | कर्मचारीको कार्यसम्पादन क्षमतामा अभिबृद्धि हुने, कार्यालयको दैनिक प्रशासनिक कामकाजमा |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| | | प्रभावकारितामा समेत अभिवृद्धि गर्ने | | | सुधार भई विश्वसनीय सेवा प्रवाह हुने । |
| ३ | कार्यालय व्यवस्थापन तथा प्रशासनिक खर्च | समग्र कर्मचारीहरुको पारिश्रमिक सुनिश्चित गर्नु तथा समग्र कार्यालय ब्यवस्थापन गर्नु | सालवसाली | २०६४०० | कर्मचारीहरुलाई प्रोत्साहन गरी गुणस्तरिय सेवा प्राप्त हुने तथा कार्यालयमा आवश्यक सम्पूर्ण सामग्रीहरुको सहज पँहुच सुनिश्चित हुने । |
| ४ | स्थानिय तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन | गाउँपालिका क्षेत्र भित्रका विभिन्न वस्तुगत तथ्याङ्कहरु संकलन गरी अभिलेख व्यवस्थापन गर्ने | सालवसाली | ९६४ | गाउँपालिकाको यथार्थ चित्रणसहितको वस्तुगत विवरणको दस्तावेज तयार भई अभिलेख चुस्त दुरुस्त हुने |
| ५ | व्यक्तिगत घटनादर्ता तथा सामाजिक सुरक्षाभत्ता व्यवस्थापन | याङवरक गाउँपालिका हुनु पर्ने घटना दर्ता शतप्रतिशत दर्ता गराई पूर्ण घटनादर्ता गाउँपालिका घोषणा गर्ने तथा सामाजिक सुरक्षा भत्तालाई चुस्त दुरुस्त, पारदर्शी तथा पँहुचयोग्य बनाउने | सालवसाली | ४८०० | पूर्ण घटनादर्ता गाउँपालिका घोषणा हुने तथा सामाजिक सुरक्षाभत्ता पारदर्शी तथा सहज पँहुचयोग्य हुने |
| ६ | अनुसन्धान तथा विकास | गाउँपालिका क्षेत्र भित्रका विभिन्न सम्भावनाहरुको पहिचान गरी सो को विकास सुनिश्चित गर्ने | सालवसाली | ६६८८ | सम्भावना बोकेका स्थल तथा अन्य विविध कुराहरुको पहिचान तथा विकास गरी गाउँपालिकाको अस्तित्व कायम राख्ने |
| ७ | सूचना प्रविधि | गाउँपालिकाको सम्पूर्ण क्षेत्रहरुमा सूचनाको पहुँच पुर्याउने तथा कार्यसम्पादन प्रविधिमैत्री बनाउने | सालवसाली | १००० | विभिन्न सफ्टवयरको प्रयोग गरी सेवा प्रवाहलाई व्यवस्थित गर्ने तथा गाउँपालिकामा भएका गतिविधीहरुलाई जनमानससम्म पुर्याउने । |
| ८ | अन्यत्र वर्गीकृत नभएको | आवश्यकता बमोजिमका अन्य कार्यक्रमहरु | सालवसाली | १२०६३७ | |
| | **जम्मा** | | | **३४७१४३** | |

## ७.८ जोखिम पक्ष र अनुमान

गाउँपालिकाको मौजुदा दरबन्दीमा प्रदेश लोकसेवा आयोगबाट समयमा नै पदपुर्ति भएको हुने, कर्मचारीहरुलाई बिभिन्न किसिमको क्षमता विकासक अवसर प्राप्त भएको हुने, प्रोत्साहनमा आधारित कार्यसम्पादन मूल्यांकन प्रणाली लागू भएको हुने र कर्मचारीहरुको क्षमता विकास योजना तर्जुमा भई कार्यान्वयन भएको हुने अनुमान गरिएको छ ।

समयमा नै प्रदेश लोकसेवा आयोगबाट पदपुर्ति हुन नसकेमा, राजश्व बाँडफाँडबाट पर्याप्त बजेट प्राप्ति नभएमा, आन्तरिक नियन्त्रण प्रणाली लागू भई प्रशासनिक खर्चमा नियन्त्रण नभएमा उद्देश्य प्राप्तिम जोखिम रहन्छ ।

## अनुसुची-१
## मध्यमकालिन खर्च संरचना प्राविधिक समिति/कार्यदल

| | | |
|---|---|---|
| संयोजक | - प्रमुख प्रशासकीय अधिकृत | - श्री सुमन लिङदेन (लिम्बु) |
| सदस्य | - शिक्षा शाखा प्रमुख | - श्री सूर्य प्रसाद गौतम |
| सदस्य | - स्वास्थ्य शाखा प्रमुख | - श्री डिल्लीरमण पाण्डे |
| सदस्य | - आर्थिक प्रशासन प्रमुख | - श्री चन्द्र कुमार थापा |
| सदस्य | - कृषि शाखा प्रमुख | - श्री युवराज मावो |
| सदस्य | - पशुपन्छी शाखा प्रमुख | - श्री सुवर्ण लिम्बु |
| सदस्य | - प्राविधिक, वनवातावरण तथा विपद व्यवस्थापन शाखा प्रमुख | - श्री शरद दाहाल |
| सदस्य | - प्रशासन, जिन्सि शाखा प्रमुख | - श्री रमेश नेपाली |
| सदस्य | - सूचना प्रविधि,उद्योग, सहकारी शाखा प्रमुख | - श्री केन्द्र खनाल |
| सदस्य | - लै.स.स., न्याय,राजश्व, पञ्जीकरण शाखा प्रमुख | - श्री गणेश खतिवडा |
| सदस्य | - महिला तथा बालबालिका शाखा प्रमुख | - श्री कमला पाण्डे |
| सदस्य-सचिव | - योजना शाखा प्रमुख | - श्री दिपेन्द्र बुढाथोकी |

# अनुसुची-२

## मध्यमकालिन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन

**१. पृष्ठभूमी**

**१.१ विकास र योजना तर्जुमाको सन्दर्भ**

आवधिक योजनाले लिएका समष्टिगत तथा विषय क्षेत्रगत लक्ष्य र उद्देश्यहरू हासिल गर्न सार्वजनिक खर्च व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ। विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन जस्ता विषयहरू सार्वजनिक खर्च व्यवस्थापनका मुख्य अवयवहरू हुन्।

मध्ममकालीन खर्च संरचनाले आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच अन्तरसम्बन्ध कायम गरी सार्वजनिक खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउन सहयोग गर्दछ। यसले स्रोत व्यवस्थापन र अपेक्षित उपलब्धिको खाका समेत प्रस्तुत गर्दछ। नेपालमा आ.व. २०५९/०६० देखि अवलम्बन गरिएको मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य प्राथमिकताका आधारमा सार्वजनिक स्रोतको बाँडफाँट गरी खर्चको प्रभावकारिता बढाउनु हो। मध्यमकालीन खर्च संरचनाले स्थानीय तहमा विकास योजनाको लक्षित नतिजा हासिल गर्न स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले समेत स्थानीय तहले मध्यमकालीन खर्च संरचना तयार गरी कार्यान्वयन गर्न अनिवार्य रहेको हुँदा यो मध्यमकालिन खर्च संचना निर्माण गरि लागु गरिएको छ।

**१.२ स्थानीय तहको योजना तर्जुमा सम्बन्धि संवैधानिक र कानुनी व्यवस्था**

**क. संवैधानिक व्यवस्था**

नेपालको संविधानको धारा ५७: राज्यशक्तिको बाँडफाँट अन्तर्गत उपधार ४ मा स्थानीय तहको अधिकार अनुसूची ८ मा उल्लिखित विषयमा निहित रहनेछ र त्यस्तो अधिकारको प्रयोग यो संविधान र गाउँसभा वा नगर सभाले बनाएको कानून बमोजिम हुनेछ भन्ने व्यवस्था रहेको छ। त्यसै गरी उपधारा (५) मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार अनुसूची-९ मा उल्लिखित विषयमा निहित रहनेछ र त्यस्तो अधिकारको प्रयोग यो संविधान र संघीय कानुन, प्रदेश कानून र गाउँसभा वा नगरसभाले बनाएको कानून बमोजिम हुनेछ भन्ने व्यवस्था रहेको छ।

संविधानको धार ५९: आर्थिक अधिकारको प्रयोग अन्तर्गत उपधारा १ मा संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकारभित्रको आर्थिक अधिकार समबन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्नेछन् भन्ने ब्यबस्था रहेको छ। उपधारा ३ मा संघ, प्रदेश र स्थानीय तहले आ-आफ्नो बजेट बनाउने छन् र प्रदेश र स्थानीय तहले बजेट पेश गर्ने समय संघीय कानून बमोजिम हुनेछ भन्ने व्यवस्था रहेको छ।

संविधानको अनुसुची ८ र ९ ले निर्धारण गरेको अधिकार क्षेत्र सहित मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वमा समेटिएका विषयहरु स्थानीय तहको योजना तर्जुमाका आधारहरु हुन्। सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दीगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने संवैधानिक अपेक्षा बमोजिम समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने संविधानमा उल्लिखत राज्यको आर्थिक उद्देश्यले समेत स्थानीय तहको योजना तर्जुमालाई दिशानिर्देश गर्दछ।

## ख. कानूनी व्यवस्था

१. *स्थानीय सरकार संचालन ऐन, २०७४*

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्ने कानूनी व्यवस्था गरेको छ।

२. *अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४*

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १६ मा स्थानीय तहले प्रत्येक आर्थिक वर्षमा आफ्नो कार्यक्षेत्रभित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ। सोही ऐनको दफा १७ मा स्थानीय तहले दफा १६ बमोजिमको सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेको छ। त्यसै गरी सोही दफाको उपदफा २ मा उपदफा (१) बमोजिम तयार गरिने मध्यमकालिन खर्च संरचनामा देहायका विवरण खुलाउनु पर्ने व्यवस्था रहेको छ।

- प्रस्तावित योजनाको उद्देश्य
- प्रस्तावित योजनाका लागि सम्भाव्यता अध्ययन गर्न वा खर्च छुट्याउन आवश्यकताको पुष्ट्याइँ
- प्रस्तावित योजना कार्यान्वयन हुन सक्ने आर्थिक वर्ष र त्यसपछिका दुई आर्थिक वर्षमा प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धि
- प्रस्तावित योजना लागू गर्न आवश्यक पर्ने खर्चको विवरण
- खर्च व्यहोर्ने स्रोत र खर्च गरिएको रकमबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धिको प्रक्षेपण
- प्रस्तावित योजनाको मध्यम अवधिको खर्चको रणनीति र त्यसको वार्षिक खर्चसँगको तादात्म्यता
- सञ्चालित योजना भए गत आ व मा छुट्याएको खर्च अनुसार लक्ष्य हासिल भए नभएको यथार्थ विवरण

उपदफा ३ मा उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश तथा स्थानीय तहले यो ऐन प्रारम्भ भएको मितिले तीन वर्षसम्म सोही उपदफा बमोजिमको मध्यमकालीन खर्च संरचना आ-आप्नो प्राथमिकता र आवश्यकताका आधारमा तयार गर्ने सक्नेछन् भन्ने व्यवस्था रहेकोछ।

३. *आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६*

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ७ मा राष्ट्रिय स्रोत अनुमान समितिले संघ, प्रदेश र स्थानीय तहको कूल राष्ट्रिय स्रोत अनुमान गर्नुपर्ने व्यवस्था रहेको छ। स्थानीय तह समेतको स्रोत अनुमानका आधारमा मात्र कुल राष्ट्रिय स्रोत अनुमान गर्न सकिने भएको हुँदा सबै गाउँपालिका तथा नगरपालिकाले मध्यमकालीन खर्च संरचना तयार गर्नु आवश्यक रहेको छ। त्यसै गरी सोही ऐनको दफा मध्यमकालीन खर्च संरचनामा देहायका विवरण खुलाई प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था रहेको छ।

- **आगामी ३ वर्षको समष्टिगत वित्त खाका,बजेट तथा कार्यक्रमको खाका र नतिजा खाका**
- प्रस्तावित आयोजना वा कार्यक्रमको **क्रियाकलापगत विवरण**,
- क्रियाकलापको अनुमानित **प्रति इकाई लागत**,
- आयोजना/कार्यक्रम सञ्चालनमा लाग्ने **समय तथा** सोवाट प्राप्त हुन सक्ने **प्रतिफल**।

४. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७

आर्थि कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ११ मा मध्यमकालिन खर्च संरचनाको खाका तयार गर्दा आर्थिक अनुशासन, कार्यान्वयन क्षमता, विनियोजन कुशलता र समष्टिगत आर्थिक स्थायित्व कायम हुने गरी **वित्त खाका,बजेट खाका र नतिजा खाका** समावेश गर्नु पर्ने व्यवस्था रहेको छ।

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को मर्म अनुरुप यस गाउँपालिकामा मध्यमकालीन खर्च संरचना बनाई लागु गर्न आवश्यक रहेको छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, बार्षिक, रणनीतिक बिषयक्षेत्रगत मध्यमकालीन तथा दीर्घकालिन योजना बनाई लागू गर्नुपर्ने व्यवस्था रहेको छ। त्यसैगरी अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १६ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्नुपर्ने व्यवस्था गरेको र दफा १७ मा यस्तो विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संचरना तयार गर्नुपर्ने व्यवस्था रहेको छ।

## १.३ मार्गदर्शन तयारीका आधार तथा अवलम्बन गरिएको प्रक्रिया

याङवरक गाउँपालकाको त्रिवर्षीय सिलिङको मार्गदर्शन निर्धारणको आधार देहाय बमोजिम रहेको छ। याङवरक गाउँपालिकाको प्रथम पञ्चवर्षीय आवधिक योजनको समिक्षा २०७९/०२/२० गते सामुदायिक भवनमा सम्पन्न गरिएको छ। उक्त समिक्षा कार्यक्रममा नवनिर्वाचित पदाधिकारी ज्यूहरु, विषयगत शाखा प्रमुखहरु, वडासचिव ज्यूहरुको उपस्थिति रहेको थियो। प्रथम पञ्चवर्षीय आवधिक योजनाले लिएको लक्ष अनुसार हाल सम्मको उपलब्धिको समिक्षा, प्राप्त हुन नसकेको उपलब्धिको हकमा कारणको पहिचान र आगामी दिनमा गाउँपालिकाले लिनु पर्ने रणनीति, बजेट ब्यबस्थापनको सन्दर्भमा उक्त कार्यक्रममा ब्यापक रुपमा गरिएको घनिभूत छलफलबाट आएको प्रतिवेदन नै त्रिवर्षीय सिलिङ निर्धारणको प्रमुख आधार हो। त्यसै गरी नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, नेपाल सरकारको पन्ध्रौं आवधिक योजना, प्रदेश सरकारको प्रथम पञ्चवर्षीय आवधिक योजना, दीगो विकास लक्ष, यस गाउँपालिकाले हाल सम्म लिएको नीति, कार्यक्रम, निर्वाचित पदाधिकारी ज्यूहरुको घोषणापत्र आदीलाई प्रमुख आधारको रुपमा लिइएको छ।

त्यसै गरी त्रिवर्षीय सिलिङको मार्गदर्शन तयारीको लागि देहायका बमोजिमको प्रक्रियाहरु अवलम्बन गरी यो मार्गदर्शन तयारी गरीएको छ।

१. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ को परिच्छेद ३ मा रहेको व्यवस्था बमोजिम स्थानीय तहका निर्वाचित पदाधिकारी ज्यूहरु, सम्पुर्ण विषयगत शाखा प्रमुख, वडा सचिव ज्यूहरुलाई २०७९/०२/२१-२२ गते सामुदायि भवनमा अभिमुखिकरण कार्य गरिएको छ।

२. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ को परिच्छेद ३ मा भएको ब्यबस्था तथा स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएको ब्यबस्था बमोजिम स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समितिको सदस्यहरु तोकी आवश्यक संरचनागत व्यवस्था गरिएको छ।

३. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ को परिच्छेद ३ को बुदा नं. ३.३.२ (ख) बमोजिमको मध्यमकालीन खर्च संरचना सम्बन्धि कार्यदल निर्माण गरिएको छ।

४. उक्त कार्यदलले विभिन्न क्षेत्र र बिषय विज्ञहरु सँग आवश्यक परामर्श गरी आवश्यक्ता अनुसारको बैठक बसी राजश्व परामर्श समितिबाट प्राप्त राजश्वको अनुमान, स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिबाट प्राप्त सीमा, प्रथम पञ्चवर्षीय आवधिक योजनाको समिक्षा कार्यक्रमबाट प्राप्त प्रतिवेदन, हाल सम्मको नीति कार्यक्रम लगायतका पक्षहरुलाई अध्ययन गरी यो मार्गदर्शन तयार गरिएको छ।

## १.४ बजेट तथा योजना तर्जुमाका आधार

१) नेपालको संविधानमा व्यवस्था भए अनुसार स्थानीय तहका अधिकारका सूचीकृत विषयहरु
२) स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन, २०७८
३) स्थानीय सरकार सञ्चालन ऐन, २०७४
४) पन्ध्रौ पञ्चबर्षीय योजना
५) नेपाल सरकार र प्रदेश सरकारको बजेट बक्तव्य
६) दिगो विकासका लक्ष्यहरु
७) याङवरक गाउँपालिका प्रथम पंचबर्षे आवधिक योजना
८) राजश्व परामर्श समिति, स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समिति, विषयगत समितिहरु, वजेट तथा कार्यक्रम तर्जुमा समिति लगायतका समितिबाट प्राप्त राय सुझावहरु।
९) वडा वस्ती स्तरमा भएका छलफलका सुझाबहरु एवम संकलन भएका योजना तथा कार्यक्रमहरु
१०) विषयगत समितिबाट प्राप्त राय सुझाब।

# २. कार्यक्रम तथा उपलब्धिको संक्षिप्त समिक्षा

## २.१ गत आ.व.को प्रमुख उपलब्धि, समस्या, चुनौती तथा सिकाइ

### १. प्रमुख उपलब्धीहरु

- यस गाउँपालिकाले आ.व. २०७७/०७८ मा विश्वव्यापि फैलिएको कोरना महामारीको वावजुत पनि ७५ प्रतिशत भन्दा बढी योजना तथा कार्यक्रमहरु सम्पन्न गरेको छ।
- गाउँपालिकामा कोभिड १९ नियन्त्रण गर्न सफल भएको छ। कोभिड १९ बिरुद्धको पुर्ण खोप सुनिश्चित गाउँपालिका घोषणा गर्ने अभियनामा रहेको।
- कोभिड १९ को वावजुतपनि पठनपाठन प्रवावित हुन नदिनको लागि बैकल्पीक विधिबाट र सामाजिक दुरी तथा सुरक्षाका मापदण्ड अपनाई पठनपाठन नियमित गरिएको।
- यस गाउँपालिका भित्र बाख्राको २ वटा पकेट र २ वटा बाख्रा प्रवर्द्धन साथै कृषिमा २ वटा पकेट कार्यक्रम संचालन गरिएको।
- नश्ल सुधारको लागि कृत्रिम गर्भाधानको कार्यक्रम संचालन गरिएको।
- सबै वडामा प्रविधिक जनशक्ति सहितको पशुपन्छी सेवा विस्तार गरिएको।
- वडा नं. ५ को हिटिधारमा आधारभूत स्वास्थ्य केन्द्र स्थापना गरीएको।

- गाउँपालिकाले कोभिड १९ को बावजुत पनि प्रक्षेपण गरेको भन्दा ४३.९२ प्रतिशतले बढी राजश्व संकलन गर्न सफल भएको ।
- पुराना व्यक्तिगत घटना दर्ता कितावहरुलाई डिजिटाइजेशन गर्न सफल भएको ।
- दर्ता शिविर मार्फत घटना दर्ता गर्न छुटेकाहरुको घटना दर्ता गराइएको ।
- सामाजिक सुरक्षा भत्तालाई सत प्रतिशत बैंकिङ प्रणालीबाट वितरण सुरु गरिएको ।
- थर्पु बजारमा बृहत खानेपानी उपलब्ध गराइएको ।

**२. समस्याहरु**

- विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ महामारीको कारण समयमा योजनाहरु सम्पन्न हुन नसकेको ।
- कोभिड १९ को कारण विद्यार्थीहरुको भौतिक उपस्थितिमा विद्यालय संचान हुन नसकेको ।
- संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँड वापतको रकम समयमा प्राप्त हुन नसकेको ।
- गाउँ कार्यपालिकाको कार्लायल र अन्तरगतका कार्यालयमा कार्यरत कर्मचारीहरुमा पनि कोभिड संक्रमण भई कार्यसम्पादनमा समस्या भएको ।

**३. चुनौतीहरु**

- गाउँपालिका आफैले कोभिड १९ विरुद्धको लागि स्रोत साधन व्यवस्थापन गर्न सक्नु
- प्रकृतिक विपदसँग जुध्न सक्ने गरी सर्वसाधरण जनताको क्षमताको बिकास हुनु
